सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२० पुस २०८०, शुक्रबार (5 Jan 2024, Friday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २५६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ राष्ट्रिय सभामा ६ सिट पाए
टिआरसीमा सघाउने एमालेको प्रस्ताव

सहयोग सुनिश्चित भए मात्रै सहकार्य गर्ने गठबन्धनको निष्कर्ष

सहकार्य गर्न दुवै पक्षका स्वार्थ छन्



● **प्रा.डा. लोकराज बराल**, राजनीतिक विश्लेषक

एमालेको स्वार्थ हेर्दा गठबन्धनसँग सहकार्य नगरेको अवस्थामा राष्ट्रिय सभामा एउटै सिट जित्न नसकिने अवस्था देखिन्छ। ओलीजीले निर्वाचन परिणाममा एमालेको उपस्थिति शून्य बनाउनुभन्दा केही सिट पाउने गरी सहकार्य गर्न चाहेका छन्। प्रधानमन्त्रीको विषयमा सबैभन्दा ठूलो प्राथमिकता संक्रमणकालीन न्यायलाई टुंगोमा पुऱ्याउने देखिन्छ। उनले राष्ट्रिय सभाको सन्दर्भ पारेर भरसक सबैको सहमति लिएर शान्ति प्रक्रियाका बाँकी काम सकाउने अवसरको रूपमा उपयोग गर्न चाहेको देखिन्छ। यसमा कांग्रेसले पनि असहमत हुनुपर्ने ठाउँ देखेको छैन। गठबन्धनमा योभन्दा अर्को स्वार्थ अहिलेलाई देखिँदैन। यो सहकार्य सफल भयो भने नेपाली राजनीतिमा प्रतिपक्षलाई पनि साथमा लिएर गएको उदाहरण बन्नेछ।

केशवप्रसाद पाण्डे / नयाँ पत्रिका

सत्तागठबन्धनसँग सहकार्यको प्रस्ताव गरेको एमालेले राष्ट्रिय सभामा ६ सिट मागेको छ। मिलेर जाने वातावरण बने संसद्बाट संक्रमणकालीन न्याय (टिआरसी)सम्बन्धी विधेयक पारित गर्न सघाउने उसको प्रस्ताव छ। तर, एमालेको भूमिकामाथि आशंका गर्दै सत्तागठबन्धनले सहयोगको सुनिश्चितता खोजेको छ।

बिहीबार बसेको गठबन्धनका प्रमुख चार दलको बैठकमा प्रधानमन्त्री तथा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले एमाले अध्यक्ष केपी ओलीले चुनावी सहकार्यबारे गरेको प्रस्ताव 'ब्रिफिङ' गरेका थिए। 'केपी ओलीजीले राष्ट्रिय सभाका ६ सिट एमालेलाई दिन आग्रह गर्नुभएको छ। यसबापत एमालेले टिआरसी सर्वसम्मत रूपले पारित गर्न सहयोग गर्छ भन्नुभएको छ। मैले गठबन्धनमा छलफल गरेर टुंगोमा पुर्‍याँला भनेर ओलीजीलाई भनेको छु,' बैठकमा सहभागी एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेले प्रधानमन्त्री प्रचण्डको भनाइ उद्धृत गर्दै भने। त्यसमा छलफल गर्दै नेताहरूले टिआरसीमा सहयोग सुनिश्चित हुने आधार भए मात्रै सहकार्य गर्न सकिने बताएका छन्।

सत्तागठबन्धनको बुधबार बसेको बैठकमा प्रधानमन्त्री प्रचण्डले निर्वाचनमा एमालेले पनि मिलेर जान खाजेको बताएपछि सहकार्यको ठोस प्रस्ताव माग्ने सहमति भएको थियो। त्यसलगत्तै साँझ बालुवाटार पुगेका एमाले अध्यक्ष केपी ओलीले सुरुमा प्रधानमन्त्री प्रचण्डसँग छुट्टै र त्यसपछि कांग्रेस सभापति शेरबहादुर देउवासहित संयुक्त छलफल गरेका थिए। त्यसक्रममा उनले चुनावी सहकार्यको आफ्नो खाका सुनाएका थिए। ओलीको प्रस्तावबारे बिहीबार गठबन्धनको बैठकमा प्रधानमन्त्रीले ब्रिफिङ गरेका हुन्।

स्रोतका अनुसार एमालेले सहयोगको सुनिश्चितता गरे चुनावमा मिलेर जाने विषयमा गठबन्धनका सबै शीर्ष नेता लगभग सहमत छन्। तर, यसअघि पनि टिआरसीमा सघाउने प्रतिबद्धता गरेरै तीनवटा संसदीय समितिको सभापति लिएर एमालेले कार्यान्वयन नगरेको भन्दै नेताहरूले आशंका व्यक्त गरेका छन्। खास गरेर एकीकृत समाजवादीले फेरि पनि एमालेले धोखा दिन सक्ने भन्दै प्रश्न

» पृष्ठ २ मा क्रमशः

बैठकमा कसले के भने ?



● **पुष्पकमल दाहाल प्रचण्ड**, प्रधानमन्त्री तथा अध्यक्ष, माओवादी केपी ओलीजीले राष्ट्रिय सभाका ६ सिट एमालेलाई दिन आग्रह गर्नुभएको छ। यसबापत एमालेले टिआरसी सर्वसम्मत रूपले पारित गर्न सहयोग गर्छ भन्नुभएको छ। मैले गठबन्धनमा छलफल गरेर टुंगोमा पुर्‍याँला भनेर ओलीजीलाई भनेको छु।



● **शेरबहादुर देउवा** सभापति, कांग्रेस एमालेले समर्थन गर्ने सुनिश्चितता गर्छ भने कांग्रेस सहकार्यका लागि तयार छ। राष्ट्रिय आवश्यकतालाई हेरेर टिआरसीसम्बन्धी विधेयक पारित गर्न हामी सबै एक ठाउँमा आउन आवश्यक छ। गठबन्धन त्यसका लागि तयार हुनुपर्छ।



● **माधव नेपाल** अध्यक्ष, नेकपा समाजवादी एमालेलाई सिट दिएर जाने प्रस्ताव सैद्धान्तिक र रणनीतिक रूपमा औचित्यहीन छ। हिजो पनि संसदीय समिति दिए सहयोग गर्छौं भनेको हो। भोलि राष्ट्रिय सभा अध्यक्ष पनि हामीलाई चाहिन्छ भन्ला। एमाले नेताहरू शान्ति प्रक्रियाको मर्मविपरीत बोलिरहनुभएको अवस्थामा हामीले विश्वास गर्ने आधार छैन। कति दिने मात्रैका लागि सहकार्य गर्ने ?



● **उपेन्द्र यादव** अध्यक्ष, जसपा समावेशी बन्नुपर्ने राष्ट्रिय सभामा राजनीतिक भागबन्डामा अल्झनु उपयुक्त होइन। तर, १७ वर्षदेखि रोकिएको टिआरसीलाई टुंगोमा पुऱ्याउन एमालेको सहयोगको सुनिश्चितता गर्न सकिन्छ भने हामी त्यसमा तयार छौं।

NIMB
नेपाल उन्मोच्दमेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल-भारतबीच दीर्घकालीन महत्त्वको विद्युत् व्यापार सम्झौता

भारतले १० वर्षमा कम्तीमा १० हजार मेगावाट बिजुली किन्ने

■ भारतसँगको सम्झौताले नेपाली बिजुलीको बजार सुनिश्चित गर्ने मात्रै नभएर लगानीको विश्वासिलो आधारसमेत तयार गरेको छ

■ **सम्झौतापछि प्रधानमन्त्री प्रचण्डले भने–** आजको दिन विद्युत् व्यापारका लागि कोसेढुंगा हो, भारतमा मात्रै होइन बंगलादेशसँगसमेत विद्युत् व्यापारको ढोका खुल्यो

मिलन विश्वकर्मा / नयाँ पत्रिका

भारतले आगामी १० वर्षमा नेपालबाट न्यूनतम १० हजार मेगावाट विद्युत् खरिद गर्ने गरी दुई देशबीच मध्यकालीन तथा दीर्घकालीन विद्युत् व्यापार सम्झौता भएको छ। विद्युत् व्यापारका हिसाबले यो ऐतिहासिक उपलब्धि हो। सम्झौताले नेपाली बिजुलीको बजार सुनिश्चित गर्ने मात्रै नभएर लगानी भित्र्याउन विश्वासिलो आधार तयार गरेको छ।

भारतीय विदेशमन्त्री डा. एस जयशंकरको नेपाल भ्रमणका अवसरमा बिहीबार ऊर्जासचिव गोपाल सिग्देल र भारतीय समकक्षी पंकज अग्रवालले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्।

गत जेठमा भएको प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमणका वेला मध्यकालीन र दीर्घकालीन विद्युत् व्यापार गर्ने गरी द्विपक्षीय समझदारीपत्र (एमओयू)मा हस्ताक्षर भएको थियो। उक्त समझदारीको सात महिनापछि अन्तिम सम्झौतापत्रमा हस्ताक्षर भएको हो। अहिलेसम्म नेपाल-भारतबीच अल्पकालीन विद्युत् व्यापार मात्रै भएको छ।

प्रधानमन्त्री प्रचण्डले सम्झौता विद्युत् व्यापारका दृष्टिले कोसेढुंगा हुने बताएका छन्। 'मेरो भारत भ्रमणका क्रममा नै नेपालले १० वर्षमा १० हजार मेगावाट विद्युत् भारतलाई बिक्री गर्ने समझदारी भएको थियो। भारतका विदेशमन्त्रीको

» पृष्ठ २ मा क्रमशः



काठमाडौंमा बिहीबार बसेको नेपाल-भारत संयुक्त आयोगको सातौं बैठक। तस्बिर सौजन्य : परराष्ट्र मन्त्रालय

१० हजार मेगावाट न्यूनतम सीमा हो, त्योभन्दा धेरै निर्यात गर्न सक्छौं



● **कुलमान घिसिङ** कार्यकारी निर्देशक, नेपाल विद्युत् प्राधिकरण

विद्युत् व्यापारमा यो सम्झौताले ऐतिहासिक महत्त्व राख्छ। हामीसँग दीर्घकालीन बजार सुनिश्चित थिएन। यो सम्झौताले दीर्घकालीन रूपमै बजार सुनिश्चित गर्नुका साथै लगानीको आधारसमेत तयार गरेको छ। १० हजार मेगावाट न्यूनतम सीमा मात्रै हो, बिजुली भएको अवस्थामा अब जति पनि निर्यात गर्न सक्छौं। अबको १० वर्षमा हाम्रो प्रणालीमा न्यूनतम २० हजार मेगावाट विद्युत् थपिन्छ, त्योअनुसार हामीलाई निर्यात गर्न पर्याप्त बिजुली पुग्छ।

अब नीतिगत सुधार आवश्यक छ



● **गणेश कार्की**, अध्यक्ष, स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल

सरकारबाट ऊर्जा क्षेत्रका लागि गरिएको यो सम्झौता ऐतिहासिक उपलब्धि हो। तर, यसलाई कार्यान्वयन गर्न वनसम्बन्धी प्रावधान, कानुनी प्रक्रिया, लगानीलगायतका विषयमा थुप्रै नीतिगत सुधार गर्नुपर्छ। त्यो नीतिगत सुधार गरेर लक्ष्य प्राप्तिका लागि चाँडोभन्दा चाँडो निकास दिनुपर्छ। सँगै निजी क्षेत्र र नागरिकलाई ऊर्जामा लगानी गर्न प्रोत्साहित गर्दै सुरक्षाको प्रत्याभूति गराउनुपर्छ।

हस्ताक्षर भएका थप तीन सम्झौता

● **नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान (नास्ट) र न्यु स्पेस इन्डिया लिमिटेड (एनएसआइएल)बीच मुनाल भू-उपग्रहसम्बन्धी सम्झौता**

● **नवीकरणीय ऊर्जा विकासका लागि विद्युत् प्राधिकरण र भारतको एनटिपिसीबीच सम्झौता**

● **उच्च प्रभाव सामुदायिक विकास परियोजना कार्यान्वयनका लागि भारतीय अनुदान सहायतासम्बन्धी सम्झौता**

अन्तरदेशीय प्रसारणलाइन उद्घाटन

● **रुक्सौल-परवानीपुर लाइनको सेकेन्ड सर्किट**

● **कटैया-कुसाहा लाइनको सेकेन्ड सर्किट**

● **नौतनहवा-मैनहिया नयाँ लाइन**

■ संयुक्त आयोगको बैठकमा कृषि, जलस्रोत, रक्षादेखि सीमासम्मका विषयमा छलफल

■ **नेपालकै छनोटमा २० करोडसम्मको आयोजनामा भारतले अनुदान दिने**

■ **भूकम्प प्रभावित जाजरकोट र रुकुम पश्चिममा पुनर्निर्माणका लागि १० अर्ब अनुदानको घोषणा**

पर्शुराम काफ्ले / नयाँ पत्रिका

नेपाल-भारत संयुक्त आयोगको सातौं बैठकमा दुई देशबीच आर्थिक सम्बन्ध, कनेक्टिभिटी, व्यापार तथा पारवहन, ऊर्जा तथा जलस्रोत, शिक्षा र संस्कृति, सुरक्षा सहकार्य, हवाई उड्डयन र राजनीतिक विषयका क्षेत्रसम्बन्धी एजेन्डामा छलफल भएको छ। बैठकमा नेपालका तर्फबाट प्रतिनिधिमण्डलको नेतृत्व परराष्ट्रमन्त्री एनपी साउद र भारतीय प्रतिनिधिमण्डलको नेतृत्व विदेशमन्त्री डा. एस जयशंकरले गरेका छन्।

बैठकमा सीमा विवाद तथा १९५० को सन्धिलगायतका विषयमा पनि छलफल भएको छ। परराष्ट्र मन्त्रालयले बिहीबार राति जारी गरेको विज्ञप्ति अनुसार संयुक्त आयोगको बैठकमा १९५० को शान्ति तथा मैत्री सन्धि, सुरक्षा तथा सीमासम्बन्धी विषयहरूमा पनि धारणा आदान-प्रदान भएको छ। 'दुवै पक्षले द्विपक्षीय सम्बन्धको सबै पक्ष पुनरावलोकन गरेको छ। कनेक्टिभिटी, पूर्वाधार विकास, आर्थिक साझेदारी, व्यापार, पारवहन, लगानी, ऊर्जा, जलस्रोत, संस्कृति, पर्यटन, खेलकुद, स्वास्थ्य, शिक्षालगायतका विषयमा छलफल भएको छ,' परराष्ट्रले भनेको छ।

● **भारतीय विदेशमन्त्री जयशंकर भन्छन्- नेपालसँग विशिष्ट मित्रता छ, सम्बन्ध झन् सुदृढ हुँदै गएको छ**

बैठकपछि भारतीय पक्षले सुरक्षा सहकार्यका विषयमा पनि छलफल भएको उल्लेख गरेको छ। परराष्ट्रमन्त्री साउदले बैठकमा नेपाल-भारत सम्बन्धका सबै पक्षमा छलफल भएको जानकारी दिए। भारतीय विदेशमन्त्री जयशंकरले पनि

» पृष्ठ २ मा क्रमशः

संसद् अधिवेशन अब क्यालेन्डरमा

बैठक र कार्यसूची महिना दिन पहिले नै तय



संसदीय गतिविधि नियमित र सांसदलाई जवाफदेही बनाउने अपेक्षा, हिउँदे अधिवेशनको बिजनेसका लागि सरकारको पूर्वतयारी

विस्तृत | पृष्ठ 3

कर्नर किक

● रवि मिश्र



MUST VISIT
INTERNATIONAL TRADE FAIR FOR FURNITURE, FURNISHING,WOODWORKING MACHINERY, FURNITURE PRODUCTION TECHNOLOGIES, TOOLS, FITTINGS,ACCESSORIES, MATTRESS, UPHOLSTERY, RAW MATERIALS AND PRODUCTS
9th NEPAL WOOD INTERNATIONAL EXPO
पौष २०-२२ २०८०
भृकुटीमण्डप, काठमाण्डौं
NEPAL INTERNATIONAL FURNITURE & HOME DECOR EXPO 2024
2nd Edition NEPAL MUF EXPO Mattress + Upholstery + Furnishing
१० बजे देखि साँझ ५ बजे सम्म
निःशुल्क प्रवेश
SHOW HIGHLIGHTS
● 100+ EXHIBITORS ● BUSINESS OPPORTUNITIES
● 1000+ PRODUCTS ● LIVE DEMONSTRATION
आज देखी सुरु
SUPPORTED BY
LANYARD PARTNER
Furniture Hub
ORGANIZED BY
mediaspace Futurex

अनियमितता भेटिएपछि रोकियो एमडिएमएस कार्यान्वयन

कार्यक्रम स्थगित गर्न दूरसञ्चार प्राधिकरणलाई मन्त्रालयको पत्राचार, भुक्तानीको दबाब थेग्न नसकेर प्राधिकरणका लेखा प्रमुखले दिए राजीनामा

खरिद र भुक्तानी प्रक्रिया रोक्छौं



पुरुषोत्तम खनाल, **अध्यक्ष नेपाल दूरसञ्चार प्राधिकरण**

मन्त्रालयबाट पत्र आएको छ। त्यसको जवाफ पठाउँदै छौं। मन्त्रालयको पत्रले सबै रोकिने होइन। खरिद र भुक्तानीसम्बन्धी प्रक्रिया रोक्छौं। तर, ठेक्काको पाटो रोकिन्न। कानुनबमोजिमको अरू काम त गर्न सकिने भन्ने नै छ।

सुवास भट्ट / नयाँ पत्रिका

मोबाइल उपकरण सुरक्षित गर्न, अवैध मोबाइल आयात नियन्त्रण गर्न र अपराध न्यूनीकरणका लागि नेपाल दूरसञ्चार प्राधिकरणले अघि बढाएको मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) कार्यान्वयन रोकिएको छ। खरिद प्रक्रियामा अनियमितता भेटिएपछि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको निर्देशनमा प्राधिकरणले कार्यक्रम कार्यान्वयन रोकेको हो।



गत मंगलबार मन्त्रीस्तरीय निर्णयबाट मन्त्रालयले कार्यक्रम कार्यान्वयन रोक्न प्राधिकरणलाई पत्राचार गरेको थियो। त्यसको अघिल्लो दिन सोमबार एमडिएमएस खरिद प्रक्रियामा भएका त्रुटि र अनियमितताबारे नयाँ पत्रिकाले समाचार प्रकाशित गरेको थियो।

करिब ७८ करोड रुपैयाँ लागतमा अघि बढाइएको एमडिएमएस खरिदमा अनियमितता भएको मन्त्रालयद्वारा गठित छानबिन समितिको निष्कर्ष छ। मन्त्रालयका सहसचिव गौरव गिरी नेतृत्वको चारसदस्यीय छानबिन समितिले एमडिएमएस खरिद प्रक्रियाको प्रस्थान विन्दुबाटै अनियमितता सुरु भएको भेटिएको निष्कर्ष निकालेको छ।

छानबिन प्रतिवेदनले दिएका सुझाव कार्यान्वयनपछि सहमति लिएर मात्र थप काम-कारबाही अगाडि बढाउन मन्त्रालयले निर्देशन दिएको छ। 'उक्त कार्यक्रमका लागि यसअघि ११ भदौ ०८० को माननीय मन्त्रीस्तरीय निर्णयानुसार दिइएको वार्षिक कार्यक्रम सहमति हाललाई स्थगन गर्न तथा छानबिन प्रतिवेदनले दिएका सुझावहरू कार्यान्वयनपश्चात् मन्त्रालयको सहमति लिएर मात्र थप काम-कारबाही अगाडि बढाउनुहुन १७ पुस ०८० को माननीय मन्त्रीस्तरीय निर्णयानुसार अनुरोध छ,' मन्त्रालयको पत्रमा भनिएको छ। मन्त्रालयले एमडिएमएस स्थापना गर्ने कार्यक्रम सम्बन्धमा कानुनबमोजिमबाहेक कुनै भुक्तानी नगर्न/नगराउनसमेत भनेको छ।

» पृष्ठ २ मा क्रमशः

सहयोग...

पृष्ठ १ बाट क्रमशः

उठाएको छ। बैठकमा काग्रेस सभापति शेरबहादुर देउवाले एमालेले टिआरसीमा सहयोग सुनिश्चित गरे राष्ट्रिय हितलाई ध्यानमा राखेर गठबन्धन सहकार्यका लागि तयार हुनुपर्ने बताएका थिए। 'एमालेले समर्थन गर्ने सुनिश्चितता गर्छ भने काग्रेस सहकार्यका लागि तयार छ। राष्ट्रिय आवश्यकतालाई हेरेर टिआरसीसम्बन्धी विधेयक पारित गर्न हामी सबै एक ठाउँमा आउन आवश्यक छ। गठबन्धन त्यसका लागि तयार हुनुपर्छ,' स्रोतका अनुसार बैठकमा देउवाको भनाइ थियो।

जसपा अध्यक्ष उपेन्द्र यादवको पनि त्यसमा सहमति थियो। 'समावेशी बन्नुपर्ने राष्ट्रिय सभामा राजनीतिक भागबन्डामा अल्झनु उपयुक्त होइन। तर, १७ वर्षदेखि रोकिएको टिआरसीलाई टुंगोमा पुऱ्याउन एमालेको सहयोगको सुनिश्चितता गर्न सकिन्छ भने हामी त्यसमा तयार छौं,' बैठकमा अध्यक्ष यादवको भनाइ थियो। बैठकमा सहभागी एक नेताका अनुसार एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले भने एमालेलाई समेटेर लैजाने प्रस्ताव गठबन्धनको मर्मविपरीत हुने र औचित्यता नरहेको भन्दै आपत्ति जनाएका थिए। 'एमालेलाई सिट दिएर जाने प्रस्ताव सैद्धान्तिक र रणनीतिक रूपमा औचित्यहीन छ। हिजो पनि संसदीय समिति दिए सहयोग गर्छौं भनेको हो। भोलि राष्ट्रिय सभा अध्यक्ष पनि हामीलाई चाहिन्छ भन्ला। एमाले नेताहरू शान्ति प्रक्रियाको मर्मविपरीत बोलिरहनुभएको अवस्थामा हामीले विश्वास गर्ने आधार छैन। कति दिने मात्रैका लागि सहकार्य गर्ने ?' अध्यक्ष नेपालको भनाइ थियो।

काग्रेसका मुख्य सचेतक रमेश लेखकले दलहरू आन्तरिक र अन्तरपार्टी छलफलमा रहेको बताए। गठबन्धन दलबीच राष्ट्रिय सभा निर्वाचनबारे र एमालेसँग समग्र विषयमा छलफल भइरहेको उनको भनाइ छ। 'पार्टीहरूमा आन्तरिक रूपमा र पार्टी-पार्टीबीच पनि छलफल भइरहेको छ।

मोटरसाइकल हरायो

मिति २०८०/९/१७ गते अ. १७:३० देखि १८:०० बजेको समयमा का.जि. टोखा न.पा.-८, जाल्पाचोक सिजनशिल टोल स्थित पार्किङबाट मेरो निम्न व्यहोरा भएको कालो रातो रंगको **220 CC** पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : केशव सिलवाल
मो.सा.न.:बा प्र. ०२०-०४३ प ४३३१
चेसिस न. : MD2A13FX5MCJ99375
इन्जिन न. : DKXCMJ33523
सम्पर्क न. : 9803266634

अनियमितता...

पृष्ठ १ बाट क्रमशः

दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले मन्त्रालयको पत्र प्राप्त भएको र त्यसको जवाफ पठाउन लागेको बताए। उनले मन्त्रालयको पत्रअनुसार खरिद र भुक्तानीसम्बन्धी लगायतका प्रक्रिया रोकिने बताए। कानुनबमोजिमका अरू काम भने जारी रहने उनको भनाइ छ। 'मन्त्रालयलाई जवाफ पठाउँदै छौं,' खनालले भने, 'मन्त्रालयको पत्रले सबै काम रोकिने होइन। प्राधिकरणले खरिद, भुक्तानीलगायतका प्रक्रिया रोक्छ। तर, ठेक्काको पाटो रोकिन्नँ। कानुनबमोजिमको अरू काम त गर्न सकिने भन्ने नै छ।'

मन्त्रालयद्वारा गठित छानबिन समितिले प्रतिवेदनका सुझाव कार्यान्वयन नहुँदासम्म चालू आवका लागि एमडिएमएस स्थापना तथा सञ्चालनार्थ मन्त्रालयले प्राधिकरणलाई दिएको बजेट तथा कार्यक्रमको सहमति तत्काल स्थगन गर्न भनेको थियो। यही आधारमा मन्त्रालयले निर्देशन दिएको हो। ६ महिना (१७ मंसिर ०७६) भित्र सम्पन्न गर्ने सम्झौतामा उल्लेख भए पनि साढे चार वर्षसम्म पनि ठेक्का सम्पन्न हुन सकेको छैन। यसबीच तीनपटक म्याद थप भइसकेको छ। तर, हालसम्म सिंहदरबारस्थित गभर्मेन्ट इन्टिग्रेटेड डाटा सेन्टर (जिआइडिसी)मा आठ उपकरण मात्रै जडान भएका छन्। पाँच उपकरण जडान हुन बाँकी छन् भने १५ उपकरण प्राप्त नै हुन सकेका छैनन्। यी उपकरण ठेकेदार कम्पनीले ल्याउनै बाँकी छ। एमडिएमएस खरिद प्रक्रियामा हालसम्म २० करोड ७८ लाख ९७ हजार ९३१ रुपैयाँ अर्थात् कुल सम्झौता रकमको २५ प्रतिशत मात्र भुक्तानी भएको छ। एमडिएमएस खरिदमा अनियमितता भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि छानबिन गरिरहेको छ।

प्राधिकरणका लेखाप्रमुखले दिए राजीनामा

सरकारी समितिले अनियमितता औंल्याएको एमडिएमएस ठेक्कामा भुक्तानीको दबाब थेग्न नसकेर प्राधिकरणका लेखाप्रमुखले राजनीनामा दिएका छन्। लेखाप्रमुख सुरेश बस्नेतले २६ असोजमै प्राधिकरणमा राजीनामा बुझाएका हुन्। तर, उनको राजीनामा भने अहिलेसम्म स्वीकृत भएको छैन। ठेकेदार कम्पनीलाई भुक्तानीका लागि दबाब आएपछि कानुनबमोजिम भुक्तानी दिन नमिल्ने भन्दै आर्थिक प्रशासन शाखाका उपनिर्देशक रहेका बस्नेतले बुँदागत रूपमा समस्या उल्लेख गरेरै राजीनामा दिएका हुन्। एमडिएमएसको ठेक्का पाएको न्युमेरा (मलेसिया), ओएसआई कन्सल्टिङ प्रालि (भारत), नमस्ते ग्लोबल कम्युनिकेसन प्रालि (सिंगापुर) जेभीले अन्तर्राष्ट्रिय बजारबाट आयात गर्नुपर्ने (सिपिङ लिस्ट) प्रमाणित भएका ६ लाख पाँच हजार ७७९ अमेरिकी डलरबराबरका उपकरणको ४५ प्रतिशतले हुन आउने दुई लाख ७२ हजार ६९९ डलरको रकम भुक्तानी मागेको थियो। त्यसको भुक्तानी प्रक्रियाका लागि प्राधिकरणको पूर्वाधार विकास शाखाले आर्थिक प्रशासन शाखामा पठाएको थियो।

भारतले १०...

पृष्ठ १ बाट क्रमशः

नेपाल भ्रमणका क्रममा अब नेपालले विद्युत् निर्यात गर्ने ठोस सम्झौता भएको छ। यो आफैंमा ऐतिहासिक उपलब्धि हो,' बिहीबार दिउँसो रामेछापमा उनले भने, 'भारतमा मात्रै होइन, बंगलादेशसँग समेत विद्युत् निर्यातको ढोका खुलेको छ। अब भारतको ग्रिड प्रयोग गरी बंगलादेशसँग विद्युत् व्यापार हुनेछ। नयाँ सम्झौतामा हस्ताक्षर भएको आजको दिन विद्युत् व्यापारका दृष्टिले कोसेढुंगा हुनेछ।'

द्विपक्षीय सम्झौतापत्रको आधारमा अब दुवै देशका विद्युत् व्यापार कम्पनीले एक-आपसमा मध्यकालीन तथा दीर्घकालीन विद्युत् खरिद सम्झौता (पिपिए) गर्न सक्नेछन्। भारतमा पाँच वर्षको मध्यकालीन र २५ वर्षको दीर्घकालीन पिपिए हुन्छ। गत जेठको एमओयूलगत्तै प्राधिकरणले भारतको एनटिपिसी विद्युत् व्यापार निगमसँग मध्यकालीन (पाँचवर्षे) पिपिए गरेर बर्खामा २०० मेगावाट विद्युत् निर्यात सुरु गरिसकेको छ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले नयाँ सम्झौताले नेपाली विद्युत्का लागि बजारदेखि लगानीसम्म सुनिश्चित गरेको बताए। 'यो सम्झौताले नेपाली बिजुलीका लागि बजारदेखि लगानीसम्म सुनिश्चित गरेको छ, तसर्थ यो निकै महत्त्वपूर्ण छ। यो लक्ष्य प्राप्ति गर्न पर्याप्त मात्रामा विद्युत् उत्पादन र प्रसारणलाइन पनि बन्छ,' उनले भने, 'तर, अब आयोजना निर्माणका कानुनी झन्झट र कर्मचारीतन्त्रमा भएका समस्या हटाउनुपर्छ। सरोकारवाला निकायहरूबीच उचित समन्वय हुन आवश्यक छ। प्राधिकरणले पनि पिपिएको कोटा बढाउनेलगायतका विषयमा पुनर्विचार गर्छ।'

नेपाल र भारतबीच विद्युत् व्यापार गर्ने गरी सन् २०१४ मै सम्झौता भएको थियो। उक्त सम्झौताअनुसार नेपालले ६५७ मेगावाट विद्युत् बिक्री गर्न सक्ने अनुमति पाएको थियो। सोही आधारमा अहिले नेपाललेभारतसँग अल्पकालीन रूपमा विद्युत् व्यापार गर्दै आएको छ। २०१४ को सम्झौतापत्रमा दीर्घकालीन तथा मध्यकालीन विद्युत् व्यापारको परिकल्पना गरिएको थिएन। त्यसैले अहिले छुट्टै सम्झौता गर्नुपरेको हो। नयाँ सम्झौताको अवधि २५ वर्ष कायम गरिएको छ। यद्यपि, प्रत्येक १० वर्षमा सम्झौतापत्र स्वतः नवीकरण हुनेछ। सम्झौतापत्रको अवधि र विद्युत् व्यापारको परिमाण थप गर्नुपरेमा संयुक्त ऊर्जासचिव र सहसचिवस्तरीय कमिटीले आवश्यक निर्णय गर्न सक्नेछन्।

ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतले भारतसँग भएको मध्यकालीन र दीर्घकालीन विद्युत् सम्झौता ऐतिहासिक 'ब्रेक थ्रु' भएको बताए। 'ऊर्जा क्षेत्रका लागि यो ऐतिहासिक 'ब्रेक थ्रु' हो। यसका कारण अब रोजगारीमा हुने वृद्धि, राजस्व प्राप्ति, निर्यातमार्फत आउने विदेशी मुद्राले अर्थतन्त्रमा पनि ठूलो योगदान दिनेछ,' उनले भने।

सम्झौतासँगै नेपाल-भारतबीच दीर्घकालीन विद्युत् व्यापार गर्न आवश्यक कदम चाल्ने, क्षेत्रीय व्यापारलाई अझ वृद्धि गर्ने योजना बनाइएको छ। जलविद्युत् आयोजनामा नेपाल र भारतको लगानी बढाउन प्रोत्साहन गरिने ऊर्जा मन्त्रालयले जनाएको छ। साथै आवश्यक अन्तरदेशीय प्रसारणलाइन बनाउन यथाशीघ्र प्रक्रिया अघि बढाउने योजना पनि मन्त्रालयको छ।

नयाँ विद्युत् व्यापार सम्झौता बिहीबारदेखि नै कार्यान्वयनमा गएको छ। जसअनुसार सन् २०३४ जनवरीभित्र भारतले न्यूनतम १० हजार मेगावाट विद्युत् नेपालबाट खरिद गर्नेछ। ऊर्जा मन्त्रालयको अध्ययनअनुसार सन् २०३३ सम्म नेपालको आन्तरिक विद्युत् माग ११ हजार २८३ मेगावाट पुग्नेछ। त्यसबाहेक सोही अवधिसम्म बंगलादेशमा तीन हजार मेगावाट विद्युत् निर्यात गर्ने लक्ष्य राखिएको छ। यी अवस्थामा भारतमा १० हजार मेगावाट निर्यात गर्न कुल २४ हजार ३८३ मेगावाट उत्पादन हुनुपर्छ। हाल नेपालको विद्युत् जडित क्षमता दुई हजार ८९२ मेगावाट मात्रै छ। १० वर्षभित्रको लक्ष्य पूरा गर्न थप २१ हजार ४९१ मेगावाट उत्पादन गर्नुपर्छ। यो सम्भव रहेको दाबी गर्छन् ऊर्जा मन्त्रालयका सहसचिव नवीनराज सिंह।

भारतीय कम्पनीहरूबाटै झन्डै ४७ सय मेगावाट क्षमताका सात आयोजना बन्दै छन्। त्यसबाहेक आठ हजार ७५८ मेगावाटका दुई सय ४४ आयोजना निर्माणका चरणमा छन्। त्यस्तै, ११ हजार ९१४ मेगावाटका १०६ आयोजनाले विद्युत् विकास विभागमा निर्माणका लागि आवेदन दिएका छन्। अर्कोतिर १०० मेगावाटका १४ सोलार आयोजनाले निर्माणको अनुमति पाएका छन्। २० मेगावाटका तीन सोलार प्लान्टले पनि निर्माणका लागि आवेदन दिएका छन्। यसबाहेक १२ सय मेगावाटको बुढीगण्डकी जलविद्युत् आयोजना पनि निर्माण गर्ने तयारीमा सरकार छ। यसरी समग्रमा हाल २५ हजार मेगावाट हाराहारीकै आयोजना निर्माणको तयारीमा देखिन्छन्।

संयुक्त आयोगको...

पृष्ठ १ बाट क्रमशः

बैठकमा फलदायी छलफल भएको बताएका छन्। 'हाम्रो छलफल विशेष गरी समग्र द्विपक्षीय सम्बन्ध, व्यापार र आर्थिक सम्बन्ध, भूमि, रेल र हवाई कनेक्टिभिटी परियोजना, सुरक्षा सहकार्य, कृषि, ऊर्जा, जलस्रोत, विपत् व्यवस्थापन, पर्यटन, नागरिक उड्डयन, जनता-जनताबीचको सम्बन्ध, संस्कृति आदान-प्रदान र विकास साझेदारीमा केन्द्रित थियो,' जयशंकरले भनेका छन्। परराष्ट्रमन्त्री साउदले अतिरिक्त हवाई रुट, सीमावर्ती क्षेत्रमा हुने डुबान तथा बाँधको विषय उठाएका छन्। बैठकमा सहभागी अधिकारीहरूका अनुसार भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि नेपालले महेन्द्रनगरबाट हवाई प्रवेश रुटको अनुमतिका लागि आग्रह दोहोऱ्याएको छ। तर, यसमा भारतीय पक्षले प्राविधिक तहमा छलफल गरेर भविष्यमा टुंग्याउने पुरानै जवाफ दिएको छ। बैठकले प्रधानमन्त्री प्रचण्ड र उनीअधिका प्रधानमन्त्री देउवाको भारत भ्रमणले सम्बन्ध सुदृढ बनाएको भन्दै खुसी व्यक्त गरेको परराष्ट्रले जनाएको छ। आठौं बैठक भारतमा बस्ने सहमति भएको छ।

राष्ट्रपति, प्रधानमन्त्री, देउवा र ओलीसँग जयशंकरको भेटवार्ता

भारतीय विदेशमन्त्री डा. एस जयशंकरले बिहीबारै राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', काग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी ओलीसँग बेग्लाबेग्लै शिष्टाचार भेट गरेका छन्। राष्ट्रपतिसँग शीतलनिवासमा र प्रधानमन्त्रीसँग सिंहदरबारमा भेटेका जयशंकरले देउवा र ओलीसँग भने होटेल द्वारिकाजमा भेटेका हुन्। प्रधानमन्त्रीसँगको भेटपछि उनले दुई देशको मित्रता विशिष्ट रहेको र साझेदारी सुदृढ हुँदै गएको बताएका छन्। उनले समकक्षी एनपी साउदसँग बैठकअघि १५ मिनेट बेग्लै भेटवार्ता गरेका थिए। भेटबारे नेपालीमा ट्विट गर्दै विदेशमन्त्री जयशंकरले सबै भेटवार्ता र बैठक प्रेरणादायी भएको उल्लेख गरेका छन्। संयुक्त आयोगको बैठकपछि पत्रकारहरूको प्रश्नमा उनले भने, 'बैठक अत्यन्तै फलदायी भयो।'

नेपालकै छनोटमा २० करोडसम्मको आयोजनामा भारतले अनुदान दिने

नेपाल सरकार र भारत सरकारबीच उच्च प्रभावयुक्त सामुदायिक विकास आयोजनासम्बन्धी सम्झौता-पत्रमा हस्ताक्षर भएको छ। सम्झौताअन्तर्गत कार्यान्वयन हुने प्रत्येक आयोजनाको अधिकतम बजेट सीमा २० करोड हुनेछ। तर, भारत सरकार वा भारतीय राजदूतावासले सीधै लगानी गर्ने नभएर नेपालले परियोजना छनोट गर्ने र त्रिपक्षीय सम्झौतापछि नेपालले कार्यान्वयन गर्ने गरी सम्झौता भएको छ। सम्झौतामा अर्थसचिव कृष्णहरि पुष्कर र भारतीय राजदूत नवीन श्रीवास्तवले हस्ताक्षर गरेका छन्। 'सम्झौतामा स्थानीय तह तथा अन्य सरकारी निकायबाट प्राप्त माग संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले परीक्षण गरी अर्थ मन्त्रालयमा आयोजना सिफारिस गर्ने र अर्थ मन्त्रालयले माग भएका आयोजनाको प्राथमिकताको आधारमा सहायता परिचालनका लागि भारत सरकारलाई अनुरोध गर्ने गरी प्रक्रिया निर्धारण भएको छ,' संयुक्त आयोगको बैठकपछि अर्थ मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

गैरसरकारी संस्थाबाट कार्यान्वयन हुने आयोजनाको हकमा समेत सम्बन्धित विषयगत मन्त्रालयको सिफारिसको आधारमा अर्थ मन्त्रालयले सहमति दिने र समाज कल्याण परिषद्को स्वीकृति प्राप्त गरेर मात्र आयोजना स्वीकृत गर्ने प्रावधानमा सहमति भएको छ। 'स्वीकृत आयोजना संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कार्यान्वयन निकाय र भारतीय दूतावासबीच सम्झौता गरी सम्बन्धित तहको बजेटमा समावेश गरेर कार्यान्वयन हुनेछ,' अर्थ मन्त्रालयले भनेको छ, 'भारतीय अनुदानमा सञ्चालन हुने आयोजनामा सामान्यतः गाउँपालिकाले ५ प्रतिशत एवं नगरपालिकाले १० प्रतिशत काउन्टर पार्ट फन्ड व्यवस्था गर्नुपर्ने प्रावधान छ। विशेष अवस्थामा काउन्टर पार्ट फन्ड राख्न नपर्नेसमेत व्यवस्था छ।'

आयोजना कार्यान्वयनको अनुगमनका लागि सम्बन्धित स्थानीय तह, जिल्ला समन्वय समिति, प्राविधिक विशेषज्ञ, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र भारतीय दूतावासको प्रतिनिधि रहेको आयोजना अनुगमन समिति रहने व्यवस्था गरिएको अर्थले उल्लेख गरेको छ। सम्झौताको अवधि ५ वर्षको रहनेछ। यो सम्झौताले ६ अगस्ट २००८ मा हस्ताक्षर भई ९ अगस्ट २०२३ मा नवीकरण भएको साबिकको साना विकास आयोजनासम्बन्धी सम्झौतालाई प्रतिस्थापन गर्नेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाण्डौ

GC-FID With accessories खरिद सम्बन्धि विद्युतिय बोलपत्र आव्हान गरिएको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/०५/२० गते)

यस विभागको आ.ब. ०८०।०८१ लागि आवश्यक **Laboratory Equipment's GC-FID With accessories विद्युतिय बोलपत्र**को माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र यस विभागको कार्यालय कोड नं. ३१२०३३५०३, राजश्व शिर्षक नं. १४२२९ मा बोलपत्र दस्तुर वापतको रकम रु. ३०००।- दाखिला गरेको सक्कलै भौचर तथा चालु आ.व.को लागि नबिकरण सहितको फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता (PAN) प्रमाण पत्र, मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र र आ.ब. ०७९/०८० सम्मको कर चुक्ता प्रमाणपत्रका प्रतिलिपिका साथै रीतपूर्वकको **विद्युतिय बोलपत्र** पेश गर्नु हुन सम्वन्धित सबै लाई आव्हान गरिन्छ। विस्तृत सूचना यस विभागको सूचना पाटी र विभागको वेभसाइट www.dftqc.gov.np मा राखिएको व्यहोरा जानकारी गरिन्छ।

सि.नं.	बोलपत्र सूचना नं.	मालसामानको विवरण	बोलपत्र जमानत रकम
१.	DFTQC/NCB-06/2080/081	**GC-FID With accessories**	रु. ४,४०,०००।-

---

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान
पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा

बोलपत्रको छनौटको आशयको सूचना

प्रकाशित मिति : २०८०/०५/२०

यस पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको मिति २०८०/०७/१६ र २०८०/०९/०३ मा क्रमशः नयाँ पत्रिका राष्ट्रिय दैनिक र आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित निम्नानुसारका बोलपत्रहरुको आव्हान सम्बन्धि सूचना बमोजिम म्याद भित्र पर्न आएका बोलपत्रहरु मध्ये यस प्रतिष्ठानबाट गठीत मूल्यांकन समितिबाट मूल्यांकन हुदाँ देहाय बमोजिमका बोलपत्रहरु सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागी छनौट गर्ने निर्णय भई आएको हुंदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. न.	ठेक्का नंवर / खरिदको विवरण	बोलपत्रदाताको नाम ठेगना	Package/ item	कबोल अक (भ्याट बाहेक)	कैफियत
1	PAHS/NCB/GOODS/ 2080-81/14 (Procurement of Lab Reagents I)Package A	श्री Total Medico solution Pvt. Ltd, Pokhara	56	७६२६७९०/-	बोलपत्र स्वीकृतिको लागि छनौट
		श्री Sandesh Science House Pokhara	22	५५३४००/-	
		श्री Pratik Surgical and Diagnostic Concern Pvt. Ltd, Pokhara	68	६६६६५५/-	
2	PAHS/NCB/GOODS/ 2080-81/14 (Procurement of Lab Reagents I)Package B	श्री Pratik Surgical and Diagnostic Concern Pvt. Ltd, Pokhara	Package B	८०३८००/-	
3	PAHS/NCB/GOODS/ 2080-81/14 (Procurement of Lab Reagents I)Package C	श्री Pratik Surgical and Diagnostic Concern Pvt. Ltd, Pokhara	Package C	६९९२४०/-	
4	PAHS/NCB/GOODS/ 2080-81/14 (Procurement of Lab Reagents I)Package D	श्री Total Medico solution Pvt. Ltd, Pokhara	Package D	७०८०२०/-	
5	PAHS/NCB/GOODS/ 2080-81/14 (Procurement of Lab Reagents I)Package E	श्री Total Medico solution Pvt. Ltd, Pokhara	Package E	३३०९२६/-	
6	PAHS/NCB/GOODS/ 2080-81/18 (Procurement of Bp Set and other Medical Items)	श्री Aadhikhola Surgical Suppliers, Pokhara	सबै आइटम	२७९१०००/-	
7	PAHS/NCB/GOODS/ 2080-81/19 (Procurement of Dialysis Items)	श्री Gautam Buddha Traders, Pokhara श्री Aadhikhola Surgical Suppliers, Pokhara	४ आइटम	४०४०९००/-	
		श्री Racheal International, Kathmandu,	२ आइटम	३०९४०००/-	
		श्री Aadhikhola Surgical Suppliers, Pokhara	१ आइटम	४५११०००/-	
8	PAHS/NCB/GOODS/ 2080-81/20 (Procurement of plastic and cleaning Items)	श्री Jharana Enterprises , Bhaktapur	सबै आइटम	३२४४२७५/-	
9	PAHS/NCB/GOODS/ 2080-81/22 (Procurement of Low Temperature Plasma Sterilizer)	श्री National Electro-Tech Pvt. Ltd, Kathmandu	सबै आइटम	१०९४९९९९/-	
10	PAHS/NCB/GOODS/ 2080-81/23 (Procurement of Hystero-resectoscopy Set)	श्री Alliance Healthcare Technologies and services Pvt. Ltd, Kathmandu	सबै आइटम	३२५००००/-	

Director

Invitation for Bids

Mangsebung Rural Municipality
Office of Rural Municipal Executive
Ivang, Ilam

Invitation for Bids No: MRM/NCB/WORKS/2080/81-4

Date of publication: 05-01-2024

1. ***Mangsebung Rural Municipality*** invites sealed bids or electronic bids from eligible bidders for the construction of ***Miklajung Water Supply Project (Chitre Khola Muhan) at Mangsebung 2 and 6*** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.

   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs. 2,66,69,400.00
   - Minimum Work experience of similar size and nature: ***At least One Lifting Water Supply Project of at least NRs.*** 71,20,000.00 (final contract amount).
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of
   a) **Name :** Mangsebung Rural Muncipality
   b) **Location:** Ivang, Ilam
   c) **Mailing Address:** mangsebung.ruralmun@gmail.com, sandeep.mangsebung@gmail.com
   d) **Telephone:** +977 9842744017,

   Or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents may be purchased from the office Mangsebung Rural Muncipality, Ivang, Ilam by eligible Bidders on the submission of a written application, along with the *copy of company/firm registration certificate*, and upon payment of a non-refundable fee of **Nrs. 5000** till ***04-02-2024 12:00 during office hours***.

   Or

   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below .

   Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: Citizen's International Bank Limited, Mangseybung Branch

   Name of Account : Mangseybung Ga.Pa Ga-1.1 Antarik Rajaswa Khata

   Office Code no. : n/a

   Office Account no.: 0690100000001202

   Rajaswa (revenue) Shirshak no. : .....
5. Sealed or electronic bids must be submitted to the office ***Mangsebung Rural Municipality*** by hand/ courier or through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before ***12:00*** on ***04-02-2024.*** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***04-02-2024 13:00*** at the office of ***Ivang, Ilam.*** Bids must be valid for a period of ***90*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, \ amounting to a minimum of **Nrs. 5, 25,000.00**, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

Chief Administrative Officer

संसद् अधिवेशन अब क्यालेन्डरमा

बैठक र कार्यसूची महिना दिनपहिले नै तय

संसदीय गतिविधि नियमित र सांसदलाई जवाफदेही बनाउने अपेक्षा, हिउँदे अधिवेशनको बिजनेसका लागि सरकारको पूर्वतयारी

कमलराज भट्ट/नयाँ पत्रिका

संघीय संसद्को आगामी अधिवेशन क्यालेन्डरमा सञ्चालन हुने भएको छ। संसद्लाई क्यालेन्डरमा चलाउन सभामुख देवराज घिमिरेले गृहकार्य थालेका हुन्। संसद् सचिवालयले क्यालेन्डरको मस्यौदासमेत प्रस्तुत गरेको छ।

दलहरूले क्यालेन्डरको मस्यौदालाई आवश्यक परिमार्जनसहित अन्तिम रूप दिएर आगामी अधिवेशनमा लागू गर्न सहमति प्रदान गरेको संसद् सचिवालयका कार्यवाहक महासचिव पद्मप्रसाद पाण्डेयले जानकारी दिए। ११ माघमा हुने राष्ट्रिय सभा निर्वाचनपछि संघीय संसद्को हिउँदे अधिवेशन बोलाउने सरकारको तयारी छ।

कार्यवाहक महासचिव पाण्डेयका अनुसार सभामुख घिमिरेले बुधबार बोलाएको प्रमुख तीन दलका सचेतकको बैठकमा संसद् सचिवालयले क्यालेन्डरको मस्यौदा प्रस्तुत गरेको थियो। मस्यौदामा कम्तीमा १५ दिनदेखि बढीमा महिना दिनसम्मको कार्यतालिका तय गरेर संसदीय पात्रो लागू गर्ने प्रस्ताव छ। प्रस्तावमा सदन र संसदीय समिति हप्तामा तीन-तीन दिन चलाउने भनिएको छ। यसअनुसार हप्ताको सुरुवाती तीन दिनमा सदन चल्नेछ भने बाँकी दिन समिति बैठक बस्नेछन्।

'समितिले विधेयक पास गर्छ, त्यसपछि सदनमा लगेर छलफल हुन्छ। दुवैलाई समान हिसाबमा मिलाउन खोजिएको हो। यसरी सदन पनि चल्ने भयो, समिति पनि चल्ने भयो,' पाण्डेयले भने, 'सदन मात्रै चलाउँदा यता समिति बस्न भ्याउँदैन। ती विधेयक त्यतिकै रहने भयो। यो ढंगले जाऊँ भन्ने भयो, उहाँहरू सकारात्मक हुनुहुन्छ। ठीक छ भन्ने सहमति छ।' उनका अनुसार क्यालेन्डर लागू गर्न दलहरू तयार छन्। तर, कति समयको बनाउने भन्ने टुंगोमा पुगेको छैन। '१५ दिनको बनाउने वा एक महिना अथवा पूरै अधिवेशनको भन्ने विकल्पमा छलफल भएको छ,' उनले भने, 'सुरुमै पूरै अधिवेशनको भन्दा १५ दिन वा बढीमा एक महिनाको गर्ने प्रयास छ।'

संसदीय पात्रोमा कुन दिन, के-के काम हुन्छ भन्ने पहिले नै तय हुने उनको भनाइ छ। 'एक दिनमा के-के हुने भन्ने स्पष्ट हुन्छ। जस्तो, शून्य समय भयो, त्यसपछि विशेष समय वैकल्पिक राख्ने प्रस्ताव छ। यो भनेको विशेष समय आज राख्ने, भोलि नराख्ने हो। त्यसपछि विधेयक कुन-कुन छ, त्यही आधारमा प्राथमिकता हेरेर कुन विधेयकमा छलफल गर्ने भन्ने स्पष्ट राख्ने, त्यो ढंगले सांसदले तयारी गर्ने हो,' पाण्डेयले भने। संसदीय क्यालेन्डरको विषयमा सभामुख घिमिरेले बिहीबार कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङसँग पनि छलफल गरेका थिए। विधेयक नआएकामा उनले जिज्ञासा राखेका थिए। क्यालेन्डरका लागि सरकारले गरिरहेको तयारीबारे सभामुखलाई जानकारी गराएको गुरुङले बताए। उनका अनुसार कानुन मन्त्रालयले एक महिनाअघि नै सरकारका सबै मन्त्रालयलाई पत्र लेखेर आगामी अधिवेशनमा पेस गर्नुपर्ने विधेयकको प्राथमिकीकरण गरेर पठाउन भनेको थियो।

'अबको अधिवेशनमा तपाईंको मन्त्रालयले प्रस्तुत गर्नुपर्ने विधेयकको प्राथमिकता क्रम तोकेर यथाशीघ्र पठाउन भनेर मन्त्रालयहरूलाई माग गरेका थियौं,' मन्त्री गुरुङले भने, '१८ वटा मन्त्रालयबाट कुन-कुन कानुन आवश्यक छ र प्राथमिकताका आधारमा मस्यौदा तयार भइरहेको छ भन्ने जानकारी आइसकेको छ। दुई-तीनवटा मन्त्रालयको मात्र बाँकी छ।' विधेयकको प्राथमिकीकरणबाट यो-यो विधेयक यस अधिवेशनमा प्रस्तुत हुन्छ वा जाँदै छ भनेर पहिले नै तय हुने र यसले संसद्को कार्यतालिका बन्न सघाउ पुग्ने मन्त्री गुरुङले बताए। 'क्यालेन्डरका लागि कानुन मन्त्रालयले आफ्नो तयारी गरिरहेको छ। यस हिसाबले काम गरिरहेका छौं,' उनले भने।

दलका सचेतक तथा कानुनमन्त्रीसँगको छलफलपछि सभामुख घिमिरेले आगामी अधिवेशन क्यालेन्डरकै आधार चल्ने बताए। 'अब क्यालेन्डरमै जान्छौं। यसको तयारीका लागि सुझाव लिइरहेका छौं, छिट्टै अन्तिम टुंगोमा पुग्छौं,' उनले भने, 'आगामी अधिवेशन क्यालेन्डरअनुसारै चल्छ।' सभामुख घिमिरेले बजेट अधिवेशन अन्त्य हुँदै गर्दा संसदीय क्यालेन्डर लागू गर्न सदनबाटै दलहरूलाई प्रस्ताव गरेका थिए। प्रमुख सचेतकहरूसँगको बैठकमा घिमिरेले क्यालेन्डर बनाउन बनाउनेभन्दा कार्यान्वयन गरेरै जानुपर्नेमा जोड दिएका थिए। संसदीय क्यालेन्डरको वकालत गर्दै आएकी सांसद सुमना श्रेष्ठले संसद्मा सुशासनका लागि यो जरुरी भएको बताइन्। क्यालेन्डरका लागि सदनमा आवाज उठाएकी श्रेष्ठले प्रतिनिधिसभाको नियमावली बनाउँदा समावेश गर्न क्यालेन्डरको नमुनासहित संशोधन नै राखेकी थिइन्। नियमावली मस्यौदा समितिले कार्यतालिका निर्माण गरेर सदनले लागू गर्न सक्ने भनेर पहिलोपटक क्यालेन्डरको अवधारणा स्वीकार गरेको थियो। नियमावलीको नियम २५५ 'सभाले सुव्यवस्थित ढंगले कार्यसम्पादन गर्ने सम्बन्धमा कार्यतालिका बनाई लागू गर्न सक्ने' भनिएको छ। 'संसदीय क्यालेन्डरले सांसदको अर्थपूर्ण र क्रियाशील सहभागिता, जवाफदेहिता र उत्तरदायित्व सुनिश्चित गर्नुका साथै संसद् भित्रको लोकतन्त्र सुदृढ गर्न मद्दत गर्छ,' सांसद श्रेष्ठले भनिन्।



फाइल तस्बिर

प्रिबजेट छलफल हिउँदमै

संघीय संसद्ले प्रिबजेट छलफल हिउँदे अधिवेशनमै गर्नुपर्ने निष्कर्ष निकाल्दै सरकारलाई सिफारिस गरेको छ। दलका प्रमुख सचेतकहरूसँग सभामुखको छलफलमा बजेटको प्राथमिकता र सिद्धान्त हिउँदे अधिवेशनमै छलफल गर्ने, छलफलबाट निस्केका निष्कर्ष सरकारले आउँदो नीति तथा कार्यक्रममा राख्ने र बजेटमा समावेश गर्ने सहमति भएको हो। कानुनमन्त्री गुरुङले प्रिबजेट छलफलमा संसद्को भूमिका समावेश गर्ने पक्षमा प्रधानमन्त्री नै प्रतिबद्ध रहेको भन्दै हिउँदे अधिवेशनमै छलफल सकिने गरी सरकारले लागू गर्ने बताए।

संसदीय मैत्री समूह गठनको तयारी

सभामुख घिमिरेले विभिन्न देशसँग नेपालबाट संसदीय मैत्री समूह गठनका लागि गृहकार्य थालेका छन्। संघीय संसद्को संयुक्त बैठक र संयुक्त समिति कार्यसञ्चालन नियमावली, २०८० को नियम ३९ अनुसार सभामुखले राष्ट्रिय सभा अध्यक्षको समन्वयमा आन्तरिक कार्यविधि बनाई संसदीय मैत्री समूह गठन कार्यलाई अगाडि बढाएको कार्यवाहक महासचिव पाण्डेयले जानकारी दिए। उनका अनुसार मैत्री समूह गठनका लागि संसद् सचिवालयले दलहरूसँग सांसदको नाम मागेको छ। 'मैत्री समूह स्थापना गर्न दलहरूसँग सांसदको नाम माग्गिएको छ। कुन देशमा कुन पार्टीको कुन सांसद राख्ने भनेर सचिवालयले मागेको छ, दलहरूले भरेर बुझाएपछि गठन प्रक्रिया अघि बढ्छ,' उनले भने। दलका सचेतकहरूसँगको बैठकमा मैत्री समूह गठन प्रक्रिया अगाडि बढाउने समझदारी बनेको थियो। हाल अस्ट्रेलिया, अस्ट्रिया, चीनलगायतसँग मैत्री समूह गठन भइसकेको छ। संसद् सचिवालयले ४४ वटा देशका संसद्सँग मैत्री समूह स्थापना गर्ने योजना बनाएको छ। एउटा समूहमा ६ देखि आठजना सांसद सदस्य हुनेछन्। तीमध्ये एकजना संयोजक हुनेछन्। यसअगाडि ३२ वटा समूह थिए। 'दलहरूबाट नाम आइसकेपछि संयोजक कुन दलबाट कसरी तोक्ने भन्ने टुंगिनेछ,' कार्यवाहक महासचिव पाण्डेयले भने।



● **देवराज घिमिरे**, सभामुख
अब क्यालेन्डरमै जान्छौं। यसको तयारीका लागि सुझाव लिइरहेका छौं, छिट्टै अन्तिम टुंगोमा पुग्छौं। आगामी अधिवेशन क्यालेन्डरअनुसारै चल्छ।



● **धनराज गुरुङ**, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री
अबको अधिवेशनमा तपाईंको मन्त्रालयले प्रस्तुत गर्नुपर्ने विधेयकको प्राथमिकता क्रम तोकेर यथाशीघ्र पठाउन भनेर मन्त्रालयहरूलाई माग गरेका थियौं। १८ वटा मन्त्रालयबाट कुन-कुन कानुन आवश्यक छ र प्राथमिकताका आधारमा मस्यौदा तयार भइरहेको छ भन्ने जानकारी आइसकेको छ। दुई-तीनवटा मन्त्रालयको मात्र बाँकी छ।

क्लाइमेट पार्लियामेन्टरी फोरम स्थगित

संघीय संसद्मा पछिल्लो समय क्लाइमेट पार्लियामेन्ट फोरम गठन गर्ने बहस चलेको थियो। तर, कानुनी आधार बनिनसकेको भन्दै स्थगित गरिएको छ। सभामुख घिमिरेले दलहरूसँग गरेको छलफलमा तत्काल अगाडि बढाउन कानुनी आधार नरहेको निष्कर्ष निकालिएको हो। 'त्यसको कानुनी पक्ष के हो, गठन गर्ने कि नगर्ने भन्ने छलफल हुँदा अगाडि नबढाउने निचोडमा पुग्यौं,' पाण्डेयले भने। कानुनमन्त्री गुरुङले पनि नियमावलीमा नभएसम्म कार्यान्वयन नगर्ने भन्नेमा पुगेको बताए। 'नियमावलीमा नभए गर्दा अरू फोरम पनि आउलान्, त्यसकारण हुँदैन,' उनले भने, 'यो लागू नै गर्ने हो भने नियमावली संशोधन गरेर ल्याउनुपर्‍यो।'

रामेछापको विकासमा सरकार गम्भीर छ : प्रधानमन्त्री



रामेछाप/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पुष्पलालको जन्मस्थान रामेछापको भंगेरी र बिपीको जन्मस्थान सिन्धुलीको दुम्जामा राजनीतिक पर्यटनस्थल विकास गर्ने बताएका छन्। रामेछापको सुनापति गाउँपालिकाको प्रशासकीय भवनको बिहीबार उद्घाटन गर्दै प्रधानमन्त्री प्रचण्डले जनतालाई अधिकारसम्पन्न बनाउन नेतृत्व गरेका पुष्पलाल र बिपीको जन्मस्थानलाई राजनीतिक पर्यटनस्थल बनाउने बताएका हुन्।

सिंहदरबारको अधिकार अहिले गाउँमा आएको भन्दै उनले घरदैलोमा पुगेर जनतालाई सेवा दिन र सेवा प्रवाहलाई गुणस्तरीय बनाउन आग्रह गरे। मध्यपहाडी लोकमार्गको काम अझै बाँकी रहेकाले संघीय सरकारले काम सम्पन्न गर्न आवश्यक बजेट व्यवस्थापन गर्ने बताएका प्रधानमन्त्रीले संविधान कार्यान्वयनका लागि आवश्यक ऐन-कानुन बनाउने र प्रदेश तथा स्थानीय तहलाई अझ बलियो बनाउने काममा सरकार प्रतिबद्ध रहेको जिकिर गरे। सरकारले सबैलाई साथ लिएर हिँड्न चाहेको भन्दै उनले त्यसैकारण प्रतिपक्षी दललाई इतिहासमा कहिल्यै नभएको उदारता वर्तमान सरकारले प्रस्तुत गरिरहेको बताए।

अयोध्या पठाइयो भार

जनकपुरधाम/ भारतको अयोध्यामा नवनिर्मित राम मन्दिरको प्राण प्रतिष्ठाका अवसरमा नेपालको जनकपुरधामबाट सुन-चाँदीका गरगहनासहित १५ सयभन्दा बढी भार पठाइएको छ। विश्वप्रसिद्ध जानकी मन्दिर र जनकपुरधाम उपमहानगरपालिकाको अगुवाइमा जनकपुरधामबाट कोसेलीका रूपमा सुन तथा चाँदीबाट निर्मित गरगहना, चाँदीका धनुषबाण र पादुका, वस्त्र, आभूषण, फर्निचर, भाँडावर्तन, मिठाई, फलफूल, चुरा, चामलसहितका परिकार अयोध्या पठाइएको हो।

भार लिएर अयोध्या जाने टोलीलाई मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव, जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णव, पूर्वउपप्रधानमन्त्री एवं काग्रेस नेता विमलेन्द्र निधिसहित स्थानीय नागरिकले भव्य बिदाइ गरे। स्थानीयवासीले आ-आफ्ना घरबाट अयोध्या पठाउन विभिन्न परिकारका भार तयार गरी जानकी मन्दिरको जिम्मा लगाएका थिए। बिदाइ कार्यक्रममा मुख्यमन्त्री यादवले यस्ता क्रियाकलापले नेपाल-भारतको सम्बन्ध अझ प्रगाढ हुने बताए। जनकपुरधामबाट भार टोली जलेश्वरबाट हुलाकी सडक भएर मलंगवा, गौर, कलैया हुँदै बिहीबार मध्यरात वीरगन्ज पुगेको छ।

भैरहवाबाट पूर्वराजा ज्ञानेन्द्रले भने-

देश सम्हाल्न जनताले आह्वान गरेका छन्

भैरहवामा दिपेश पछाई

पूर्वराजा ज्ञानेन्द्रले देशको विगत र वर्तमान अवस्थालाई नजिकबाट नियालिरहेको भन्दै पछिल्लो समय जनताले आफूलाई देश सम्हाल्न आह्वान गरिरहेको बताए। भैरहवामा बिहीबार आयोजित नागरिक अभिनन्दन कार्यक्रमलाई सम्बोधन गर्दै शाहले देश चलाउन, देश बनाउन र देश बचाउन आफूलाई जनताले आह्वान गरिरहेको बताएका हुन्।



'जता जाउँ, जहाँ पुगुँ जनआवाज उठेको सुन्छु,' उनले भने, 'मलाई आउन, हाम्रो देश बनाउन र देश बचाउन आग्रह गरिरहेको सुनिरहेको हुन्छु।' उनले आफू जनताको साथमै रहेको भन्दै कतै नगएको बताए। 'म बोलिरहेछु देश बनोस्, देश बचोस् भन्ने आफ्ना पुर्खाको भावना अहिले पनि पोखिरहेको छु,' उनले थपे, 'म कतै गएको छैन, सदासदा नेपालीका साथमा छु, नेपालभित्रै छु।'

देश जर्जर भएको र बेरोजगारी, शैक्षिक कमजोरीका कारण युवाहरू विदेश जानुपरेको भन्दै उनले अहिले चलिरहेको चलनचल्तीमा व्यापक हेरफेर र सुधार आवश्यक रहेको जिकिर गरे। 'देशको माया नभएर होइन, अवस्था बिग्रिएर असन्तोष, आक्रोश तथा विवश भएर युवा जमात बाहिरिएको छ। यस्तो अवस्थाको अन्त्य हुनैपर्दछ,' उनले भने। उनले सबैलाई एक ठाउँमा उभिन आह्वान गरे।

कार्यक्रममा अभिनन्दन समारोह समितिले उनलाई नागरिक अभिनन्दन गरेको थियो। राप्रपाका रुपन्देही उपाध्यक्ष तथा अभिनन्दन समारोह समितिका सहसंयोजक अजय गुप्ताले कार्यक्रममा रुपन्देही, कपिलवस्तु र नवलपरासीबाट सर्वसाधारण कार्यक्रममा सहभागी भएको दाबी गरे। कार्यक्रममा पूर्वरानी कोमलसहित परिवारका अन्य केही सदस्य पनि सहभागी भएको नागरिक अभिनन्दन समारोह मूल आयोजक समितिका संयोजक डा. रामप्रसाद बस्यालले जानकारी दिए।

कुकुरको टोकाइले खाद्य कम्पनीका २३ च्यांग्रा मरे, १४ घाइते

अजित अधिकारी/नयाँ पत्रिका

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको थापाथलीस्थित बागमती प्रादेशिक कार्यालयको खोरमा राखेका २३ वटा च्यांग्रा भुस्याहा कुकुरको टोकाइबाट मरेका छन्। १४ गम्भीर घाइते अवस्थामा छन्। १० वटा च्यांग्रा भने कुकुरको आक्रमणबाट बचेका कारण सकुशल छन्।

सहरको मध्यभागमा रहेको सरकारी कार्यालयको सुरक्षा घेरामा रहेका च्यांग्रा बुधबार राति १ बजे कुकुरको आक्रमणमा परेका थिए। सिसिटिभी फुटेजको दृश्यमा थापाथलीस्थित खाद्य कम्पनीको मुख्य गेटबाटै प्रवेश गरेका चारवटा कुकुरले करिब चार घन्टासम्म खोरमा रहेका च्यांग्रालाई लखेटी-लखेटी मारेको देखिएको भेटेरिनरी पशु चिकित्सक डा. एलबी शाहीले जानकारी दिए।

कुकुरको टोकाइबाट मरेका र घाइते अवस्थामा रहेका च्यांग्राको स्वास्थ्य परीक्षण गर्न बिहीबार बिहान थापाथलीस्थित खाद्य कम्पनीको कार्यालय पुगेका केन्द्रीय पशुपक्षी रोग अन्वेषण प्रयोगशालाका भेटेरिनरी पशु चिकित्सक डा. शाहीका अनुसार खोरभित्र चारवटा कुकुर छिरेर घाँटी र खुट्टामा चिथोरेर मारेको भेटिएको छ। 'मरेका च्यांग्राको स्वास्थ्य परीक्षण रिपोर्ट साँझ आएको छ। च्यांग्रामा रेबिज भने देखिएन,' उनले भने, 'सिसिटिभी फुटेजको दृश्य हेर्दा कुकुरले लखेटी-लखेटी घाँटीमा टोकेर मार्ने र छाड्ने गरेको देखिन्छ। सिकारीले झैं झम्टेर मारेका छन्।' गम्भीर घाइते १४ च्यांग्राको पनि बाँच्ने सम्भावना कम रहेको उनले बताए। पछिल्लो समय च्यांग्राहरू खुला चौरमै रात बिताउने गरे पनि खाद्य कम्पनीका कर्मचारीले चासो दिएका थिएनन्। कम्पनीको प्रमुख कार्यकारी अधिकृत मोहनप्रकाश चन्दले अप्रत्याशित रूपमा कुकुर प्रवेश गरी च्यांग्रा मारेको बताए। 'कार्यालयको पछाडिपट्टि रहेको सानो गेटबाट कुकुर प्रवेश गरेर च्यांग्रालाई टोकेर मारेको अवस्था छ,' उनले भने, 'एउटा खाएर गएको भने पनि हुने थियो, तर चौरमा रहेका सबैको घाँटीमा टोकेर मारेको छ।'



कुकुरको टोकाइबाट मरेका च्यांग्रा। तस्बिर सौजन्य : एलबी शाही

■ बजार माग विश्लेषण नगरी ल्याउँदा बिक्री भएनन् च्यांग्रा

खाद्य कम्पनीले गत दसैंमा १९ सय खसी-बोका र हिमाली जिल्लाबाट पाँच सय ४६ च्यांग्रा काठमाडौं ल्याएको थियो। दसैंमा खसी-बोका र च्यांग्रा खरिदका लागि संस्थानले आठ करोडभन्दा बढी बजेट विनियोजन गरेको थियो।

खसी-बोका दसैं र तिहारमा बिक्री भए पनि ४७ च्यांग्रा बिक्री नभएर थापाथलीस्थित गोदाममै राखिएका थिए। यी च्यांग्रा बिक्रीका लागि बोलपत्र आह्वान गरिए पनि बिक्री नभएपछि गोदाममै राखिएको थियो। गत वर्षको दसैंमा डेढ सय च्यांग्रा ल्याएको र सबै बिक्री भएपछि यसपटक बढाएर पाँच सय ४६ वटा ल्याइएको थियो, तर बिक्री नै भएनन्।

कम्पनीले च्यांग्रा बिक्रीका लागि पटक-पटक मूल्य घटाउँदै आएको थियो। दसैंको सुरुवातमा प्रतिकिलो १२ सय ५० रुपैयाँ निर्धारण गरेकामा उपभोक्ताको आकर्षण नभएपछि केही दिनमै २५ रुपैयाँ घटाएर प्रतिकिलो १२ सय २५ रुपैयाँ निर्धारण गरिएको थियो। तिहारपछि प्रतिकिलो ११ सय ५० रुपैयाँ मूल्य निर्धारण गरिएको थियो, तर च्यांग्रा बिक्री भएनन्।

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कमलपोखरी, ललितपुर
बाग्मती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८०/०९/२०

यस कार्यालयबाट विद्युतीय बोलपत्रको लागि मिति २०८०/०८/११ गते प्रथम पटक प्रकाशित सूचना अनुसार समयसिमा भित्र विद्युतीय बोलपत्र (E-Bid) को माध्यमबाट दर्ता हुन आएका बोलपत्रदाताहरुको नियमानुसार मुल्यांकन समितिबाट मुल्यांकन गरी न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भनि स्वीकृतको लागि सिफारिस भएअनुसार उल्लेखित बोलपत्रदाताको बोलपत्र स्वीकृतको लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ (२) बमोजिम सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

क्र. म.	बोलपत्र नं	कार्यको विवरण	छनौट भएका बोलपत्रदाताको नाम, ठेगाना	कबोल गरेको रकम (मू. अ. क. समेत)
१.	Mahalaxmi/W/ NCB/01/2080/81	Upgrading and Blacktop Works from United Colony to Changathali Road	श्री Janus Nirman Company P. Ltd, Pepsikhola Ward No 32, Kathmandu	रु. ६४,५७,३५०।८६
२.	Mahalaxmi/W/ NCB/03/2080/81	Sampada Sanrakshan Wada no. 6 (Construction of Falcha, Temple, Well, Pond & Road)	श्री D.R. Construction, Pilachhen, Lalitpur	रु. ९४,२४,२४८।९६

प्रमुख प्रशासकीय अधिकृत

Mayadevi Rural Municipality
Office of Municipal Executive
Barewa, Rupandehi
Lumbini Province

Notice for Expression of Interest (EoI)

Date of First Publication: 2080/09/20

Mayadevi Rural Municipality, Office of the Municipal Executive Invites Expression of Interest (EOI) from eligible Consulting firms for the Professional Computer Hardware & Network Technician (Training with OJT) Projects. Expressions of interest shall be delivered online through e-Gp system www.bolpatra.gov.np/egp before the deadline mentioned below. Consulting firms may obtain further information and inspect the Bidding Documents at the office of Mayadevi Rural Municipality Rupandehi, PPMO website www.bolpatra.gov.np/egp. Any provisions which are not mentioned in this notice will consistent with PPA 2063, PPR 2064 and other prevailing Nepalese Laws.

SN	Contract No.	Project Name	Deadline for EOI Submission	Deadline for EOI Opening
1	01/MRMUN/ C/ EOI/2080-81	Professional Computer Hardware & Network Technician (Training with OJT)	2024/01/19 at 12:00 Noon	2024/01/19 at 1:00 PM

Chief Administrative Officer

देशका लागि प्रच्छन्न राष्ट्रवाद

बजारका सीमित सामग्री किन्न उपभोक्ता बाध्य भएजस्तै हामी पनि राजनीतिक स्वतन्त्रताका नाममा दुई वा तीन पार्टीमध्ये एउटा रोज्न अभिशप्त छौँ



● किशोर नेपाल

अग्रलेख



समाजवादी चिन्तक तथा कांग्रेस नेता दिवंगत प्रदीप गिरिसँग कोरोनाकालको अन्त्यतिर नेपाली राजनीतिका विभिन्न आयाम, इतिहास, राजनीति, साहित्य, दर्शन र समाजवादका सम्बन्धमा गरिएको वार्ताको सान्दर्भिकता अहिले पनि उत्तिकै छ। अहिलेको नेपाली राजनीति जस्ता घटनाक्रमबाट गुज्रिरहेको छ, त्यो उदेकलाग्दो छ। सडकमा नेता छन्, नारा छ। तर, ती नेता र नाराबीच कतै समन्वय छैन। नेताहरूले जनतालाई दिने आश्वासन जगहँसाइको विषय बनेको छ।

गिरिसँगको अन्तर्वार्तामा उहाँले नेपाली राजनीतिको अन्तर्चित्रण गर्नुभएको छ। आजको राजनीतिलाई न संल्याएसम्म परिवर्तनको आस गर्नुपर्दैन। के-के हुन सक्छन् उपायहरू ? स्थानीय सरकारमा नयाँ जागरण, भोट दिन्नँ भन्न पाउने जनताको अधिकार, नेताहरूको वैचारिक बिम्बमा सुधार... । मेरो व्याख्याभन्दा अन्तर्वार्ताको सार नै पर्याप्त होला, आगामी चरणको राजनीतिक यात्राका लागि-

पहिलो राष्ट्रिय जनआन्दोलनको सेरोफेरोमा गणेशमानजी कहिलेकाहीँ ठट्टाको शैलीमा लोकतन्त्रले ल्याउने परिवर्तनको संकोच र सीमालाई औँल्याउनुहुन्थ्यो। 'लोकतन्त्र त आयो। लोकतन्त्र आउनेबित्तिकै बागमतीमा दूध बग्ने होइन। एक रोपनी खेतमा पन्ध्र मुरी धान फल्ने होइन। लोकतन्त्र आउनेबित्तिकै किसुनजी (कृष्णप्रसाद भट्टराई) को विवाह भइहाल्छ भन्ने पनि होइन।' कुराको तरंग अघि बढाउन गणेशमानजी किसुनजीलाई गाँस्नुहुन्थ्यो। लोकतन्त्र आफैँमा पर्याप्त व्यवस्था होइन भन्ने गणेशमानजीको बारम्बारको भनाइ थियो। स्वयं गणेशमानजीले सरकारका क्रियाकलापका सिलसिलामा चरम आक्रोश व्यक्त गर्दै जस्तो चीत्कार गर्नुभएको थियो, त्यो स्मरणीय छ। कलबलगुडी चीत्कारको झन्डै ३० वर्ष हुन आँट्यो। प्रयोगका लागि ०४७ सालमा ल्याइएको औपचारिक लोकतन्त्रको कमी र कमजोरीकै आधारमा नेपालमा एकातिर माओवादी आन्दोलन चर्कियो र अर्कातिर मधेस आन्दोलन अगाडि बढ्यो। यी दुइटा मुख्य तथ्यलाई अन्य कुनै पनि तथ्यले नकार्न सक्दैन। के कमी थियो त लोकतन्त्रमा ? संविधानका प्रमुख अभियन्ता कृष्णप्रसाद भट्टराई हुनुहुन्थ्यो। संविधानको घोषणापछि उहाँले संविधानलाई 'विश्वकै सर्वोत्कृष्ट' भन्नुभएको थियो। कृष्णप्रसादजस्ता एउटा निर्लिप्त र ज्ञानी मान्छेले विश्वकै उत्कृष्ट भनेको दस्ताबेजलाई १० वर्ष पनि नबित्दै च्यातच्युत पार्नुपर्ने अवस्था कसरी आयो ? पहिलो कुरा यसलाई माओवादीका नाममा गाउँगाउँमा हिँडेका कम्युनिस्टले क्षतविक्षत् तुल्याए। रहे-सहेको कसर ज्ञानेन्द्रले बहालवाला प्रधानमन्त्री शेरबहादुरलाई थुनिदिएर सिध्याइदिए।

नेपालमा अहिले गणतन्त्र आएको छ। हिजोको व्यवस्था होइन यो। यो त गणतन्त्र हो। 'लौ त, यसलाई कसले औँला ठड्याउँछ, हेरूँ त!' भन्ने भावमा ओली र प्रचण्ड कुर्लिएका देखिन्छन्। तर, एउटा महामारीले सरकारलाई अहिले हारावारा खेलाएको छ। प्रधानमन्त्रीको मुखबाट अर्थ न वर्थका वाणीहरू प्रकट भइरहेका छन्। यो कुरा के हो त ? अब यहाँ प्रत्येक महानुभावलाई, प्रत्येक महापुरुषलाई हामीले यो कुरा सोध्यौँ भने जवाफ आउँछ, 'होइन, ओलीले नसकेको हो। मैले भए गर्छु।'

जतिवेला माओवादी संकटमा थियो, त्यतिवेला पनि 'मैले सक्छु' भनेकै भरमा बारम्बार प्रधानमन्त्री फेरिएका थिए। 'अरूले गर्न सकेनन् मैले भए गर्छु' भनेर किसुनजीलाई हटाएर गिरिजाबाबु प्रधानमन्त्री बन्नुभयो। किसुनजीलाई हटाउनेहरूको भनाइ थियो- किसुनजी 'अलमलमा पर्नुभयो, बूढो हुनुभो।' किसुनजीको यो दोस्रो प्रधानमन्त्रीको कार्यकाल थियो। अब यो अरूले गरेर भएन। किसुनजीले चुनाव हाँक्नुभयो भने उहाँको नाम देखाएपछि पार्टीमा भोट पनि धेरै आउँछ भन्ने भावना पार्टीका नेताहरूमा आयो। पार्टीमा अनेक किसिमका छलफल भए। तर, किसुनजी प्रधानमन्त्री भएको तीन-चार महिना नहुँदै गिरिजाबाबु उहाँलाई हटाउन लागिसक्नुभएको थियो। थेगो उही थियो- किसुनजीले सक्नुभएन, म गर्छु। किसुनजीलाई प्रधानमन्त्रीका रूपमा प्रस्तावित गर्नुअघि गिरिजाबाबु पटक-पटक प्रधानमन्त्री भइसक्नुभएको थियो। आफ्नो कार्यकालमा केही गर्न नसकेको तीतो अनुभूति उहाँलाई थियो।

दोस्रोपटक पनि किसुनजीलाई चाँडै हटाएर मैले प्रधानमन्त्री चलाउनुपर्छ भन्ने भाव आउन थालेको थियो उहाँमा। यसअघि दुई प्रधानमन्त्रीत्वकाल खाइसक्नुभएका गिरिजाबाबुलाई अब किसुनजीलाई हटाएर म गर्छु भन्ने लागेको थियो। तर, त्यसपछि पनि प्रधानमन्त्रीको शपथको साइत पटक-पटक जुरिरह्यो। गिरिजाप्रसादको साइतको त्यो लहरोमै एकपटक फेरि शेरबहादुरले घोषणा गर्नुभो, म माओवादीलाई मिलाउँछु। उहाँ पुनः प्रधानमन्त्री हुनुभयो। अहिले पनि नेताहरूलाई यस्तै लागेको हुन सक्छ- म मिलाउँछु। आफू प्रधानमन्त्री भए मुलुकलाई १० वर्षभित्र अरू कुनै पनि देशभन्दा स्तरीय बनाउँछु भन्ने उद्गार त हरेक नेताले प्रकट गरिसकेकै छन्।

'मैले सक्छु' यो वक्तव्यका दुई-तीन पहलु छन्। एक : सम्बन्धित पात्र अर्थात् प्रधानमन्त्री बन्न इच्छुक महोदयका मनमा कसरी त्यस्ता कुरा गर्ने दुस्साहस उत्पन्न हुन्छ ? यो एउटा परिहासमय वाक्यले बनेको वक्तव्य हुन्छ। के कुनै व्यक्तिले, कुनै प्रधानमन्त्रीले, चाहँदैमा मुलुकको वृद्धिदर १० वर्षमा रातारात बदल्न सक्छ ? तर, यसको उत्तरमा भन्दा यहाँका विद्वान्, बुद्धिजीवी, पत्रकार, पढे-लेखेका व्यक्ति कसैले पनि त्यसको हास्यास्पद पक्ष औँल्याउँदैनन्। कताकता सबैलाई लाग्छ होला- कुरा यो पो हो त! यो भ्रम नेपालको बौद्धिक र इलिट समाजमा प्रशस्त देखिन्छ। नेताले आफू प्रधानमन्त्री हुनका लागि म समाधान गर्छु भन्नु र आफैँ प्रधानमन्त्री बन्छु भन्नु आफैँमा ठूलो कुरो होइन। त्यो नेताहरूलाई लागेकै हो। त्यो आत्मगत सोचाइ हो। कुनै समय शेरबहादुरले पनि म माओवादी समस्या समाधान गर्छु भनेकै हुन्।

यसका अलाबा, पात्रको वरिपरि जम्मा भएको स्वार्थ समूहद्वारा गरिएको समर्थन र संवर्द्धन महत्त्वपूर्ण हो। त्यति नभई जुन वर्ग, व्यक्ति वा जातिको हातमा मुलुकको सारा डाडु-पन्यु छ, त्यसको वर्गीय हित पनि यस्तै व्यक्तित्वमा केन्द्रित रहेको हुन्छ। समर्थकहरू अबचाहिँ आफ्नो मान्छे प्रधानमन्त्री हुने भो भनेर हल्ला गर्छन्। त्यसको वास्तविक उपचार कहाँ छ ?

अहिलेको व्यवस्थालाई सबैले बुझेका छन्, यो संसदीय व्यवस्थाकै एउटा अर्को संस्करण हो। सुरुमा माओवादीले यसमा चित्त बुझाएका थिएनन्। उनीहरूले विभिन्न उपाधि र विशेषण अथवा प्रत्यय र उपसर्ग लगाएर यो संसदीय व्यवस्थालाई 'हामी संसदीय व्यवस्थामा सहभागी हुन कहाँ आएको हौँ र' भन्ने गरेका थिए। जे भन्नुहोस्, यो संसदीय व्यवस्था हो र यसले केही पनि गर्न सक्दैन। यो त बोल्ने संस्था मात्रै हो- खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने थलो। यो मान्यताबाटै कम्युनिस्ट प्रणाली सुरु भएको हो। कार्लमार्क्सले यस कथनको प्रयोगमा कुनै संकोच गरेका छैनन्।

लेनिनले राज्यसत्ता र क्रान्ति भन्ने पुस्तकमा लेखेका छन्- मार्क्सले कम्युनिस्ट प्रणाली सुरु गर्न सकेनन्। हामीले संसदीय व्यवस्था बनाउन खोजेका होइनौँ है भने कार्लमार्क्सले। उनले अनेकौँ पुस्तिकामा यो लेखेका छन्। अन्त्यमा उनले पेरिस कम्युनबारे लेखेर आफूले बनाउन खोजेको व्यवस्थाको रूपरेखा सिद्ध पनि गरे। पेरिस कम्युनबारे लेखेकोलेखकै बुई चढेर अथवा त्यसैलाई आधार बनाएर लेनिनले राज्यसत्ता र क्रान्ति लेखे। त्यसै आधारमा उनले बोल्सेविक क्रान्ति प्रारम्भ गरे। पछि चीनमा बेथिति हुन थालेको देखेर प्रतिक्रियावादी र पुरातनवादी सत्ता शक्तिहरू गोलबद्ध हुन थालेपछि माओत्सेतुङले राज्य सत्ता र क्रान्तिको उद्धरणसहित सांस्कृतिक क्रान्तिको उद्‌घोष र प्रारम्भ गरे। तर, ती सबै कहीँ पुगेनन्।

ती कहीँ नपुगेपछि आज अहिले नेपालमा के छ त ? नेपालमा आज माओवादी नेतृत्वको स्थिति अस्पष्ट छ। माओवादी मच्चिए मच्चिए थच्चिएको अवस्थामा छन्। उनीहरूका अगाडि कुनै परिकल्पना छैन। प्रचण्डले नेतृत्व गरेको माओवादीको मूलधारसँग मतभेद राखेका बाबुराम भट्टराई र मोहन वैद्यसँग खासै नयाँ छैन भन्ने थाहा छ।

> प्रत्येक पालिकाका प्रत्येक वडामा आठ-दश युवाले त्यहीँ जरोकिलो गाडेर समस्यासँग लड्नुपर्छ। यो देश हाम्रो हो, हामीले युरोप-अमेरिका गएर भाँडा माझ्ने र भारतमा चौकीदारी गर्ने होइन भन्ने एक प्रकारको प्रच्छन्न राष्ट्रभाव नआई समस्याको समाधान निस्किँदैन।

बरु धन्न विप्लवले भनेका छन्- 'होइन, हाम्रो पुरानो क्रान्तिको लक्ष्य ठीक थियो। म लक्ष्यमा अडिग छु। रह्यो कांग्रेसको कुरा। कांग्रेस चीर निद्रामा छ। उसको निद्रा अझै खुलेको छैन। भदौमा आँखा फुटेको गोरुले सधैँ हरियो देख्छ। बारम्बार सताच्युत हुँदा पनि कांग्रेस पार्टी सत्ताकै निमित ऱ्याल चुहाएर बसेको छ। सत्ताको चरित्र फेरिनुपर्छ भन्ने अनुभूति कांग्रेसमा छैन। जोसुकै प्रधानमन्त्री भए पनि, शेरबहादुर, रामचन्द्र, शेखर जो भए पनि सत्तामा जस्ताको तस्तै गएर यस राज्य संयन्त्रबाट परिवर्तन गर्न सकिने केही छैन।

मनुष्यको सबभन्दा प्रिय वस्तु उसको ज्यान हो। मनुष्यको मात्रै होइन, प्राणी मात्रको। सामान्य भोक, तृष्णा त कुकुर, बिरालो सबैको उही हो। प्राणीहरू आफ्नो ज्यान बचाउन जुनसुकै संघर्ष, प्रतिकार गर्न तयार हुन्छन्। हो, उनीहरूमा चेतनाको अभाव हुन सक्छ। राज्य र सञ्चारमाध्यमले चेतनाको ज्ञान दिने हो। चेतनाको प्रसार नगरी ज्यानको जिम्मा लिनु भनेको राज्यले चालेको हास्यास्पद कदम हो। अहिले देशको प्रमुख समस्या कसैले बुझ्न सकेको छैन। एउटा क्रान्ति भयो, ठीक छ। संसदीय लोकतन्त्र आयो। त्यतिले पुगेन र गणतन्त्र आयो। तैपनि, आजको राज्यको संरचनामा कुनै रूपान्तरण भएको छैन।

१७-१८औँ शताब्दीमा बेलायत र फ्रान्सबाट सुरु भएका कतिपय राजनीतिक विचारधारा तेस्रो विश्वका लागि बिलकुलै उपयुक्त छैनन्। अहिलेसम्म पनि हामी ती विचारधाराभन्दा अगाडि बढ्न सकेका छैनौँ। एसियाली परिस्थितिलाई साँचो अर्थमा बुझेर मौलिक परिवर्तन गर्न खोजेका थिए, मोहनदास गान्धीले।

कार्लमार्क्सले संसदीय व्यवस्थाको कडा आलोचना गरेका छन्। तर, त्योभन्दा पनि गम्भीर भाषामा गान्धीले आलोचना गरेका छन्। उनले भनेका छन्- राज्यको सम्पूर्ण शक्ति जनतालाई दिनुपर्छ। गाउँपालिकामा शक्ति जानुपर्छ। केन्द्रले गाउँलाई सत्ता दिने कुरै छैन। सत्ता त गाउँको हो। र, गाउँलेले नै त्यो सत्ता केन्द्रमा दिने हो। गान्धीको परिकल्पना यही थियो। यसलाई उनी ग्राम स्वराज भन्थे। अहिले त्यतातिर विस्तारमा नजाऊँ। सम्झिराख्ने जरुरत पनि छैन।

मुख्य कुरो के हो भने पाँच वर्षमा एकपटक चुनाव भएर ल सरकार बनाऊ भने। चुनाव पनि कस्तो त भने कि फलानो फाल कि फलानो साथ राख- यी दुइटा मात्रै विकल्प छन्। यो पुँजीवादी व्यवस्थाको सबभन्दा ठूलो परिचय हो। जा टुथपेस्ट किन्, कि त कोलगेट किन्, कि त क्लोजअप। बजारमा सीमित उपभोग्य सामग्री छन्। जसरी उपभोक्ता ती सामग्री किन्न बाध्य छन्, त्यसरी नै हामी पनि राजनीतिक स्वतन्त्रताको नाममा दुइटा वा तीनवटा पार्टीमध्ये एउटालाई रोज्न अभिशप्त छौँ। बेलायतमा पनि यही देखिएको छ। त्यहाँ कि लेबर छन् कि कन्जर्भेटिभ। अमेरिकामा पनि देखिएको छ। यो सबै मुलुकमा वेलावेलामा झिनो स्वरमा आवाज उठ्ने गरेको छ कि जनप्रतिनिधिलाई फिर्ता बोलाउन दिइनुपर्छ। तर, जनप्रतिनिधिलाई फिर्ता बोलाउने अभिक्रम कहीँ सुरु भएको छैन।

अहिले नेपालमा स्थानीय सत्ता आएको छ। स्थानीय सत्तालाई थोरबहुत अधिकार दिइएको छ। स्थानीय जनप्रतिनिधिले ती अधिकारको सन्तोषजनक उपयोग गरेका छैनन्। कारण स्पष्ट छ। ठूला मान्छेले जस्तो व्यवहार गर्छन्, सानाले त्यही गर्छन्। जुन रवाफ र फुर्ती अहिले प्रधानमन्त्रीको छ, राष्ट्रपतिको छ, त्यही रवाफ र फुर्तीको प्रदर्शन वडाध्यक्ष पनि गर्न चाहन्छन्।

एउटा कुरा स्पष्ट छ। नेपालमा आजसम्म जति पनि विद्रोह र संघर्ष भएका छन्, तीभन्दा झन् ठूलो, झन् व्यापक र झन् बहु-आयामिक क्रान्तिको पूर्वसन्ध्या हो, अहिलेको समय। यतिवेला फुर्सदमा बसिरहेका युवा समाजवादीहरूको बाटो के त ? तपाईं बारम्बार सोध्नुहुन्छ। बाटो यही हो। र, बहु-आयामिक क्रान्ति कुनै एकजना महापुरुषले, विष्णु भगवान्‌का अवतार रामले झैँ धनुष तोडेर गर्ने होइन। यसका लागि प्रत्येक व्यक्ति जिम्मेवार हुनुपर्छ। एकैचोटि तीन करोडमा प्रत्येक व्यक्तिलाई जिम्मेवार हुनुपर्छ- भन्न नसकिएला। कमसेकम नेपालजस्तो मुलुकमा प्रत्येक पालिकाका प्रत्येक वडामा आठ-दश युवाले त्यहीँ जरोकिलो गाडेर समस्यासँग लड्नुपर्छ। यो देश हाम्रो हो। हामीले युरोप-अमेरिका गएर भाँडा माझ्ने र भारतमा चौकीदारी गर्ने होइन भन्ने एक प्रकारको प्रच्छन्न राष्ट्रभाव नआई समस्याको समाधान निस्किँदैन।

---

३ प्रश्न

राजनीतिक विश्लेषक **श्याम श्रेष्ठलाई**



राष्ट्रिय सभा निर्वाचनमा सहकार्य गर्न सत्ता गठबन्धनसँग एमालेले गरेको प्रस्ताव कस्तो लाग्यो ?

अबको निर्वाचनपछि राष्ट्रिय सभामा एमालेको उपस्थिति शून्य हुने अवस्था छ। अहिलेको गठबन्धनको गणित हेर्दा एमालेले राष्ट्रिय सभामा आफ्नो सिट जोगाउन सक्ने देखिन्न। त्यसैले, त्यही शून्यताबाट बच्न गरिएको प्रयास मात्र हो यो। देशको परराष्ट्र नीति, शिक्षा नीति, स्वास्थ्य नीति, विकास नीति कस्तो बनाउने भन्ने विषयमा सबै दल एकै ठाउँमा आउनुपर्छ भनेर गरिएको प्रस्ताव भए यसलाई स्वागतयोग्य मान्नुपर्थ्यो। तर, त्यस्तो केही देखिन्न। यो खालि आफ्नो पार्टीको शून्य प्रतिनिधित्वको अवस्थाबाट बच्न संक्रमणकालीन न्यायको विषयलाई 'बार्गेनिङ'को औजार बनाउन खोजिएको जस्तो देखिन्छ।

यो एमालेको सहमति र सहकार्यको ठोस पहल हो कि आफ्ना केही सिट जोगाउने रणनीतिक चाल ?

राजनीतिक सहमति र सहकार्यको पहल भएको देखिन्न। देशका मूलभूत राजनीतिक मुद्दामा सहकार्यको घनीभूत गृहकार्य भएको कहीँकतै देखिन्न, सुनिन्न। त्यसैले, एमालेको यस्तो प्रस्ताव राजनीतिक सहमति र सहकार्यको प्रस्थानविन्दु बन्ला जस्तो लाग्दैन। त्यसैले, त्योभन्दा बढ्ता बुझ्नु गल्ती होला जस्तो लाग्छ।

यसले सत्ता गठबन्धन र राष्ट्रिय राजनीतिमा कस्तो प्रभाव पार्ला ?

यसले त्यस्तो खास फरक पार्दैन। सत्ता गठबन्धनभित्रैबाट एकीकृत समाजवादी र उपेन्द्र यादवको पार्टीले दह्रो विरोध गरेको सुनिन्छ। गठबन्धनभित्र रहेका यी दलको पनि त साथ, समर्थन र सहयोग चाहिएला। त्यसैले, अहिले नै सबै 'सिन' 'क्लियर' भइसकेको छैन।

प्रेरक प्रसंग

जत्रो झोला त्यति नै दान

एकपटक बुद्ध केही दिनका लागि एक स्थानमा बसेर प्रवचन दिइरहेका थिए। पहिलो दिनको प्रवचन समाप्त गर्दै उनले भने- सबै आआफ्नो स्थानबाट जाग, समय तिम्रो हातबाट फुत्कँदै छ। बुद्धको यस भनाइसँगै सभा विसर्जित भयो। बुद्धले आफ्ना प्रिय शिष्य आनन्दसित बाहिरतिर घुमेर आउने प्रस्ताव गरे। आनन्द बुद्धको पछि लागे।



उनीहरू दुवै विहारको मुख्य ढोकामा पुग्दा प्रवचन सुनेर निस्किरहेका भक्तजनको भिड भएकाले उनीहरू दुवै एकातिर उभिएर भक्तजनको भिड घट्ने प्रतीक्षामा बसे। बुद्धलाई देखेर भिडबाट एक युवती नजिक आइन्। उनले भनिन्- हे तथागत, म एक नर्तकी हुँ। आज म नगरप्रमुखको घरमा नृत्यका लागि जानुपर्ने थियो। तर, मैले यसबारे भुलिसकेकी रहेछु। जब तपाईंले 'समय तिम्रो हातबाट फुत्कँदै छ' भन्नुभयो तब मैले यसबारे सम्झिएँ। त्यसैले, तपाईंलाई धन्यवाद छ।

युवती त्यहाँबाट गएपछि एक अधबैँसे पुरुष बुद्धको नजिक आए। उनले भने- तथागत, म एउटा डाँकु हुँ। आज मैले एक स्थानमा डकैती गर्नु थियो। तर, प्रवचन सुन्दासुन्दै मैले त्यो सब भुलिसकेको रहेछु। तर, तपाईंको उपदेशको अन्तिम कथन सुनेपछि मैले सबै सम्झिएँ। तपाईंलाई धेरै-धेरै धन्यवाद!

ती पुरुष त्यहाँबाट गएपछि एक वृद्ध बिस्तारै बुद्धको नजिक पुगे। उनले भने- हे तथागत, म जिन्दगीभर दुनियाँको माया, ममताको पछाडि दौडिरहेँ। अब मृत्यु नजिक आइरहेको छ। यतिखेर मलाई लाग्दै छ कि मेरो सम्पूर्ण जिन्दगी बेकार भयो। तपाईंको प्रवचनबाट आज मेरा आँखा खुले। अब सबै छाडेर निर्वाणको प्रयास गर्छु।

जब सबै मानिस गइसके तब बुद्धले भने- देख्यौ त आनन्द, मैले प्रवचन त एउटै दिएको हुँ। तर, मानिसले आआफ्नो हिसाबले फरक-फरक अर्थ निकाले। जोसित जत्रो झोला हुन्छ, उसले त्यति नै दान थाप्न सक्छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

देशलाई आर्थिक भार नबोकाऊ

मधेश प्रदेशमा नेता व्यवस्थापन गर्न मन्त्री बनाएर मन्त्रालय थपिए पनि अहिलेसम्म मन्त्रालयको नाममा एउटा खातासमेत खोल्न सकिएको रहेनछ। जब खाता खोल्नसमेत सकिन्न, बजेट अभावमा कुनै काम गर्न सकिन्न र मन्त्रीलाई गाडी र इन्धनको जोहो पनि उधारोमा गर्नुपर्छ भने कसैले मन्त्री बनेर झन्डा हल्लाउने रहर किन गर्दो हो ? यसरी विनाप्रयोजन एउटा मन्त्रालय थपिँदा त्यसबाट राज्यलाई अनावश्यक व्ययभार थपिन्छ। जब कामै छैन भने बेकारमा राज्यलाई अनावश्यक व्ययभार बढाउने निर्णय किन गर्छन्, हाम्रा दलका नेताहरू ? यस्ता काम न काजका मन्त्रालय तत्काल बन्द गर। कसैको मन्त्री बन्ने रहर पूरा गर्नकै लागि यसरी देशको ढुकुटी रित्याउन पाइँदैन।

● **वन्दना नेपाली**, दधिकोट, भक्तपुर

आयोगले ठीक निष्कर्ष निकालेछ

विद्युत् नियमन आयोगले प्रिमियम सुविधा लिएर पनि प्राधिकरणलाई शुल्क नबुझाउने उद्योगबाट ०७७ जेठसम्मकै बक्यौता उठाउनुपर्ने भनी निकालेको निष्कर्ष ठीक छ। सर्वसाधारणले सामान्य बक्यौता समयमै तिर्न नसक्दा लाइन काट्ने र जरिवानासमेत असुलेर मात्र लाइन जोड्ने प्राधिकरणले उद्योगका हकमा पनि त्यही नियम लागू गर्नुपर्छ। प्रिमियम सुविधा लिएर शुल्क नतिर्ने छुट कसैलाई छैन। जनतालाई अँध्यारामा राखेर उनीहरूलाई त्यो सुविधा दिइएको हुनाले उद्योगीहरूले शुल्क नतिरी सुखै छैन। महसुल छिटो भुक्तान गर।

● **सुनन्दा पाठक**
गल्कोपाखा, काठमाडौं

राजनीतिबाट टाढै राख

शिक्षकहरूले आफूहरूले वैचारिक आस्था राख्न पाउनुपर्ने माग गरेको समाचार पढ्दा केही लेख्न मन लाग्यो। हाम्रो देशको सामुदायिक शिक्षाको स्तर खस्किनुको मुख्य कारण शिक्षकहरूको राजनीतिक संलग्नता हो। संस्थागत विद्यालयमा राजनीति नघुसेको हुनाले त्यताको पठनपाठन केही हदसम्म सन्तोषजनक नै देखिन्छ। तर, सामुदायिक विद्यालय, कलेज र विश्वविद्यालयमा भने राजनीतिको कालो छाया मडारिइरहने र शिक्षकहरू पनि राजनीतिको बर्को ओढ्न पाए पुग्ने भएकाले पठनपाठन लथालिंग भएको हो। शिक्षकलाई राजनीतिबाट टाढा राख।

● **अव्यक्त महर्जन**
ढल्को, काठमाडौं

गोकर्णेश्वरमा बेथिति बढ्यो

देशभरका स्थानीय तहमा नीतिगत भ्रष्टाचार तथा बेथिति निकै बढेको समाचार आइरहेको समयमा काठमाडौंको गोकर्णेश्वर नगरपालिकामा पनि अवस्था फरक छैन। यस नगरपालिकाको बेथितिविरुद्ध कुनै पनि मिडियाको नजर नगएकाले यसै पत्रमार्फत सार्वजनिक गर्ने कोसिस गरेको छु। नगरपालिकामा कुनै काम लिएर जाँदा महिनौँ धाउनुपर्छ। अझ घरको नक्सा पास गर्न गयो भने त इन्जिनियरलाई अतिरिक्त रकम नदिई पासै हुँदैन भन्ने गुनासो सुनिन्छ। एमाले र कांग्रेसबाट नियुक्ति पाएका कर्मचारीलाई कसले छुने ? उनीहरूलाई केको डर ? जनताका कुनै पनि सजिलै हुँदैन। एउटा सिफारिसको दुई हजार तिर्नुपर्छ। जन्मदर्ता, मृत्युदर्ता गर्न पनि शुल्क तिर्नुपर्छ। फोहोरको मनलागी पैसा उठाइन्छ। पाइलैपिच्छे नागरिकले कर तिर्नुपर्छ, तर जनता न्यूनतम सुविधाबाट समेत वञ्चित छन्। नगर अस्पताल छ, उपचार सर्वसुलभ छैन। अस्पताल अस्पताल जस्तो छैन। नेपाल सरकारले दिएको सहुलियत औषधिसमेत पाइँदैन भन्ने जनगुनासा सुनिन्छन्। यसप्रति सम्बन्धित निकायको ध्यान छिटो जाओस्। नगरपालिकामा स्वास्थ्य शाखा छ। स्वास्थ्य शाखाले कर्मचारी राखेको छ, राजनीतिक दलका मान्छे। नगर अस्पतालमा भिडभाड छ, व्यवस्थित छैन। काठमाडौंकै नगरपालिकाको हालत यस्तो छ भने बाहिर जिल्लातिरको कस्तो होला ? वर्षौंपछि स्थानीय सरकार पाएर खुसी भएका यस नगरपालिकाका जनतामा यतिखेर निराशा छाएको छ। स्थानीय तहलाई नियमन गर्ने कसले ? कि सधैँ यसरी नै छुट दिने हो ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अमेरिका-चीन संलग्नताको अवसानका लागि जिम्मेवार को ?

सन् २००८ मा अमेरिकामा देखिएको आर्थिक मन्दीपछि तत्कालीन चिनियाँ राष्ट्रपति हु जिन्ताओले देङको विदेश नीतिलाई खारेज गरेका थिए



देश / विदेश

● जोसेफ एस. नाई जुनियर

जब चिनियाँ राष्ट्रपति सी जिनपिङले अमेरिकी राष्ट्रपति जो बाइडेनसँग गत वर्षको शरदयाममा भेटे, तब कतिपयले अमेरिका र चीनबीचको संलग्नता ब्युँतिएको अर्थ लगाए। वास्तवमा सो भेट नीतिमा ठूलो परिवर्तन नभई एक सानो तनाव निवारण गर्न भएको थियो।

अमेरिका-चीन संलग्नता सन् १९७२ मा निक्सनका पालामा सुरु भएर क्लिन्टनको नेतृत्वमा विस्तार भएको थियो। त्यसयता चीनको दीर्घकालीन उद्देश्यबारे चनाखो हुन नसकेको भन्दै अमेरिकी नीतिको आलोचना हुँदै आएको छ। सुरुमा आधुनिकीकरण सिद्धान्तद्वारा निर्देशित नीतिले चीनमा आर्थिक वृद्धिमार्फत उदारीकरण आउने आकलनविपरीत सीको नेतृत्वले पहिलेका अनुमानलाई चुनौती दिँदै निरंकुशता बढाएको छ। चीनसँगको अमेरिकाको संलग्नता सोभियत संक्रमणको सामना गर्न निक्सनसँग सुरु भएको र अमेरिका-जापान सुरक्षा सन्धिलाई बलियो बनाउन क्लिन्टनले जारी राखेको रणनीतिक आयाम थियो। क्लिन्टन चनाखो नभएको आलोचना गर्नेले अमेरिका-जापान गठबन्धनको प्राथमिकतालाई बेवास्ता गर्छन्। स्मरण रहोस्, अमेरिका-जापान गठबन्धन आज एसियामा शक्ति सन्तुलनको मुख्य पाटो बनेको छ।

यति भन्दै गर्दा अमेरिकातर्फबाट कमजोरी नभएका होइनन्। उदाहरणका लागि चीनको इन्टरनेट नियमनलाई बिल क्लिन्टनले ठट्टा गर्दै हियाएका थिए। वास्तवमा चीनको 'ग्रेट फायरवाल' संयन्त्रले इन्टरनेट नियमनमा राम्रै सफलता हासिल गरेको थियो। विश्व व्यापार संगठनका नियम पालना नगरेकामा चीनले ठूलो सजायको सामना गर्नुपर्ने थियो, तर अमेरिकाले चीनलाई संगठनको सदस्यता दिलाउन सहजीकरण गरेकाले सजाय भएन।

चीनको बढ्दो आर्थिक वृद्धिले लोकतान्त्रीकरण नै नभए पनि उदारीकरण निम्त्याएको थियो। थुप्रै विज्ञ चिनियाँ जनता इतिहासमै सबैभन्दा बढी व्यक्तिगत स्वतन्त्रता उपभोग गरिरहेको बताउँछन्। पदभार ग्रहणअघि राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभान र ह्वाइट हाउस एसिया संयोजक कर्ट क्याम्पबेलले 'चीनसँगको अमेरिकी संलग्नताले चिनियाँ राजनीतिक व्यवस्था, अर्थतन्त्र र विदेश नीतिमा आधारभूत फेरबदल ल्याउने अनुमान एक स्पष्ट गल्ती थियो' भनेर लेखेका थिए। समग्रमा हेर्दा यी दुवैको विचार गलत थिएन। तर, यसको अर्थ कुनै परिवर्तन भएन भन्ने होइन। आणविक अप्रसार र इरान एवं उत्तर कोरियामाथि राष्ट्र संघको प्रतिबन्धजस्ता महत्त्वपूर्ण मुद्दामा चीनको विदेश नीतिमा महत्त्वपूर्ण परिवर्तन देखिएका छन्।

जब म क्लिन्टन प्रशासनमा काम गरिरहेको थिएँ, तब मैले कंग्रेसलाई 'यदि हामीले चीनलाई शत्रुका रूपमा व्यवहार गर्छौं भने हामीले भविष्यका लागि शत्रुको सुनिश्चितता गरिरहेका छौँ। त्यसैगरी, हामीले चीनलाई मित्र मान्छौँ भने मित्रताको सुनिश्चितता हुनेछैन। यो अवस्थामा हामीले कम हानिकारक विकल्प रोज्न सक्छौँ' भनेको थिएँ। विदेशमन्त्री कोलिन पावेलले सन् २००१ मा मेरा कुरालाई बल पुग्ने गरी कंग्रेसमा 'चीन हाम्रो होइन, शत्रु र हाम्रो चुनौती भनेको चीन शत्रु नभएको अवस्था कायम राख्नु हो' भनेका थिए।

मेरो समयको चीनप्रतिको अमेरिकी नीति यथार्थपरक थियो, तथापि चिनियाँ व्यवहार सीको जस्तो होला भन्ने ठानेको थिइनँ मैले र यो मामिलामा म आफ्नो भूल स्विकार्छु। केही चिनियाँ चीन-अमेरिकी सम्बन्ध बिग्रिनुमा डोनाल्ड ट्रम्पको हात रहेको बताउँछन्, तर ट्रम्पले आगोमा घ्यू थपेका मात्र हुन्।

सन् २०१२मा सत्तारोहण गरेलगत्तै खुला बजारलाई सुरक्षित बनाउन खोज्दै सीले राजनीतिक उदारीकरणमाथि



तस्बिर : गेटी इमेजेस

हमला गरे। हालैका वर्षमा उनले राज्य स्वामित्वका व्यापारलाई पोस्दै निजी कम्पनीमा कडाइ गरेका छन्। त्यस क्रममा उनले अमेरिकी अधिकारीलाई 'महान् शक्ति सम्बन्ध' कायम गर्ने 'नयाँ मोडेलको' आवश्यकता रहेको बताएका थिए। पश्चिमा मुलुकले चीनको शान्तिपूर्ण उदय कहिल्यै नस्विकार्ने भन्दै अहिले उनले चिनियाँ जनमुक्ति सेनाका उच्च पदस्थ अधिकारीलाई युद्धका लागि तयार रहन निर्देशन दिएका छन्।

ट्रम्प र सी चीन-अमेरिकी सम्बन्धमा चिसोपना ल्याउने महत्त्वपूर्ण घटनाका जिम्मेवार हुन्, तर चिसोपनाको जरा गहिरा छन्। सन् १९७० को दशकको अन्त्यताका चीनलाई गरिबीको गर्तबाट निकाल्न देङ सियायोपिङले बजार सुधार गरेका थिए, तर विदेश नीति भने मध्यस्थ खालको लिएका थिए, अर्थात् 'आफ्नो सामर्थ्य लुकाऊ र सही समय कुर'को नीति अपनाएका थिए। सन् २००८ मा अमेरिकामा देखिएको आर्थिक मन्दीपछि तत्कालीन चिनियाँ राष्ट्रपति हु जिन्ताओले देङको विदेश नीतिलाई खारेज गरे।

चिनियाँ नेतृत्वले उदार अन्तर्राष्ट्रिय अर्थ-व्यवस्थाबाट लाभ लिएका भए पनि अहिले ती यो अर्थ-व्यवस्था चाहन्नन्। चीनले राज्य अनुदानको प्रयोग गरेर अन्तर्राष्ट्रिय व्यापारमा तोडमरोड मात्रै गरेन, चीनले ठूलो मात्रामा बौद्धिक सम्पत्तिको साइबर चोरीसमेत गरेको छ। दक्षिण चीन सागरमा चीनले कृत्रिम टापु बनाउने वैध सीमा पनि पार गरेको छ। सन् २०१५ मा सीले टापुको सैन्यीकरण नगर्ने बताए पनि चीनले सैन्यीकरण गऱ्यो। सन् २०१६ मा चीनविरुद्ध फिलिपिन्सले दायर गरेको मुद्दामा समुद्री कानुनका लागि अन्तर्राष्ट्रिय न्यायाधीकरणले गरेको फैसला चीनले अस्वीकार गऱ्यो।

महाशक्तिका रूपमा चीन उदाउन खोज्दा प्रतिक्रिया निम्तिएको छ। विशेषतः अमेरिकाबाट चिनियाँ आयातमा भएको रोकले चीनमा रोजगारी घट्दा तिक्तता बढेको छ। सन् २०१५ को पेरिस जलवायु सम्झौता अमेरिका-चीन संलग्नताको अन्तिम सहकार्यको क्षण थियो। अमेरिका-चीन सम्बन्ध सन् २०१६ मै अन्त्य भएको हो र अहिले सम्बन्ध छ भनेर भ्रम नपाल्दा हुन्छ। आजको महाशक्ति प्रतिस्पर्धाको समयमा 'व्यवस्थित प्रतिस्पर्धा' र 'प्रतिस्पर्धात्मक सहअस्तित्व'ले आपसी संलग्नतालाई प्रतिस्थापित गरेको छ।

(नाई जुनियर हार्वर्ड विश्वविद्यालयका प्राध्यापक एवं अमेरिकी पूर्वउपरक्षामन्त्री हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

नाबालिगसँग यौनक्रियामा संलग्न हुनेमा बिल क्लिन्टनदेखि हकिङसम्मको नाम सार्वजनिक



न्युयोर्क/ बालबालिकालाई वेश्यावृत्तिका लागि प्रयोग गरेर कुख्याति कमाएका जेफ्री एप्सटिनसम्बन्धी अदालतमा बुझाइएका सयौँ गोप्य दस्तावेज यो साताबाट सार्वजनिक गर्न सुरु गरिएको छ। अमेरिकी न्यायाधीश लोरेटा प्रस्काले यस प्रकरणमा मुछिएकाहरूको नाम गोप्य राख्नुपर्ने कुनै कानुनी आधार नरहेको भन्दै सार्वजनिक गर्न आदेश जारी गरेकी थिइन्।

यस प्रकरणमा मुछिने चर्चित नाममा ब्रिटिस(राजा चार्ल्सका भाइ) राजकुमार एन्ड्रयु, पूर्वअमेरिकी राष्ट्रपति बिल क्लिन्टन, ब्रिटिस वैज्ञानिक स्टेफन हकिङलगायत छन्। पीडित भर्जिनिया गिउफ्रेले एप्सटिनकी सहयोगी घिसलेन म्याक्सवेल एप्सटिनको यौन बेचबिखनको धन्दामा संलग्न भएको मुद्दा दायर गरेको कैयौँ वर्षपछि नाम सार्वजनिक गर्न लागिएको छ। गिउफ्रेले सन् १९९९ देखि २००२ सम्म आफू नाबालिग रहँदा यौनहिंसा भएको आरोप लगाएकी छिन्।

थुनामा राखेर अनुसन्धान चलिरहँदा एप्सटिनले सन् २०१९ को अगस्टमा न्युयोर्कको जेलमा झुन्डिएर आत्महत्या गरेका थिए। 'डो ३६' भनेर चिनाइएका पूर्वअमेरिकी राष्ट्रपति बिल क्लिन्टनको नाम अदालतको दस्तावेजमा ५० पटक उल्लेख छ। भर्जिनिया गिउफ्रेले क्लिन्टनमाथि यौनहिंसाको आरोप नलगाए पनि उनले क्लिन्टनलाई एप्सटिनको टापुमा दुई नाबालिगसँग देखेको बताएकी छिन्।

क्लिन्टनले यो दाबीलाई खारेज गर्दै आइरहेका छन्। आरोपलाई अस्वीकार गरे पनि उनले राष्ट्रपति पद छाडेपछि एप्सटिनकै विमान प्रयोग गरी पेरिस, बैंकक र ब्रुनाई पुगेको विमानको तथ्यांकले देखाएको थियो। अर्की पीडित जोहाना जोबर्गले एप्सटिनले एकपटक बिल क्लिन्टनलाई 'साना उमेर'का किशोरीहरू मनपर्ने कुरा बताएको उल्लेख गरेकी छिन्। क्लिन्टन अमेरिकी राष्ट्रपति रहँदा ह्वाइट हाउसमा इन्टर्न गर्न आएकी २२ वर्षीया मोनिका लेबेन्स्कीसँग अवैध सम्बन्ध रहेको सार्वजनिक भएको थियो।

त्यस्तै, चर्चित वैज्ञानिक स्टेफन हकिङको नाम पनि दस्तावेजमा उल्लेख छ। सन् २०१५ मा भर्जिनियाले मुद्दा दर्ता गरेपछि म्याक्सवेलले एप्सटिनलाई इमेल लेखेर 'प्राध्यापक हकिङ नाबालिगसँग सामूहिक यौन क्रियाकलापमा संलग्न भएको दाबी' झुटो देखाउन भर्जिनियाका साथीहरूलाई 'रकम' को व्यवस्था गर्न आग्रह गरेकी थिइन्।

उता ब्रिटिस राजपरिवारका सदस्य राजकुमार एन्ड्रयुमाथि पनि यौन गतिविधिमा संलग्न भएको आरोप छ। भर्जिनियाले सन् २००१ को मार्चमा आफूलाई राजकुमार एन्ड्रयुकहाँ पुर्‍याएको दाबी गरेकी छिन्। नाइट क्लबमा पुगेपछि म्याक्सवेलले उनलाई 'आफूले जेफ्रीका लागि गर्ने कुरा एन्ड्रयुका लागि गर्न' निर्देशन दिएकी थिइन्। राजकुमार एन्ड्रयुले भने आफूले कहिले पनि भर्जिनियालाई नभेटेको दाबी गर्दै आएका छन्। थप नाम सार्वजनिक हुँदा को-को पोलिने हुन् भनेर अहिले विश्वभर कुतूहल छाएको छ।

'बंगलादेशमा विपक्षीविना गरिने निर्वाचन अर्थहीन'

ढाका/ बंगलादेशका निर्वासित विपक्षी नेता तारिक रहमानले उनको पार्टीको चुनाव बहिष्कारको बचाउ गरेका छन्। बंगलादेशमा आइतबार हुने निर्वाचन प्रधानमन्त्री शेख हसिनाको शासनलाई थप सबल बनाउने 'ढोङ' मात्र भएको रहमानले आरोप लगाए। सन् २००८ देखि लन्डन बस्दै आएका रहमानले इमेलमार्फत एएफपीलाई दिएको विशेष अन्तर्वार्तामा भनेका छन्, 'बंगलादेश अर्को छद्म चुनावको नजिक पुगेको छ।' रहमानले सन् २०१८ मा बंगलादेशको प्रमुख विपक्षी दल 'बंग्लोदेश नेसनल पार्टी (बिएनपी)' की नेतृ (तथा उनकी आमा) खालिदा जियालाई जेलमा हालिएपछि सो दलको नेतृत्व गर्दै आएका छन्।

६ वर्षअघि हसिनाका लागि आयोजित चुनावी र्‍यालीमा भएको घातक ग्रेनेड आक्रमणको मुख्य योजनाकारको अनुपस्थितिमा जियालाई दोषी ठहर गर्दै आजीवन कारावासको सजाय सुनाइएको थियो। बिएनपीले चुनाव घोषणा भएदेखि नै प्रधानमन्त्री हसिनाको राजीनामाको माग गर्दै एक महिना लामो विरोध प्रदर्शन गरेको थियो। त्यस क्रममा कम्तीमा ११ जनाको मृत्यु भएको थियो। हजारौँ समर्थक गिरफ्तार गरिएका थिए। सन् २०२१ मा बंगलादेशी सुरक्षा बलमाथि मानवअधिकार उल्लंघनको आरोपमा प्रतिबन्ध लगाएको संयुक्त राज्य अमेरिका र अन्य देशले पनि यस हप्ताको मतदानको सञ्चालनबारे चासो व्यक्त गरेका छन्।

● दुई राजनीतिक परिवारको टक्कर

रहमान र हसिनाको परिवारले सन् १९७१ देखि १२ वर्षबाहेक बंगलादेशलाई शासन गर्दै आएका छन्। हसिना बंगलोदेश स्वतन्त्रता संग्रामका नेतृत्वकर्ता शेख मुजिबुर रहमानकी छोरी हुन्। सन् १९८१ मा हसिनाका पिताका साथ सम्पूर्ण परिवार सदस्यको हत्या हुँदा घरमा नभएकीले हसिना मात्र बच्न सफल भएकी थिइन्। उता शेख मुजिबुरको हत्यापछि जियाका श्रीमान् तथा रहमानका पिता जियाउर रहमानले देशको बागडोर सम्हालेका थिए। जिया उनको श्रीमानको हत्यापछि सन् १९९० को दशकदेखि राजनीतिकमा आएकी हुन्।

मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड
MANUSHI LAGHUBITTA BITTYA SANSTHA LTD
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत प्राप्त राष्ट्रियस्तरको कार्यक्षेत्र भएको संस्था
केन्द्रीय कार्यालय बनेपा–१३, भैंसेपाटी, काभ्रेपलाञ्चोक
फोन नं. ०११-६६२७८५, ०११-६६३१२७

विशेष साधारण सभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति २०८०/०९/२० गते

श्री आदरणीय शेयरधनी महानुभावज्युहरु,
यस मानुषी लघुवित्त वित्तीय संस्था लि. को संचालक समितिको मिति २०८० साल पौष १२ गते बसेको ७३ औं बैठकको निर्णय बमोजिम यस वित्तीय संस्थाको विशेष साधारण सभा देहायका प्रस्तावहरु माथि छलफल तथा निर्णय गर्नका लागि निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि अनुरोध छ।

विशेष साधारण सभा हुने मिति, समय र स्थान:
सभा हुने मिति : २०८० साल २८ गते शनिबार (तदअनुसार जनवरी १३, २०२४)।
सभा हुने समय : बिहान १०:३० बजे।
सभा हुने स्थान : पुतली घर रिसोर्ट, बनेपा नगरपालिका वडा नं. १४, साँगा, काभ्रेपलाञ्चोक।

विशेष साधारण सभाको छलफलका विषयहरू:
(क) विशेष प्रस्तावहरु:
१. मानुषी लघुवित्त वित्तीय संस्था लि. र श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. बीच गाभ्ने/गाभिने (Merger) सम्बन्धी संचालक समितिको प्रस्ताव पारित गर्ने सम्बन्धमा।
२. मानुषी लघुवित्त वित्तीय संस्था लि. र श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. बीच गाभ्ने/गाभिने (Merger) प्रयोजनका लागि मुल्याङ्कनकर्ता "संजय चौधरी एण्ड एसोसिएट्स (Sanjay Chaudhary & Associates)" बाट प्राप्त दुवै संस्थाको सम्पत्ति, दायित्व तथा कारोबारको मुल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) समेतको आधारमा निर्धारण गरिएको शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) स्वीकृत गर्ने सम्बन्धमा।
३. मानुषी लघुवित्त वित्तीय संस्था लि. र श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. बीच एक आपसमा गाभ्ने/गाभिने (Merger) सम्बन्धमा सम्पन्न समझदारीपत्र (Memorandum of Understanding), सम्पत्ति, दायित्व र कारोबारको मुल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report), गाभ्ने/गाभिने (Merger) सम्बन्धमा गठित संयुक्त मर्जर समिति (Joint Merger Committee) र संचालक समितिले गरेका निर्णयहरु एवम् सो सम्बन्धमा भएका काम कारवाही र खर्चको अनुमोदन तथा प्रारम्भिक समझदारीपत्र र अन्तिम सम्झौतापत्र स्वीकृत गर्ने सम्बन्धमा।
४. मानुषी लघुवित्त वित्तीय संस्था लि. र श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. बीच गाभ्ने/गाभिने (Merger) प्रयोजनका लागि सम्पत्ति, दायित्व तथा कारोबारको मुल्याङ्कन गर्न नियुक्त गरिएको मुल्याङ्कनकर्ता "संजय चौधरी एण्ड एसोसिएट्स (Sanjay Chaudhary & Associates)" को नियुक्ति तथा निजलाई प्रदान गरिएको पारिश्रमिक अनुमोदन गर्ने सम्बन्धमा।
५. मानुषी लघुवित्त वित्तीय संस्था लि. र श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. बीच गाभ्ने/गाभिने (Merger) प्रयोजनका लागि सम्पन्न अन्तिम सम्झौतापत्र, सोको आवश्यक स्वीकृतिका लागि नियमनकारी निकायहरुमा निवेदन पेश गर्न र गाभ्न/गाभिने (Merger) सम्बन्धमा प्रचलित कानून बमोजिम अपनाउनुपर्ने सम्पूर्ण प्रक्रियाहरु पूरा गरी अन्तिम स्वीकृति लिन र सो सम्बन्धमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल वा सुझाव आएमा आवश्यक संशोधन वा समायोजन गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
६. मानुषी लघुवित्त वित्तीय संस्था लि. र श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. बीच गाभ्ने/गाभिने (Merger) कार्य सम्पन्न भए पश्चात हुने संस्थाको अर्को साधारणसभा नभएसम्मको लागि यस कम्पनीबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालकहरुको मनोनयनलाई अनुमोदन गर्ने सम्बन्धमा।
७. मानुषी लघुवित्त वित्तीय संस्था लि. र श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. बीच गाभ्ने/गाभिने (Merger) कार्य सम्पन्न भए पश्चात हुने संस्थाको अधिकृत पूँजी, जारी पूँजी, चुक्ता पूँजी, शेयर संरचना र संस्थाको नाम, ठेगाना, कार्यक्षेत्र लगायतका विषयहरुमा परिवर्तन भए बमोजिम संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा।
८. प्रबन्धपत्र र नियमावली संशोधन सम्बन्धमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा अन्य नियमनकारी निकायहरु बाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार कुनै विषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगायतका अन्य सम्पूर्ण कार्य गर्न गराउन संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
९. संस्थापक संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा।
(ख) विविध।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

विशेष साधारण सभा सम्बन्धी अन्य जानकारी:
१. विशेष साधारण सभामा भाग लिन नसक्ने र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सम्बन्धित समुहकै शेयरधनीको नाममा प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी केन्द्रीय कार्यालय बनेपा न.पा. वडा नं. १३, भैंसेपाटी, काभ्रेपलाञ्चोकमा सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगाडी दर्ता गराई सक्नुपर्ने छ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति वित्तीय संस्थाको सम्बन्धित समुहको शेयरधनी हुनुपर्ने छ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरिसक्नु भएका शेयरधनी आफैं सभामा उपस्थित भई हाजिरी किताबमा हस्ताक्षर गरेमा यस अघि दिएको प्रोक्सी स्वतः बदर हुनेछ।
२. विशेष साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर हितग्राही (Demat) खाता नम्बर र आफ्नो परिचय खुल्ने फोटो सहितको आधिकारिक परिचय पत्र वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई उपस्थित हुन अनुरोध छ। साथै सभा स्थलमा आउँदा झोला वा अन्य कुनै प्रकारको वस्तु नलिई आउनुहुन अनुरोध गरिन्छ।
३. शेयरधनी महानुभावहरुलाई शेयरधनी दर्ता किताब आवश्यक भएमा संस्थाको केन्द्रीय कार्यालय साँगा, बनेपा-१३, भैंसेपाटी, काभ्रेपलाञ्चोक र नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लि., लेखनाथ मार्ग, ठमेल, काठमाडौंमा सम्पर्क गर्नुहुन तथा वित्तीय संस्थाको वेबसाईट https://manushilbs.com बाट समेत प्राप्त गर्न सकिनेछ।
४. प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नुपर्दछ। एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि मुकरर गरेरमा जुन प्रोक्सी वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्ने हुनेछ। प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रोक्सी नियुक्त नगरी केही शेयर आफैं राखि सभामा स्वयम् शेयरधनी उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि स्वतः बदर हुनेछ। प्रतिनिधि मुकरर गरिएको शेयरको प्रोक्सी नियुक्ति बदर गरिपाउँ भनी शेयरधनीले निवेदन पेश गरिएको अवस्थामा उक्त शेयरधनी स्वयम् उपस्थित नभएमा समेत उक्त मुकरर गरिएको प्रतिनिधि स्वतः बदर हुनेछ भने पछिल्लो प्रतिनिधि कायम हुनेछ।
५. विशेष साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत वा हस्ताक्षर गर्नुपर्ने छ। हाजिरी पुस्तिका बिहान १०:३० बजे देखि विशेष साधारण सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ।
६. नाबालक शेयरधनीहरुको तर्फबाट यस संस्थाको शयरलगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिने प्रतिनिधि तोक्न पाउनेछन्।
७. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषयमा वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ। तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन। उक्त सभामा कुनै छलफलको विषय अन्तर्गत छलफल गर्नुपरेमा कूल शेयर पूँजीको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनी महानुभावहरुले स्वीकृत दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नभएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन।
८. शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका मन्तव्य तथा प्रश्नहरुको सम्बन्धमा संचालक समितिका तर्फबाट अध्यक्ष आफैंले वा निजबाट आदेश पाएका व्यक्तिबाट सामुहिक रुपले उत्तर दिइनेछ।
९. अन्य थप जानकारीको लागि संस्थाको केन्द्रीय कार्यालय, बनेपा १३, साँगा, काभ्रेपलाञ्चोकमा कार्यालय समय भित्र सम्पर्क राख्नु हुन अनुरोध गर्दछौं।

द्रष्टव्य :
यस विशेष साधारणसभा प्रयोजनको लागि मिति २०८०/०९/२२ गते एक दिन यस वित्तीय संस्थाको शेयर दाखिला खारेज दर्ता बन्द रहने छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०९/१९ गते सम्म कारोबार भई प्रचलित कानून बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लि., लेखनाथ मार्ग, ठमेल, काठमाडौंमा रहेको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरु सो सभामा भाग लिन योग्य हुनुहुनेछ।

श्रृजनशील लघुवित्त वित्तीय संस्था लि.
SHRIJANSHIL LAGHUBITTA BITTIYA SANSTHA Ltd.
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)
केन्द्रीय कार्यालय : गोलबजार न.पा. ७, चोहर्वा, सिराहा, फोन नं. ०३३-४०१०८४, ४०१०४५
Email : info@shrijanshil.com.np, Website : www.shrijanshil.com.np

विशेष साधारण सभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति २०८०/०९/२० गते

श्री आदरणीय शेयरधनी महानुभावज्युहरु,
यस श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. को संचालक समितिको मिति २०८० साल पौष १२ गते बसेको ९८ औं बैठकको निर्णय बमोजिम यस वित्तीय संस्थाको विशेष साधारण सभा देहायका प्रस्तावहरु माथि छलफल तथा निर्णय गर्नका लागि निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि अनुरोध छ।

विशेष साधारण सभा हुने मिति, समय र स्थान:
सभा हुने मिति : २०८० साल २८ गते शनिबार (तदअनुसार जनवरी १३, २०२४)।
सभा हुने समय : बिहान १०.३० बजे।
सभा हुने स्थान : संस्थाको केन्द्रीय कार्यालय, गोलबजार नगरपालिका वडा नं. ७, चोहर्वा, सिराहा

विशेष साधारण सभाको छलफलका विषयहरू:
(क) विशेष प्रस्तावहरु:
१. श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. र मानुषी लघुवित्त वित्तीय संस्था लि. बीच गाभ्ने/गाभिने (Merger) सम्बन्धी संचालक समितिको प्रस्ताव पारित गर्ने सम्बन्धमा।
२. श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. र मानुषी लघुवित्त वित्तीय संस्था लि. बीच गाभ्ने/गाभिने (Merger) प्रयोजनका लागि मुल्याङ्कनकर्ता "संजय चौधरी एण्ड एसोसिएट्स (Sanjay Chaudhary & Associates)" बाट प्राप्त दुवै संस्थाको सम्पत्ति, दायित्व तथा कारोबारको मुल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) समेतको आधारमा निर्धारण गरिएको शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) स्वीकृत गर्ने सम्बन्धमा।
३. श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. र मानुषी लघुवित्त वित्तीय संस्था लि. बीच एक आपसमा गाभ्ने/गाभिने (Merger) सम्बन्धमा सम्पन्न समझदारीपत्र (Memorandum of Understanding), सम्पत्ति, दायित्व र कारोबारको मुल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report), गाभ्ने/गाभिने (Merger) सम्बन्धमा गठित संयुक्त मर्जर समिति (Joint Merger Committee) र संचालक समितिले गरेका निर्णयहरु एवम् सो सम्बन्धमा भएका काम कारवाही र खर्चको अनुमोदन तथा प्रारम्भिक समझदारीपत्र र अन्तिम सम्झौतापत्र स्वीकृत गर्ने सम्बन्धमा।
४. श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. र मानुषी लघुवित्त वित्तीय संस्था लि. बीच गाभ्ने/गाभिने (Merger) प्रयोजनका लागि सम्पत्ति, दायित्व तथा कारोबारको मुल्याङ्कन गर्न नियुक्त गरिएको मुल्याङ्कनकर्ता "संजय चौधरी एण्ड एसोसिएट्स (Sanjay Chaudhary & Associates)" को नियुक्ति तथा निजलाई प्रदान गरिएको पारिश्रमिक अनुमोदन गर्ने सम्बन्धमा।
५. श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. र मानुषी लघुवित्त वित्तीय संस्था लि. बीच गाभ्ने/गाभिने (Merger) प्रयोजनका लागि सम्पन्न अन्तिम सम्झौतापत्र, सोको आवश्यक स्वीकृतिका लागि नियमनकारी निकायहरुमा निवेदन पेश गर्न र गाभ्न/गाभिने (Merger) सम्बन्धमा प्रचलित कानून बमोजिम अपनाउनुपर्ने सम्पूर्ण प्रक्रियाहरु पूरा गरी अन्तिम स्वीकृति लिन र सो सम्बन्धमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल वा सुझाव आएमा आवश्यक संशोधन वा समायोजन गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
६. श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. र मानुषी लघुवित्त वित्तीय संस्था लि. बीच गाभ्ने/गाभिने (Merger) कार्य सम्पन्न भए पश्चात हुने संस्थाको अर्को साधारणसभा नभएसम्मको लागि यस कम्पनीबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालकहरुको मनोनयनलाई अनुमोदन गर्ने सम्बन्धमा।
७. श्रृजनशील लघुवित्त वित्तीय संस्था लि. र मानुषी लघुवित्त वित्तीय संस्था लि. बीच गाभ्ने/गाभिने (Merger) कार्य सम्पन्न भए पश्चात हुने संस्थाको अधिकृत पूँजी, जारी पूँजी, चुक्ता पूँजी, शेयर संरचना र संस्थाको नाम, ठेगाना, कार्यक्षेत्र लगायतका विषयहरुमा परिवर्तन भए बमोजिम संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा।
८. प्रबन्धपत्र र नियमावली संशोधन सम्बन्धमा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा अन्य नियमनकारी निकायहरु बाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार कुनै विषयमा संशोधन एवं परिवर्तन गर्न निर्देशन भएमा सो समेत मिलाई संशोधन एवं परिवर्तन गर्ने लगायतका अन्य सम्पूर्ण कार्य गर्न गराउन संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
९. संस्थापक एवम् सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने सदस्यहरुको निर्वाचन गर्ने सम्बन्धमा।
(ख) विविध।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

विशेष साधारण सभा सम्बन्धी अन्य जानकारी:
१. विशेष साधारण सभामा भाग लिन नसक्ने र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सम्बन्धित समुहकै शेयरधनीको नाममा प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी केन्द्रीय कार्यालय गोलबजार न.पा. ७, चोहर्वा, सिराहामा सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगाडी दर्ता गराई सक्नुपर्ने छ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति वित्तीय संस्थाको सम्बन्धित समुहको शेयरधनी हुनुपर्ने छ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरिसक्नु भएका शेयरधनी आफैं सभामा उपस्थित भई हाजिरी किताबमा हस्ताक्षर गरेमा यस अघि दिएको प्रोक्सी स्वतः बदर हुनेछ।
२. विशेष साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर हितग्राही (Demat) खाता नम्बर र आफ्नो परिचय खुल्ने फोटो सहितको आधिकारिक परिचय पत्र वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई उपस्थित हुन अनुरोध छ। साथै सभा स्थलमा आउँदा झोला वा अन्य कुनै प्रकारको वस्तु नलिई आउनुहुन अनुरोध गरिन्छ।
३. शेयरधनी महानुभावहरुलाई शेयरधनी दर्ता किताब आवश्यक भएमा संस्थाको केन्द्रीय कार्यालय गोलबजार न.पा. ७, चोहर्वा, सिराहा र सनराईज क्यापिटल लि., कमलपोखरी, काठमाडौंमा सम्पर्क गर्नुहुन तथा वित्तीय संस्थाको वेबसाईट www.shrijanshil.com.np बाट समेत प्राप्त गर्न सकिनेछ।
४. प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नुपर्दछ। एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि मुकरर गरेरमा जुन प्रोक्सी वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्ने हुनेछ। प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रोक्सी नियुक्त नगरी केही शेयर आफैं राखि सभामा स्वयम् शेयरधनी उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि स्वतः बदर हुनेछ। प्रतिनिधि मुकरर गरिएको शेयरको प्रोक्सी नियुक्ति बदर गरिपाउँ भनी शेयरधनीले निवेदन पेश गरिएको अवस्थामा उक्त शेयरधनी स्वयम् उपस्थित नभएमा समेत उक्त मुकरर गरिएको प्रतिनिधि स्वतः बदर हुनेछ भने पछिल्लो प्रतिनिधि कायम हुनेछ।
५. विशेष साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत वा हस्ताक्षर गर्नुपर्ने छ। हाजिरी पुस्तिका बिहान १०:३० बजे देखि विशेष साधारण सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ।
६. नाबालक शेयरधनीहरुको तर्फबाट यस संस्थाको शयरलगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिने प्रतिनिधि तोक्न पाउनेछन्।
७. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषयमा वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ। तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन। उक्त सभामा कुनै छलफलको विषय अन्तर्गत छलफल गर्नुपरेमा कूल शेयर पूँजीको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनी महानुभावहरुले स्वीकृत दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नभएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन।
८. शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका मन्तव्य तथा प्रश्नहरुको सम्बन्धमा संचालक समितिका तर्फबाट अध्यक्ष आफैंले वा निजबाट आदेश पाएका व्यक्तिबाट सामुहिक रुपले उत्तर दिइनेछ।
९. अन्य थप जानकारीको लागि संस्थाको केन्द्रीय कार्यालय गोलबजार न.पा. ७, चोहर्वा, सिराहामा कार्यालय समय भित्र सम्पर्क राख्नु हुन अनुरोध गर्दछौं।

द्रष्टव्य :
यस विशेष साधारणसभा प्रयोजनको लागि मिति २०८०/०९/२२ गते एक दिन यस वित्तीय संस्थाको शेयर दाखिला खारेज दर्ता बन्द रहने छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०९/१९ गते सम्म कारोबार भई प्रचलित कानून बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री सनराईज क्यापिटल लि., कमलपोखरी, काठमाडौंमा रहेको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरु सो सभामा भाग लिन योग्य हुनुहुनेछ।

विश्व संक्षेप

चक्कु प्रहारबाट घाइते दक्षिण कोरियाली नेताको स्वास्थ्यमा क्रमिक सुधार

सियोल/ घाँटीमा धारिलो हतियार प्रहार हुँदा घाइते बनेका दक्षिण कोरियाली विपक्षी दलका नेता ली जे-म्युङको स्वास्थ्यमा क्रमिक सुधार भइरहेको चिकित्सकले बताएका छन्। जे-म्युङ जटिलताबाट बच्न कडा निगरानीमा रहेको उनको उपचार भइरहेको सियोल नेसनल युनिभर्सिटीसम्बद्ध अस्पतालका चिकित्सकले बिहीबार बताए। ली दक्षिणी बन्दरगाह सहर बुसानमा मंगलबार पत्रकारसँगको कुराकानीपछि गाडीतर्फ जाने क्रममा धारिलो हतियार प्रहार भएपछि सख्त घाइते भएका थिए। उनको घाँटीको बायाँ भागमा चक्कुको चोट लागेको छ। टाउकोबाट शरीरमा रगत जाने नसामा चोट लागेका लीलाई तत्कालै स्थानीय अस्पतालमा लगिएको थियो। त्यहाँ उपचार सम्भव नभएपछि नेता लीलाई राजधानी सियोल लगी करिब दुई घन्टा लामो शल्यक्रिया गरिएको थियो। शल्यक्रिया गर्ने चिकित्सक मिन सेउङ-कीले लीको 'भाग्यवश स्वास्थ्यमा सुधार आएको' बताए। लीको मांसपेशीमा १.४ सेन्टिमिटर गहिरो घाउ देखिएको र घाँटीमा रगत जमेको भए पनि शल्यक्रियापछि उनको स्वास्थ्यमा सुधार देखिएको चिकित्सकले जानकारी दिए।

यस्तो बन्दै छ अयोध्याको राममन्दिर

नयाँदिल्ली/ अयोध्यामा निर्माणाधीन राममन्दिरको स्वरूप परम्परागत नगरा शैलीमा रहेको र मन्दिरको लम्बाइ ३८० फिट, चौँडाइ २५० फिट र उचाइ १६१ फिट रहेको श्री राम जन्मभूमि तीर्थ क्षेत्र कोषले जनाएको छ। मन्दिरमा शिखर शैलीका अग्लो पिरामिड आकारका टावर रहनेछन् भने शिखरमा कलशसहित मन्दिरका स्तम्भ तथा पर्खाल मूर्तिकलाले सजिएका हुनेछन्। तीनतले मन्दिरमा तीन सय ९२ स्तम्भ तथा ४४ ढोका बनाइएको छ। मन्दिरको सबैभन्दा विशेष स्थान भगवान् रामको प्रतिमूर्ति राखिने गर्भगृहमा राम बाल्यकालको स्वरूप र पहिलो तलामा श्रीराम दरबार रहनेछ।

मन्दिरमा नृत्यमण्डप, रंगमण्डप, सभामण्डप, प्रार्थना र कीर्तनमण्डप गरी पाँच मण्डप बनाइएका छन्। मन्दिरका स्तम्भ तथा पर्खालमा देवी-देवताहरूका मूर्ति सजिएका छन्। सिंहद्वार हुँदै ३२ वटा सिँढी चढेर पूर्वबाट मन्दिर प्रवेश गर्न सकिन्छ। अशक्तहरूको सुविधाका लागि लिफ्टलगायतको व्यवस्था गरिएको छ। सात सय ३२ मिटर लम्बाइ तथा १४ फिट चौँडाइ भएको आयताकार पर्खालले मन्दिरलाई घेरेको छ। मन्दिरपरिसरको चार कुनामा सूर्य, देवी भगवती, गणेश मन्दिर बनाइएका छन्। उत्तरमा अन्नपूर्ण देवीको मन्दिर र दक्षिणमा हनुमानको मन्दिर रहनेछन्।

NDPC
नेपाल डिजिटल पेमेण्ट्स (कं) लि.
EOI
Nepal Digital Payments Company Limited (NDPC) invites Expression of Interest (EOI) for the purpose of shortlisting the qualified, eligible and experienced domestic Consultants/Consulting Firm(s)/Company(ies) for Marketing and Branding Agency Services.
For more information:
https://ndpc.com.np/notices/

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार २० पुस ०८०

एनसेलले दियो सेयर किनबेचको जानकारी

काठमाडौं/ कम्पनीको सेयर स्वामित्व बिक्री गरेर आजियाटा बाहिरिएको जानकारी एनसेलले उद्योग विभागलाई दिएको छ। आजियाटाले एनसेलमा रहेको आफ्नो स्वामित्वको ८० प्रतिशत सेयर स्पक्ट्रलाइट युकेलाई बिक्री गरेको जानकारी दिएको विभागका महानिर्देशक बाबुराम गौतमले बताए।

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनअनुसार विदेशी लगानीबाट नेपालमा सिर्जित सम्पत्ति वा सेयरको स्वामित्वको संरचनामा परिवर्तन भएमा सम्बन्धित कम्पनीले कारोबार भएको ३० दिनभित्र अनुमति दिने निकायमा अभिलेखन गराउनुपर्छ।

यही व्यवस्थाअनुसार अभिलेखन गराउने उद्देश्यले एनसेलले जानकारी गराएको गौतमको भनाइ छ। एनसेलले तीन दिनअघि विभागलाई सेयर किनबेचसम्बन्धी जानकारी गराएको गौतमको भनाइ छ। उच्च अदालत पाटनले सेयर खरिद-बिक्री दर्ता गर्ने सम्बन्धमा कम्पनी रजिस्ट्रारको कार्यालयलाई रोक लगाइसकेको छ।

एनसेल सेयर खरिद-बिक्री सम्बन्धमा अध्ययन तथा छानबिन गर्न गठित समितिको म्याद शुक्रबार सकिँदै छ। पूर्वमहालेखापरीक्षक टंकमणि शर्मा दंगाल संयोजकत्वको उच्चस्तरीय समितिले हालसम्म निष्कर्ष निकाल्न नसकेको समितिका एक सदस्यले जानकारी दिए।

लक्ष्मी सन्राइज बैंक लिमिटेडमा धितो रहेको सम्पति लिलाम बिक्रीको १५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०९/२०

यस बैंक (साबिक सन्राइज बैंक लि.) बाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको ऋण कर्जाको शर्त-सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने बक्यौता रकम (साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि) चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेताका अतिरिक्त मिति २०७९/११/३० गतेको अन्तपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने तथा तपसिल क्र.सं. १ र २ मा उल्लेखित ऋणीको मिति २०८०/०२/१७ गतेको अन्तपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा धितो लिलाम बिक्रीको १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगर्नु नगराउनु भएको हुँदा यो धितो लिलाम बिक्रीको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः कर्जाको सुरक्षण स्वरुप बैकसमक्ष धितो रहेको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति/सवारी साधन/इक्यूपमेण्ट जहाँ जे जस्तो अवस्थामा रहे भएकोछ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति मध्ये कुन सम्पत्ति के, कति मूल्यमा खरिद गरिलिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाडौं स्थित कर्जा असुली विभाग/नेपालगंज शाखामा शिलबन्दी बोलपत्र दाखिल गर्नुहुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १७ औं दिन अर्थात मिति २०८०/१०/०७ गते (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) मा बैंकको शाखा कार्यालय नेपालगंजमा दिनको ठीक ११:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै सो सम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणी, जमानतकर्ता तथा निजहरुको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत बक्यौता रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

ऋणी तथा जमानतकर्ताको विवरण

१. ऋणीको नाम : प्राइभेट फर्म रजिष्ट्रेशन ऐन/अध्यादेश, २०१४ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षणको कार्यालय नेपालगंज बाँकेमा दर्ता नं. ३१६०५/०७६/०७७, मिति २०७६/०९/०७ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय, नेपालगंज बाँके, पान नं. ६१२७०१५४८ भएको बाँके जिल्ला, नेपालगंज उ.प.न.पा. वडा नं. २, बागेश्वरी टोल स्थित **संगम फेशन वेयर कलेक्शन**।

प्रोप्राइटर तथा व्यक्तिगत जमानतकर्ता : यन बहादुर परियारको बुहारी, बिरेन छिनालको पत्नी, नवलपरासी जिल्ला, अग्यौली गा.वि.स. वडा नं. ९ भई हाल बाँके जिल्ला, नेपालगंज न.पा. वडा नं. २ बस्ने **सन्नु परियार** (ना.प्र.नं. ३६२०२५/१४१४, जि.प्र.का. नवलपरासी, जारी मिति २०६७/०४/२३)।

व्यक्तिगत तथा धितो जमानतकर्ताहरु : *

क. दत्त बहादुर दमाईको नाति, तिल बहादुर दमाईको छोरा, बाँके जिल्ला, बनकटवा गा.वि.स. वडा नं. ४ भई हाल बाँके जिल्ला, नेपालगंज न.पा. वडा नं. २ बस्ने **यन बहादुर परियार** (ना.प्र.नं. १८५५३, जि.प्र.का. बाँके, जारी मिति २०४८/०६/०७)।

ख. तिल बहादुर दमाईको बुहारी, यन बहादुर परियारको पत्नी, बाँके जिल्ला, बनकटवा गा.वि.स. वडा नं. ४ भई हाल बाँके जिल्ला, नेपालगंज न.पा. वडा नं. २ बस्ने **पम्फी कुमारी नेपाली** (ना.प्र.नं. ३९५४, जि.प्र.का. बाँके, जारी मिति २०५५/०३/०३)।

व्यक्तिगत जमानतकर्ता : * तिल बहादुर दमाईको नाती, यन बहादुर परियारको छोरा, बाँके जिल्ला, बनकटवा गा.वि.स. वडा नं. ४ भई हाल बाँके जिल्ला, नेपालगंज न.पा. वडा नं. २ बस्ने **बिरेन छिनाल** (ना.प्र.नं. ६६-०१-६९-०८२०४, जि.प्र.का. बाँके, जारी मिति २०६९/११/०९)।

लिलाम बिक्री हुने सम्पत्तिको विवरण :

१. व्यक्तिगत तथा धितो जमानतकर्ता यन बहादुर परियारको नाममा मालपोत कार्यालय बाँकेको लगतमा दर्ता श्रेष्ता कायम रहेको बाँके जिल्ला, बनकटवा गा.वि.स. वडा नं. ४ स्थित कि.नं. ८३१ र ८५९ को क्षेत्रफल क्रमशः ०.०१०० र ०.००५०.७९ (ब.मी.) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. व्यक्तिगत तथा धितो जमानतकर्ता यन बहादुर परियार र पम्फी कुमारी नेपालीको संयुक्त नाममा मालपोत कार्यालय बाँकेको लगतमा दर्ता श्रेष्ता कायम रहेको बाँके जिल्ला, बनकटवा गा.वि.स. वडा नं. ४ स्थित कि.नं. ७२९ को क्षेत्रफल ०.००८० (ब.मी.) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

३. बैंकको नाममा हाईपोथिकेशन अर्न्तगत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।

२. ऋणी, व्यक्तिगत तथा धितो जमानतकर्ताको नाम : लाल बहादुर श्रेष्ठको नाति, बल बहादुर श्रेष्ठको छोरा, बर्दिया जिल्ला, सोरहवा गा.वि.स. वडा नं. ७ भई हाल बर्दिया जिल्ला, बढैयाताल गा.पा. वडा नं. ८ बस्ने **सुन्दर मान श्रेष्ठ** (ना.प्र.नं. २२५२, जि.प्र.का. बर्दिया, जारी मिति २०४५/०१/२२)।

व्यक्तिगत जमानतकर्ताहरु : *

क. बल बहादुर श्रेष्ठको बुहारी, सुन्दर मान श्रेष्ठको पत्नी बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं. ४ भई हाल बर्दिया जिल्ला, बढैयाताल गा.पा. वडा नं. ८ बस्ने **शोभा कुमारी कुवर श्रेष्ठ** (ना.प्र.नं. १७२२७, जि.प्र.का. बर्दिया, जारी मिति २०५९/०२/२६)।

ख. लाल बहादुर श्रेष्ठको बुहारी, बल बहादुर श्रेष्ठको पत्नी, बाँके जिल्ला, फत्तेपुर गा.वि.स. वडा नं. ६ भई हाल बर्दिया जिल्ला, बढैयाताल गा.पा. वडा नं. ८ बस्ने **पुर्ण माया श्रेष्ठ** (ना.प्र.नं. २४८१८/७/२/१/३/०/७/०/३, जि.प्र.का. बाँके, जारी मिति २०३७/०१/०९)।

लिलाम बिक्री हुने सम्पत्तिको विवरण : ऋणी, व्यक्तिगत तथा धितो जमानतकर्ता सुन्दर मान श्रेष्ठको नाममा मालपोत कार्यालय बाँकेको लगतमा दर्ता श्रेष्ता कायम रहेको बाँके जिल्ला, कारकादौ गा.वि.स./न.पा. वडा नं. ७ स्थित कित्ता नं. ६५० र १११९ को क्षेत्रफल क्रमशः ०-०-५ र ०-०-५ (वि.क.धु) र बाँके जिल्ला, बागेश्वरी गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. २७४ को क्षेत्रफल ३४० ब.मी. जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

३. ऋणी तथा संस्थागत जमानीकर्ताको नाम : प्राईभेट फर्म रजिष्ट्रेशन ऐन/अध्यादेश, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, बर्दियामा दर्ता नं. ११/१६५०/२०५९/०६०, मिति २०५९/०५/१८ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय, नेपालगंज बाँके, पान नं. ३०१०६८८२४ भएको बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं. ५ स्थित **बिजय कन्स्ट्रक्सन**।

प्रोप्राइटर, व्यक्तिगत तथा धितो जमानतकर्ताहरु :मान बहादुर श्रेष्ठको नाति, तिलक बहादुर श्रेष्ठको छोरा, बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं. ४ भई हाल बर्दिया जिल्ला, कालिका गा.वि.स वडा नं. ४ बस्ने **शिव कुमार श्रेष्ठ** (ना.प्र.नं. १७९७, जि.प्र.का. बर्दिया, जारी मिति २०४६/०२/२४)।

व्यक्तिगत तथा धितो जमानतकर्ता : * मान बहादुर श्रेष्ठको बुहारी, तिलक बहादुर श्रेष्ठको पत्नी, बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं. ४ भई हाल बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं. ४ बस्ने **नारायणी देवी श्रेष्ठ** (ना.प्र.नं. १७९५, जि.प्र.का. बर्दिया, जारी मिति २०४६/०२/०४)।

व्यक्तिगत जमानतकर्ता : * तिलक बहादुर श्रेष्ठको बुहारी, शिव कुमार श्रेष्ठको पत्नी, बर्दिया जिल्ला, गुलरीया न.पा वडा नं. ७ भई हाल बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं. ४ बस्ने **रत्नमाया श्रेष्ठ** (ना.प्र.नं. ६९०१, जि.प्र.का. बर्दिया, जारी मिति २०४९/०५/०३)।

लिलाम बिक्री हुने सम्पत्तिको विवरण :

१. व्यक्तिगत तथा धितो जमानतकर्ता नारायणी देवी श्रेष्ठको नाममा मालपोत कार्यालय बर्दियाको लगतमा दर्ता श्रेष्ता कायम रहेको बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं ४ स्थित कि.नं. १०४ र १०५ को क्षेत्रफल क्रमशः ३०५० र २९९० व.मि भएको जग्गा र बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं. ५ स्थित कि.नं. ३०० र १७५९ को क्षेत्रफल क्रमशः ४२८५ र ५८३५.९६ (व.मि.) जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. प्रोप्राइटर, व्यक्तिगत तथा धितो जमानतकर्ता शिव कुमार श्रेष्ठको नाममा मालपोत कार्यालय, बर्दियाको लगतमा दर्ता श्रेष्ता कायम रहेको बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं. ५ स्थित कि.नं. १८४८ को क्षेत्रफल १५१०.११ व.मि. जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

३. यस बैंकको नाममा दर्ता कायम रही ऋणी **बिजय कन्स्ट्रक्सन** जनिएको मोडेल 3DXSUPER च्यासिस नं. HAR3DXSULO2578898 इन्जिन नं. H00154066 भएको सवारी दर्ता नं. भे १ क ८६२, मोडेल LPK 2518 HD च्यासिस नं. MAT448179HGR01033 इन्जिन नं. 71A63568857 भएको सवारी दर्ता नं. भे १ क ९४९, मोडेल LPK2518HD च्यासिस नं. MAT448179HGK01030 इन्जिन नं. 71A63568548 भएको सवारी दर्ता नं. भे १ क ९५० र मोडेल 3DXSUPER BACKHOLOADER च्यासिस नं. HAR3DXSULO2718047 इन्जिन नं. H00210482 भएको सवारी दर्ता नं. भे १ क १६०० को सवारी साधन थान ४।

४. बैंकको नाममा हाईपोथिकेशन अर्न्तगत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।

*** तेश्रोपक्ष जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो।**

नोट : ऋणी बाहेकका व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्तालाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो।

पुनश्च : बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाडौं स्थित कर्जा असुली विभाग/शाखा कार्यालय नेपालगंजबाट प्राप्त गर्न सकिनेछ। साथै बोलपत्र फारममा उल्लेखित शर्तबन्देजहरु समेत यसै सूचनाको अभिन्न अंङ्गको रुपमा रहनेछ।

अन्य जानकारीको लागि यस बैंकको प्रधान कार्यालय हात्तिसार स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय नेपालगंजमा सम्पर्क राख्न सकिने छ ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

पो.ब.नं.: १२५२३, काठमाडौं, नेपाल
फोन नं.: ४५४४६८४/८५
Email: info@laxmisunrise.com,
URL: www.laxmisunrise.com

नोटबन्दीपछि भारतले १५३ खर्ब सटही गऱ्यो
नेपालमा भएको पाँच करोड भारु साटेन

सात वर्षअघि भारतले पाँच सय र एक हजार दरका नोटमा प्रतिबन्ध लगायो, नेपाल राष्ट्र बैंकमा रहेको प्रतिबन्धित भारु सटहीका लागि पटक-पटकको आग्रहलाई भारतले बेवास्ता गरेपछि यस विषयमा नेपालसमेत बोल्न छाडेको छ

कृष्ण रिजाल/नयाँ पत्रिका

भारतले नोटबन्दीको घोषणा गरेको सात वर्ष बितिसकेको छ। त्यसयता भारतले आफ्नो देश र भुटानमा रहेका समेत गरी ९९.३० प्रतिशत अर्थात् एक सय ५३ खर्बबराबरको प्रतिबन्धित भारु सटही गरेर बैंकिङ प्रणालीमा फिर्ता ल्याइसकेको छ। तर, नेपाल राष्ट्र बैंकमा रहेको पाँच करोड ६ लाख भारुबराबरको प्रतिबन्धित नोट साट्न भने भारतले बेवास्ता गरेको छ।

भारतीय विदेशमन्त्री एस जयशंकरको नेपाल भ्रमणका वेला प्रतिबन्धित भारतीय नोट सटहीलाई समेत एजेन्डा बनाउन सरोकारवालाले सरकारलाई सुझाव दिएका थिए। तर, बिहीबार आयोजित परराष्ट्रमन्त्रीस्तरीय नेपाल-भारत संयुक्त आयोगको सातौं बैठकमा प्रतिबन्धित भारतीय नोट सटही एजेन्डा नै बनेन। भारतीय विदेशमन्त्री जयशंकर र नेपालका परराष्ट्रमन्त्री एनपी साउदबीच भएको वार्तामा प्रतिबन्धित भारु सटहीको विषयमा छलफल नै नभएको बैठकमा सहभागी एक अधिकारीले बताए।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले २३ कात्तिक ०७३ मा राष्ट्रलाई सम्बोधन गर्दै पाँच सय र एक हजार भारुका नोट नचल्ने घोषणा गरेका थिए। नेपालले पनि त्यसको भोलिपल्ट २४ कात्तिक ०७३ देखि भारु पाँच सय र एक हजारका नोट प्रतिबन्ध लगाएको थियो। नोटबन्दी घोषणा गर्नुपूर्व नै नेपालको केन्द्रीय बैंकमा रहेका आठ करोड १० लाखबराबरका प्रतिबन्धित भारु नोट भने अझै नसाटिएको राष्ट्र बैंकका प्रवक्ता डा. गुणाकर भट्टले जानकारी दिए। 'डिमनिटाइजेसन गर्नुपूर्व नेपालको केन्द्रीय बैंकमा जम्मा हुन आएका एक हजार र पाँच सय दरका नोट अझै राष्ट्र बैंकमै छन्, सटही भएको छैन,' उनले भने।

प्रतिबन्धित भारु सटहीको विषय बल्झिरहने घाउ भएको छ



● **नरबहादुर थापा**, अर्थविद्

नेपालको केन्द्रीय बैंकमा जम्मा हुन आएको भारु पाँच सय र एक हजारको नोट मित्र राष्ट्रको हैसियत भारतले साटिदिनुपर्थ्यो। भारतले नोटबन्दी घोषणापछि निश्चित म्याद तोकेर आफ्ना जनताबाट जसरी संकलन गऱ्यो, त्यसरी नै नेपालबाट पनि भारु लिनुपर्थ्यो। नेपाल र भारतबीच खुला सीमा छ, एक-अर्को देशमा रोजगारीका लागि आउजाउ हुन्छ, पर्यटन आगमन हुन्छ, रोटी र बेटीको सम्बन्ध छ, भारुमै आयातको भुक्तानी गर्न सकिने व्यवस्था छ, यस्ता विविध कारणले यसले बैंकिङ प्रणालीमा भएको भारु सटही गर्नैपर्थ्यो। नोटबन्दी भएको सात वर्षभन्दा बढी समय भइसक्दा पनि नेपालमा भएको नोट स्वीकार नगर्नु विडम्बना हो। ठूलो रकम पनि होइन, मित्रराष्ट्रको हैसियतले उसले सटही सुविधा दिनैपर्छ। नत्र नेपालले जहिल्यै पनि गुनासो गरिरहनेछ। यो बल्झिरहने घाउ भएको छ। भारतले छिट्टै सल्टाएको राम्रो हो। 'पहिलो प्राथमिकतामा छिमेकी' भन्ने नीति लिएको भारतले नेपालको आग्रहअनुसार प्रतिबन्धित भारतीय नोट साटेर विश्वासको वातावरण बनाउनुपर्छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

केन्द्रीय बैंकमा एक हजार दरका १६ हजार पाँच सय ५२ वटा र पाँच सय दरका ६८ हजार एक सय ४७ वटा प्रतिबन्धित भारतीय नोट छन्। अर्थात्, प्रतिबन्धित एक हजार दरका एक करोड ६५ लाख ५२ हजार भारु र प्रतिबन्धित पाँच सय दरका तीन करोड ४० लाख ७३ हजार भारु नेपाल राष्ट्र बैंकमा थन्किएको छ।

मित्रराष्ट्र भारतले नोटबन्दी घोषण गर्नुपूर्व नै नेपालको केन्द्रीय बैंकमा जम्मा हुन आएको प्रतिबन्धित भारतीय नोट नसाट्नु विडम्बना भएको अर्थविद् नरबहादुर थापा बताउँछन्। 'यो विषयमा नेपाल र नेपालीले जहिल्यै पनि गुनासो गरिरहनेछन्,' उनले भने, 'यो बल्झिरहने घाउ भएको छ। भारतले छिट्टै सल्टाएको राम्रो हो।' सानै रकम भए पनि भारतले प्रतिबन्धित नोट नसार्टिदिँदा दुई देशबीचको सम्बन्धमै अविश्वासको वातावरण बनेको उनी बताउँछन्।

एक हजार र पाँच सय दरका भारु प्रतिबन्ध गरिएयता सन् २०२१/२२ सम्म भारतले नेपाललाई अनुदानमै नौ अर्ब रुपैयाँभन्दा बढी सहयोग दिइसकेको छ। भारतले आफ्नो वार्षिक बजेटमार्फत आर्थिक वर्ष २०२२/२३ मा चार अर्ब २५ करोड भारु र चालू आव २०२३/२४ मा पाँच अर्ब ५० करोड भारु अनुदान दिने घोषणा गरेको छ। तर, अर्बमा अनुदान दिने भारतले नेपालमा रहेको आठ करोड रुपैयाँलाई सटही सुविधा नदिनु आफैंमा दुःखलाग्दो विषय भएको अर्थ मन्त्रालयका एक अधिकारीले बताए। 'भारतले यति सानो रकमसमेत नसाट्नुले उसले नेपाल र नेपालको केन्द्रीय बैंकलाई अविश्वास गरेको बुझिन्छ,' ती अधिकारीले भने, 'जम्मा पाँच करोड भारुले दुई देशबीचको सम्बन्धलाई गिज्याइरहेको छ।'

■ सय खर्ब भारु अझै सटही भएन

भारतीय रिजर्भ बैंक (आरबिआई)ले प्रतिबन्धित पाँच सय र एक हजार दरका ९९.३० प्रतिशत नोट फिर्ता भएको उल्लेख गरेको छ। चलनचल्तीमा रहेको एक सय ५४ खर्ब १७ अर्ब भारुमध्ये एक सय ५३ खर्ब १० अर्ब भारु बैंकिङ प्रणालीमा फिर्ता आएको भारतको वित्त मन्त्रालयले त्यहाँको लोकसभालाई जानकारी गराएको हो। करिब एक सय खर्ब सात अर्ब हाराहारी प्रतिबन्धित भारु भने बैंकिङ प्रणालीमा आइनसकेको मन्त्रालयले जनाएको छ।

■ नेपालको आग्रह, भारतको बेवास्ता

दुई सरकारबीच भएको सहमतिअनुरूप नेपाली नागरिकले एकपटकमा २५ हजार भारुसम्म चलन गर्न पाउने व्यवस्था छ। सोहीअनुसार मार्च २०१७ मा नेपालले प्रतिव्यक्ति २५ हजार भारुसम्मको रकम सटही गरिदिन भारतलाई प्रस्ताव गरेको थियो। तर, भारतीय रिजर्भ बैंककी तत्कालीन कार्यकारी निर्देशक दिपाली पन्त जोशीको नेतृत्वमा नेपाल आएको टोलीले प्रतिव्यक्ति ४५ सय भारु सटही गरिदिने प्रस्ताव गऱ्यो। जसमा नेपाल सहमत भएन। त्यसयता पनि थुप्रै पटक औपचारिक तथा अनौपचारिक छलफल भएका छन्। नोटबन्दी घोषणाको केही वर्षसम्म दुई देशबीच हुने उच्चस्तरीय भ्रमणमा भारु सटहीका विषयमा छलफल हुने गरेका थिए। तर, पछिल्ला भ्रमणमा भने यस विषयमा छलफल नै हुन छाडेको छ। नेपालको पटक-पटकको आग्रहलाई भारतले बेवास्ता गरेपछि यस विषयमा नेपालसमेत बोल्न छाडेको अर्थ मन्त्रालयका एक अधिकारीले बताए।

गभर्नरविरुद्ध र पक्षका मुद्दा एकैपटक सुनुवाइ हुने

गभर्नरलाई पदमुक्त गर्ने सरकारको निर्णयविरुद्धको मुद्दा र योग्यता विवादसम्बन्धी मुद्दाको सुनुवाइ एकैपटक हुने

पवन तिमिल्सिना/नयाँ पत्रिका

सर्वोच्च अदालतले नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीविरुद्ध र पक्षका दुई मुद्दाको पूर्ण सुनुवाइ एकैपटक गर्ने भएको छ। मन्त्रिपरिषद्ले गभर्नर अधिकारीविरुद्ध जाँचबुझ आयोग गठन गर्दै आफूलाई निलम्बन गरेपछि गत वर्ष ५ वैशाखमा उनी सर्वोच्चमा पुगेका थिए। त्यसको ११ दिनपछि अदालतले मुद्दाको अन्तिम किनारा नलागेसम्म अधिकारीलाई निलम्बन नगर्न अन्तरिम आदेश दिएको थियो।

अधिकारीले जाँचबुझ आयोग नै खारेज हुनुपर्ने मागसहित सरकारविरुद्ध दायर गरेको मुद्दाको पूर्ण सुनुवाइ ९ माघमा हुने अदालतले आदेश दिएको हो। यससँगै सोही दिन गभर्नर पदका लागि अधिकारीको शैक्षिक योग्यता नपुग्ने दाबीसहितको रिटको समेत सुनुवाइ गर्ने अदालतको आदेशमा उल्लेख छ। अदालतले १३ पुसमा गभर्नर अधिकारीको शैक्षिक योग्यता नपुग्ने दाबीसहितको रिट निवेदनका सम्बन्धमा विपक्षीसँग लिखित जवाफसमेत मागेको छ। यो रिट निवेदनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्र बैंकका सञ्चालक समिति र गभर्नर अधिकारीलाई विपक्षी बनाइएको छ।

१३ पुसमा न्यायाधीश सुष्मालता माथेमाको एकल इजलासले यस्तो आदेश दिएको हो। तर, आदेशको दिनपछि (बिहीबार) मात्रै यो पत्र बुझेको निवेदकमध्येका एक अधिवक्ता दीपकराज जोशीले जानकारी दिए।

■ सर्धै योग्यता विवादमा अधिकारी

डा. युवराज खतिवडा गभर्नर हुँदा डेपुटी गभर्नर रहेका अधिकारीले तत्कालीन समयमा डा. खतिवडा सफल बनाउने सारथिका रूपमा वाहवाही बटुले। तर, डेपुटी गभर्नरबाट अवकाश पाएपछि भने अधिकारी विवादमुक्त रहेनन्। लगानी बोर्ड नेपालको प्रमुख कार्यकारी अधिकृत हुँदा पनि पूर्वप्रमुख कार्यकारी अधिकृत राधेश पन्तले उनीविरूद्ध शैक्षिक योग्यता नपुग्ने सम्बन्धमा रिट दायर गरेका थिए। तर, अदालतले बोर्डको कार्यकाल समाप्त भएपछि रिटको औचित्य नभएको भन्दै खारेज गरेको थियो। अहिले त्यही दाबी लिएर अधिवक्ताहरूको समूह अदालतमा पुगेका हुन्। योग्यतामाथि उठेको प्रश्नले कानुनी जवाफ नपाइसकेकाले अदालतले यसमा स्पष्ट व्याख्या गर्नुपर्ने रिट निवेदकको माग छ।

यसरी भएको थियो निलम्बन फुकुवा



०७९ को २४ चैतमा मन्त्रिपरिषद्को बैठकले गभर्नर अधिकारीलाई निलम्बन गर्दै उनीविरुद्ध जाँचबुझ आयोग गठन गरेको थियो। तत्कालीन अर्थमन्त्री जनार्दन शर्माको सिफारिसमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको मन्त्रिपरिषद्ले उनीविरुद्ध जाँचबुझ गर्ने आयोग गठन गरेको थियो। खासगरी गभर्नरविरुद्ध सरकारी सूचना चुहाएको आरोप थियो। आयोगको संयोजकमा सर्वोच्च अदालतका पूर्वन्यायाधीश पुरुषोत्तम भण्डारी र सदस्यहरूमा पूर्वयोजना आयोगका सदस्य चन्द्रकान्त पौडेल तथा अर्थविद् सूर्यबहादुर थापा थिए।

आयोग बनेको करिब २० दिनपछि उनी आयोगविरुद्ध सर्वोच्च पुगेका थिए। अधिकारीलाई पदमुक्त गर्नुपर्ने कारण नखुलेको उल्लेख गर्दै अदालतले मुद्दाको अन्तिम किनारा नलागेसम्म उनलाई नियमित काम गर्न दिन आदेश दिएको थियो। अन्तरिम आदेश जारी भएको दुई वर्ष पुग्नै लाग्दा बल्ल यसले किनारा पाउने संकेत मिलेको छ। अब यसमा उनीविरुद्ध शैक्षिक योग्यता नपुग्ने आरोपसहितको रिटको समेत सुनुवाइ हुने भएको छ।

राष्ट्र बैंक र अर्थ मन्त्रालयबीच समन्वयात्मक सम्बन्ध कायम नहुँदा यस्ता किसिमका विवाद आइरहनु स्वाभाविक भएको पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्रीको भनाइ छ। तर, गभर्नरजस्तो संवेदनशील पद सर्धै विवादमा परिरहनु अर्थतन्त्रका लागि भने सकारात्मक नभएको उनको भनाइ छ। उनले भने, 'डेपुटी गभर्नर भइसकेका अधिकारीलाई गभर्नर हुनका लागि केही समस्या हुन्छजस्तो मलाई लाग्दैन। तर, सम्माननीय अदालतले यसमा गर्ने फैसला के हुन्छ, त्यो महत्त्वपूर्ण हो।'

चार्टर्ड एकाउन्टेन्टको छाता संस्था नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान)का अध्यक्ष सुजनकुमार काफ्लेले अहिलेको रिट गभर्नर अधिकारीलाई दुःख दिने नियतले मात्रै दायर भएको बताए। उनका अनुसार त्रिभुवन विश्वविद्यालयले अहिले चार्टर्ड एकाउन्टेन्टलाई शैक्षिक मान्यता नदिए पनि विगतमा दिने गरेकाले यसमा विवाद गर्नु आवश्यक छैन। उनले भने, 'गभर्नरज्यूले टियू (विश्वविद्यालय)बाट स्नातकोत्तरको समकक्षता लिइसक्नुभएको छ।'

Government of Nepal (GoN)
Likhu Tamakoshi Rural Municipality
Invitation for Bids

Date of publication: 05-01-2023

1. Likhu Tamakoshi Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of the projects mentioned below under NCB Bidding Procedures. All other information and Bid Documents can be downloaded from PPMO website **www.bolpatra.gov.np/egp.** All the eligible bidder are requested to submit E-bid only as per Instruction with in mentioned period.

S. N	Contract Identification No	Name of Project	Estimated Amount, With PS NRs (Exclusive of VAT and Contingencies)	Bid Security Amount (Rs.)	Bid Document Fee	Deadline for bid submission	Bid Opening Date
1	LTRM/NCB/WORKS/ 05/2080/81	Kangwa Aitware Sadak Starunnati Ward 3	22,25,640.88	65,000.00	3,000.00	04-02-2024 12:00	04-02-2024 13:00
2	LTRM/NCB/WORKS/ 06/2080/81	Kholmagaun dhobi sadak, LTRM, 3 Ramechhap	21,40,064.48	62,500.00	3,000.00	04-02-2024 12:00	04-02-2024 14:00
3	LTRM/NCB/WORKS/ 07/2080/81	Larkhukhola ratmata sadak Likhu Tamakoshi 4	21,38,997.77	62,500.00	3,000.00	04-02-2024 12:00	04-02-2024 13:00
4	LTRM/NCB/WORKS/ 08/2080/81	Burpa Khanepani yojna ward no.-1	68,46,099.08	2,00,000.00	3,000.00	04-02-2024 12:00	04-02-2024 13:30

2. Bidders should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Nepal Investment Bank Ltd.
   Name of Office: Likhu Tamakoshi Rural Municipality
   Office Account no: 07001400250016
   Rajaswa (revenue) Accont Name: Ga 1 1 Aantarik Rajaswa Khata
3. For Evaluation Criteria, please refer the respective Bid Document in PPMO website **www.bolpatra.gov.np/egp**
4. Likhu Tamakoshi Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

Chief Administrative Officer

भूकम्पपीडितलाई नेसनल लघुवित्तको ५० लाख सहयोग



नयाँ पत्रिका

नेसनल लघुवित्त वित्तीय संस्था लिमिटेडले जाजरकोट केन्द्रविन्दु भई गएको भूकम्पका पीडितलाई आर्थिक सहयोग गरेको छ। लघुवित्तले कुल ५० लाख रुपैयाँ सहयोग गरेको हो।

लघुवित्तले मानवीय सहायताअन्तर्गत सल्यानको दार्मा गाउँपालिकाका भूकम्पपीडितका लागि गाउँपालिका विपत् कोषमा चार लाख रुपैयाँ सहयोग हस्तान्तरण गरेको जनाएको छ। त्यस्तै, बागचौर शाखाअन्तर्गत वित्तीय संस्थामा आबद्ध ६ सय ८१ जना सेवाग्राहीलाई राहतस्वरूप २१ लाख ५४ हजार रुपैयाँ आर्थिक सहयोग गरेको जनाइएको छ। त्यस्तै, रुकुम-पश्चिमको आठबिसकोट नगरपालिकालाई चार लाख रुपैयाँ तथा आठबिसकोट शाखाअन्तर्गत वित्तीय संस्थामा आबद्ध तीन सय ७० जना सेवाग्राहीलाई ११ लाख ६४ हजार रुपैयाँ आर्थिक सहयोग गरेको संस्थाले जनाएको छ। त्यस्तै, मुसिकोट नगरपालिकामा रहेको सेरीगाउँ शाखाका सेवाग्राही सदस्यहरू दुई सय ५० जनालाई सात लाख ५६ हजार रुपैयाँ आर्थिक सहयोग गरेको जनाइएको छ।

दुई अलग-अलग कार्यक्रममा संस्थाका प्रमुख कार्यकारी अधिकृत (सिइओ) तथा नेपाल लघुवित्त बैंकर्स संघका अध्यक्ष रामबहादुर यादवले दार्मा गाउँपालिका अध्यक्ष निमबहादुर केसी र आठबिसकोट नगरपालिकाका मेयर रवि केसीलाई चेक हस्तान्तरण गरेको जनाइएको छ।

सहयोग प्रदान गर्दै नेसनल लघुवित्तका सिइओ रामबहादुर यादवले दुर्गम गाउँ-बस्तीमा आफ्ना सेवाग्राही सदस्यलाई सामाजिक तथा आर्थिक उत्थानका लागि लघुवित्त कार्यक्रमका माध्यमबाट गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउने बताए। हाल लघुवित्तले देशका ७२ जिल्लामा दुई लाख २० हजारभन्दा बढी सदस्यबीच वित्तीय कारोबार सञ्चालन गरिरहेको जनाएको छ।

रावा बैंकका अध्यक्ष ढुंगानाको शपथ



काठमाडौं/ राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको सञ्चालक समितिका नवनियुक्त अध्यक्ष दिलीपकुमार ढुंगानाले शपथ लिएका छन्। उनले राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीसमक्ष पद तथा गोपनीयताको शपथ लिएका हुन्।

यसअघि बैंक सञ्चालक समितिको सोमबार बसेको बैठकले ढुंगानालाई अध्यक्षमा सर्वसम्मत चयन गरेको थियो। शपथसँगै उनले पदबहाली गरेका छन्। ढुंगानाले व्यवस्थापन विषयमा स्नातकोत्तर उत्तीर्ण गरेको जनाइएको छ।

शपथग्रहण कार्यक्रममा राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले बैंकको संस्थागत सुशासन तथा जोखिम व्यवस्थापनमा जोड दिई नेपाल सरकार तथा राष्ट्र बैंकको नीति-निर्देशनलाई अंगीकार गर्दै ग्राहकमुखी व्यवसाय वृद्धिमा बैंक लाग्नुपर्ने बताए। नवनियुक्त अध्यक्ष ढुंगानाले बैंकिङ क्षेत्रमा आफ्नो लामो अनुभव भएको बताउँदै सदैव बैंकको हितमा काम गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले अध्यक्ष ढुंगानालाई बैंकको वर्तमान अवस्थाका बारेमा जानकारी गराएका थिए।

बैंकले हालै जाजरकोट केन्द्रविन्दु भई भूकम्प प्रभावित क्षेत्रमा राष्ट्र बैंकले आवास कर्जा लगानी गर्दा आधार दरमा २ प्रतिशत प्रिमियम जोडी लिन सक्ने भने तापनि बैंकले १ प्रतिशत मात्र प्रिमियम लिई आवास कर्जा लगानी गरी समाजप्रति उत्तरदायीपूर्ण कार्य गरिरहेको जनाएको छ।

प्रभु क्यापिटल र सिद्धार्थ बिजनेस ग्रुपबीच सम्झौता

काठमाडौं/ प्रभु क्यापिटल लिमिटेडले सिद्धार्थ बिजनेस ग्रुप अफ हस्पिटालिटीसँग आफ्ना हितग्राहीलाई सेवामा छुट दिन व्यावसायिक सम्झौता गरेको छ। दुई वर्ष लागू हुने सम्झौतामा क्यापिटलका प्रमुख कार्यकारी अधिकृत आशिष गौचन तथा सिद्धार्थ बिजनेस ग्रुपका कर्पोरेट सेल्स एन्ड मार्केटिङ म्यानेजर नृपेश श्रेष्ठले हस्ताक्षर गरेका हुन्।

सम्झौताअनुसार सिद्धार्थ बिजनेस ग्रुपअन्तर्गतको होटेल, रेसोर्ट, रेस्टुरेन्ट तथा क्याफे आदिमा सेवा लिँदा प्रभु क्यापिटलका हितग्राही ग्राहकले खाना तथा पेय पदार्थमा १० प्रतिशत तथा रुम बुकिङमा २० प्रतिशत छुट पाउने जनाइएको छ। छुट लिनका लागि क्यापिटलका ग्राहकले आफ्नो डिम्याट कन्फर्मेसन तथा परिचयपत्र देखाउनुपर्ने सर्त राखिएको छ। कम्पनीले हितग्राही खाता खोल्ने सुविधा प्रभु क्यापिटल, कमलादी तथा प्रभु बैंकको जुनसुकै शाखामा उपलब्ध रहेको जनाएको छ।

सिद्धार्थ ग्रुपले नेपालको विभिन्न जिल्ला १४ होटेल तथा रेसोर्ट, चारवटा रेस्टुरेन्टका साथै दुईवटा क्याफे गरी २० स्थानबाट सेवा दिँदै आएको जनाइएको छ।

नेपाल एसबिआई र ओमकृष्ण अस्पतालबीच सम्झौता

काठमाडौं/ नेपाल एसबिआई बैंक लिमिटडका ग्राहकले कैलालीको टीकापुरमा रहेको ओमकृष्ण अस्पताल एन्ड रिसर्च सेन्टर प्रालिमा छुट पाउने भएका छन्। बैंकका भिसा डेबिट कार्ड तथा मोबाइल बैंकिङ सेवा प्रयोगकर्ता ग्राहकले छुट पाउने भएका हुन्।

भिसा डेबिट कार्ड तथा मोबाइल बैंकिङमार्फत अस्पतालको शुल्क भुक्तानी गर्ने ग्राहकले विभिन्न स्वास्थ्य सेवामा छुट पाउने गरी बैंक र अस्पतालबीच सम्झौता भएको जनाइएको छ। सम्झौतामा बैंकका सुदूरपश्चिम प्रदेश प्रमुख सन्तोषकुमार भण्डारी तथा अस्पतालका अध्यक्ष रत्ना उपाध्याय (बजगाईं)ले हस्ताक्षर गरेको उल्लेख छ। सम्झौताका लागि आयोजित कार्यक्रममा अस्पतालका कृष्णप्रसाद उपाध्याय बजगाईं तथा बैकका कर्मचारीको उपस्थिति रहेको बैंकले जनाएको छ।

वार्षिकोत्वसमा मुक्तिनाथ विकास बैंकका कार्यक्रम

काठमाडौं/ मुक्तिनाथ विकास बैंक लिमिटेडले स्थापनाको १७औँ वर्ष पार गरी १८औँ वर्षमा प्रवेश गरेको अवसर पारेर विभिन्न कार्यक्रम गरेको छ। बैंकले कर्मचारी सम्मान, रक्तदान, छात्रवृत्ति वितरण, राष्ट्रिय आविष्कार केन्द्रलाई सहयोगलगायतका कार्यक्रम गरेको हो।

वार्षिकोत्सव मनाउने क्रममा बैंकले १० वर्षभन्दा लामो समयसम्म कार्यरत एक सय ३५ कर्मचारीलाई सम्मान गरेको जनाएको छ। त्यस्तै, संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत डा. महावीर पुनद्वारा सञ्चालित राष्ट्रिय आविष्कार केन्द्रलाई ग्रिन इनर्जी, वातवरण संरक्षण तथा प्लास्टिक रिसाइकलका लागि पाँच लाख रुपैयाँ आर्थिक सहयोग गरेको जनाइएको छ। यसका साथै बैंकका क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालयमा सञ्चालित बृहत् रक्तदान कार्यक्रममार्फत एक सय ६६ युनिट रगत संकलन गरेको उल्लेख छ।

यस अवसरमा बैंकले देशका क्षेत्रीय तथा शाखा कार्यालयमार्फत गरिब तथा जेहेनदार विद्यार्थीलाई छात्रवृत्ति वितरण, दृष्टिविहीन नागरिकलाई सेतो छडी वितरण, अनाथालय, बालआश्रम तथा वृद्धाश्रममा विभिन्न सामग्री वितरण, फोहोरमैला व्यवस्थापनका लागि डस्टबिन वितरण र वित्तीय साक्षरता तथा डिजिटल बैंकिङ साक्षरताजस्ता विभिन्न सामाजिक उत्तरदायित्व कार्यक्रम सञ्चालन गरेको छ।

HPL हिमाल पावर लिमिटेड Himal Power Limited

NOTICE
of 30th Annual General Meeting of the shareholders of
HIMAL POWER LIMITED

All the shareholders of Himal Power Limited (Company) are hereby informed that the 30th Annual General Meeting (AGM) of the Company shall be held at 15:00hrs on 29th January 2024 (15th Magh 2080) at HPL Corporate Office, Jhamsikhel, Kathmandu, Nepal, and the agenda for the meeting shall be as follows:

1. Validation of Quorum
2. Nomination of Chairperson
3. Adoption of the Agenda
4. Approve the Board of Directors' 30th Annual Report
5. Approve the Company's Audited Financial Statements for the Fiscal Year 2079/80 (2022/23)
6. Appointment of Auditor for HPL for the Fiscal Year 2080/81 (2023/2024) and fixing their remuneration.
8. Any Other Business

By the Order of Board
Company Secretary

Note:
The corporate shareholders are requested to send a formal letter to HPL stating its representative for the meeting well in advance.

बिपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेड
BPW Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्ग प्रादेशिक स्तरको इजाजतपत्र प्राप्त संस्था)
केन्द्रीय कार्यालय बनेपा-८, तिनदोबाटो, काभ्रेपलाञ्चोक
फोन नं. ०११-६६०१९६, Web site : www.bpwlaghubitta.com.np

पाँचौ वार्षिक साधारणसभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८०/०९/२०

श्री आदरणीय शेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८० पौष ६ गते बसेको १५२ औं बैठकको निर्णयानुसार कम्पनीको पाँचौं वार्षिक साधारणसभा (आ.व. ०७९/८०) निम्न मिति, समय र स्थानमा देहायका उल्लेखित विषयहरुमा छलफल गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि अनुरोध गरिन्छ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०८० पौष २९ गते आईतबार (तदनुसार १४ जनवरी,२०२४)
समय : बिहान ११:०० बजे
स्थान : होटल ले बगैचाको सभा हल,जावलाखेल,ललितपुर

छलफलका विषयहरू :

(क) सामान्य प्रस्तावहरु :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आ. व. २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल तथा पारित गर्ने।
२. आ.व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण एवं सोसंग सम्बन्धित अनुसूचीहरु पारित गर्ने।
३. आ.व.२०७९/०८० को लेखापरीक्षण कार्य गर्नको लागि लेखापरीक्षण समितिबाट सिफारिश भए बमोजिम लेखापरीक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने। (वर्तमान लेखापरीक्षक श्री सुविज एण्ड एसोसिएट्स, चार्टड एकाउन्टेन्स्, ऐन बमोजिम पुनः नियुक्त हुन सक्नुहुनेछ।)

(ख) विविध :

नोट : कम्पनीको वार्षिक साधारणसभा सम्बन्धी थप जानकारीको लागि २०८०/९/८ गतेको नयाँ पत्रिका दैनिकमा हेर्नुहोला।

संचालक समितिको आज्ञाले
कम्पनि सचिव

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.

स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालयः बालुवाटार, काठमाडौं
फोन नं.: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति २०८०/०९/२० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक।

यस डेभलपमेन्ट बैंकबाट तपसिलका ऋणीले यस डेभलपमेन्ट बैंकको तपसिलका शाखा कार्यालयबाट निम्न कर्जा शीर्षक अन्तर्गत लिनु भएको कर्जाको साँवा, ब्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दे दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सुचना मार्फत सुचीत गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र उक्त समय भित्र तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणीको चल अचल जायजेथा सम्पत्ति रोका राखी कानुनी प्रक्रिया अपनाई असुल उपर गरिने र ऋणीलाई कालोसुचीमा समेत सुचीकृत गरी आवश्यक कानूनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचीत गरिन्छ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण
१) ऋणीको नाम : रुपा भुर्तेल राईमाझी बाबुको नाम : प्रवाखर भुर्तेल पतिको नाम : डोल राज रायमाझी ससुराको नाम : हुम बहादुर रायमाझी ठेगानाः विरुवा अर्चले-०८, स्याङ्जा हालको ठेगाना : कावासोती-०४, नवलपरासी (व.सु.पू.) ना.प्र.नं. : २२९४० कावासोती प्रतिलिपि जारी गर्ने कार्यालय : जि.प्र.का. स्याङ्जा जारी मिति : २०५८/०६/०८ **कर्जा शिर्षक : लघुउधम व्यवसाय कर्जा (आवधिक)** **कर्जा लिएको शाखा : कावासोती, नवलपरासी** **प्रोप्राईटर/जमानीकर्ताको विवरण** **क) नाम : डोलराज रायमाझी** बुवाको नाम : हुम बहादुर रायमाझी बाजेको नाम : कर्ण बहादुर रायमाझी ठेगानाः विरुवा अर्चले-०८, स्याङ्जा हालको ठेगाना : कावासोती-०४, नवलपरासी (व.सु.पू.) ना.प्र.नं. : ४४०९२ जारी गर्ने कार्यालय : जि.प्र.का. स्याङ्जा	**ख) नाम : हस्त बहादुर मल्ल** बुवाको नाम : लोक बहादुर मल्ल बाजेको नाम : राम बहादुर मल्ल ठेगाना : अग्यौली -०९ नवलपरासी हालको ठेगाना : कावासोती-०४, नवलपरासी (व.सु.पू.) ना.प्र.नं. : ३८५३८ जारी गर्ने कार्यालय : जि.प्र.का. नवलपरासी जारी मिति : २०५३/०३/१९ **ग) नाम : छविलाल भुसाल** बुवाको नाम : चोलाकान्त भुसाल बाजेको नाम : चक्रमणी भुसाल ठेगाना : भारतीपुर-०८ नवलपरासी हालको ठेगाना : कावासोती-४, नवलपरासी (व.सु.पू.) ना.प्र.नं. : ४१२५१ जारी गर्ने कार्यालय : जि.प्र.का. नवलपरासी जारी मिति : २०६१/११/२४

ऋणीको विवरण	जमानीकर्ताको विवरण
२) ऋणीको नाम : बिनिता अर्याल बाबुको नाम : भोलानाथ घिमिरे पतिको नामः दिनेश कुमार अर्याल ससुराको नाम : तुलाराम अर्याल ठेगाना : शिवमन्दिर-०१, नवलपरासी हालको ठेगाना : कावासोती-०३, नवलपरासी (व.सु.पू.) ना.प्र.नं. : ३६-२-०१८-५८२ जारी गर्ने कार्यालय : जि.प्र.का. नवलपरासी जारी मिति : २०६४/११/०२ **कर्जा शिर्षक : लघुउधम व्यवसाय कर्जा (आवधिक)** **कर्जा लिएको शाखा : कावासोती, नवलपरासी** **जमानीकर्ताको विवरण** **क) नाम : विकास घिमिरे** बाबुको नाम : भोलानाथ घिमिरे बाजेको नाम : अग्नी प्रसाद घिमिरे ठेगाना : देवचुली-१, नवलपरासी (व.सु.पू.) हालको ठेगाना : देवचुली-०९, नवलपरासी (व.सु.पू.) ना.प्र.नं. : ४०५६० जारी गर्ने कार्यालय : जि.प्र.का. नवलपरासी (व.सु.पू.) जारी मिति : २०६१/०९/२०	**ख) नाम : सरस्वती सेन ठकुरी** बाबुको नाम : लाल बहादुर खाँड पतिको नाम : कुल प्रताप सेन ठकुरी ससुराको नाम : तापेन्द्र प्रताप ठकुरी ठेगाना : कोल्हुवा-०७, नवलपरासी हालको ठेगाना : मध्यविन्दु-०३, नवलपरासी ना.प्र.नं. : ३६-२०-२७/४१२ जारी गर्ने कार्यालय : जि.प्र.का. नवलपरासी जारी मिति : २०६६/०३/२९ **ग) नाम : मोती कुमारी थनैत** बाबुको नाम : हिरा थनैत पतिको नामः देविराम महतो ससुराको नाम : भोज बहादुर महतो ठेगाना : अग्यौली-०८ नवलपरासी हालको ठेगाना : मध्यविन्दु-०३ नवलपरासी (व.सु.पू.) ना.प्र.नं. : ३६-२-०३४/४८१ जारी गर्ने कार्यालय : जि.प्र.का. नवलपरासी जारी मिति : २०६४/१०/०९

ऋणीको विवरण	जमानीकर्ताको विवरण
३) ऋणीको नाम : दिनेश ठाडा मगर बुवाको नामः वम बहादुर ठाडा मगर बाजेको नाम : शेसकान्त ठाडा मगर ठेगाना : शिवमन्दिर-०८, नवलपरासी हालको ठेगाना : कावासोती-०१, नवलपरासी (व.सु.पू.) ना.प्र.नं. : १३८१७ जारी गर्ने कार्यालय : जि.प्र.का. नवलपरासी जारी मिति : २०५६/०५/२५ **कर्जा शिर्षक : लघुउधम व्यवसाय कर्जा (आवधिक)** **कर्जा लिएको शाखा : कावासोती, नवलपरासी** **जमानीकर्ताको विवरण** **क) नाम : कल्पना ठाडा मगर** बाबुको नाम : मन जित थापा पतीको नाम : दिनेश ठाडा मगर ससुराको नाम : बम बहादुर ठाडा मगर ठेगाना : शिवमन्दिर-८, नवलपरासी हालको ठेगाना : कावासोती-०१ नवलपरासी (व.सु.पू.) ना.प्र.नं. : ३६२०१८/४६५३ जारी गर्ने कार्यालय : जि.प्र.का. नवलपरासी जारी मिति : २०७०/०३/१३	**ख) नाम : प्रेम प्रसाद श्रेष्ठ** बाबुको नाम : खिम प्रसाद श्रेष्ठ बाजेको नाम : गजमान श्रेष्ठ ठेगाना : माझकोट-०४ तनहुँ हालको ठेगाना : कावासोती-०१, नवलपरासी ना.प्र.नं. : २३०४३ जारी गर्ने कार्यालय : जि.प्र.का. तनहुँ जारी मिति : २०५३/११/१२ **ग) नाम : भुपाल ठकुरी** बुवाको नाम : खाम बहादुर ठकुरी बाजेको नाम : छकलाल ठकुरी ठेगाना : शिवमन्दिर-०८ नवलपरासी हालको ठेगाना : कावासोती-०१ नवलपरासी (व.सु.पू.) ना.प्र.नं. : १२७५२ जारी गर्ने कार्यालय : जि.प्र.का. नवलपरासी जारी मिति : २०५६/०२/२३

ऋणीको विवरण	जमानीकर्ताको विवरण
४) ऋणीको नाम : जुन मायाँ प्रधान (श्रेष्ठ) बाबुको नाम : ओम प्रसाद श्रेष्ठ पतिको नाम : शिवराज प्रधान श्रेष्ठ ससुराको नाम : सुक बहादुर प्रधान ठेगाना : हंसपुर-९ गोरखा हालको ठेगाना : देवचुली-०९, नवलपरासी (व.सु.पू.) ना.प्र.नं. : १०४८४२, जारी गर्ने कार्यालय : जि.प्र.का. गोरखा जारी मिति : २०६०/०७/१४ **कर्जा शिर्षक : लघुउधम व्यवसाय कर्जा (आवधिक)** **कर्जा लिएको शाखा : कावासोती, नवलपरासी** **जमानीकर्ताको विवरण** **क) नाम : शिवराज प्रधान श्रेष्ठ** बुवाको नाम : सुक बहादुर प्रधान बाजेको नाम : टेक बहादुर प्रधान ठेगानाः हंसपुर-९ गोरखा हालको ठेगाना : देवचुली-०९, नवलपरासी (व.सु.पू.) ना.प्र.नं. : ८८२८१, जारी गर्ने कार्यालय : जि.प्र.का. गोरखा जारी मिति : २०५८/१२/१८	**ख) नाम : सरस्वती अर्याल** बाबुको नाम : केशव राज अर्याल पतिको नाम : सुवास विक्रम पराजुली ससुराको नामः सुदर्शण पराजुली ठेगानाः देवचुली-१ नवलपरासी हालको ठेगाना : देवचुली-९, नवलपरासी (व.सु.पू.) ना.प्र.नं. : ८३-४५००२ जारी गर्ने कार्यालय : जि.प्र.का. नवलपरासी जारी मिति : २०६२/०३/१५ **ग) नाम : हिरा कुमारी रिसमी** बाबुको नाम : खिम बहादुर थापा पतिको नाम : ज्ञानेन्द्र रिसमी ससुराको नामः शेर बहादुर रिसमी ठेगानाः देवचुली-१ नवलपरासी हालको ठेगाना : देवचुली-९, नवलपरासी (व.सु.पू.) ना.प्र.नं. : ५०८५६ जारी गर्ने कार्यालय : जि.प्र.का. नवलपरासी जारी मिति : २०६२/११/१५

ऋणीको विवरण	जमानीकर्ताको विवरण
५) ऋणीको नाम : श्रृजना परियार के.सी. बाबुको नाम : तोर वहादुर खत्रि पतिको नाम : थगेन्द्र परियार ससुराको नाम : डोरे दमाई ठेगानाः अग्यौली-०९, नवलपरासी हालको ठेगाना : कावासोती-१६, नवलपरासी (व.सु.पू.) ना.प्र.नं. : ३६२०२५/१६७१ जारी गर्ने कार्यालय : जि.प्र.का. नवलपरासी जारी मिति : २०६९/०७/२३ **कर्जा शिर्षक : लघुउधम व्यवसाय कर्जा (आवधिक)** **कर्जा लिएको शाखा : कावासोती, नवलपरासी** **जमानीकर्ताको विवरण** **क) नाम : थगेन्द्र परियार** बुवाको नाम : डोरे दमाई बाजेको नाम : रुद्र दमाई ठेगानाः अग्यौली-०९, नवलपरासी हालको ठेगाना : कावासोती-१६, नवलपरासी (व.सु.पू.) ना.प्र.नं. : ३६३३९९० जारी गर्ने कार्यालय : जि.प्र.का. नवलपरासी जारी मिति : २०६०/०६/१२	**ख) नाम : मिना कुमारी श्रेष्ठ** बाबुको नाम : सत्य नारायण थारु चौधरी पतिको नाम : दिपेन्द्र श्रेष्ठ ससुराको नाम : बिरेन्द्र कुमार श्रेष्ठ ठेगाना : कावासोती -१७ नवलपरासी (व.सु.पू.) हालको ठेगाना : कावासोती-१७, नवलपरासी ना.प्र.नं. : ३९४७२, जारी गर्ने कार्यालय : जि.प्र.का. नवलपरासी (व.सु.पू.) जारी मिति : २०५३/०८/१० **ग) नाम : अनुराधा महतो** बाबुको नाम : गंगाराम महतो पतिको नाम : लक्ष्मण प्रसाद चौधरी थारु ससुराको नाम : टिका प्रसाद महतो ठेगाना : अग्यौली-०७ नवलपरासी हालको ठेगाना : कावासोती-१६ नवलपरासी (व.सु.पू.) ना.प्र.नं. : २८६१७ जारी गर्ने कार्यालय : जि.प्र.का. नवलपरासी जारी मिति : २०५९/०७/०८

ऋणीको विवरण	जमानीकर्ताको विवरण
६) ऋणीको नाम : सीता देवी खनाल बाबुको नाम : खुशी लाल पाण्डेय पतिको नाम : हरि प्रसाद खनाल ससुराको नाम : खडानन्द खनाल ठेगाना : शिवमन्दिर -७, नवलपरासी हालको ठेगाना : कावासोती-०२, नवलपरासी (व.सु.पू.) ना.प्र.नं. : ९/३५६७ जारी गर्ने कार्यालय : जि.का. नवलपरासी जारी मिति : २०४५/०१/०१ **कर्जा शिर्षक : लघुउधम व्यवसाय कर्जा (आवधिक)** **कर्जा लिएको शाखा : कावासोती, नवलपरासी** **जमानीकर्ताको विवरण** **क) नाम : सारदा भट्टराई** बाबुको नाम : गणेश बहादुर मल्ल पतिको नाम : गिर बहादुर भट्टराई ससुराको नाम : भिम बहादुर भट्टराई ठेगानाः शुक्रनगर-३ चितवन हालको ठेगाना : कावासोती-०२ नवलपरासी (व.सु.पू.) ना.प्र.नं. : ०३६१७५ जारी गर्ने कार्यालय : जि.प्र.का. चितवन जारी मिति : २०६४/०४/२९	**ख) नाम : मोनिका शर्मा अधिकारी** बाबुको नाम : राम प्रसाद अधिकारी पतिको नाम नाम : कमल खनाल ससुराको नाम : हरि प्रसाद खनाल ठेगानाः कावासोती-५ नवलपरासी हालको ठेगाना : कावासोती-२, नवलपरासी (व.सु.पू.) ना.प्र.नं. : ३६-२-०१६/१०० जारी गर्ने कार्यालय : जि.प्र.का. नवलपरासी जारी मिति : २०६४/०३/०३ **ग) नाम : गंगा देवी महतो** बाबुको नाम : डिल्ली राम महतो पतिको नाम : राम चन्द्र वस्ती ससुराको नामः जिव प्रसाद वस्ती ठेगानाः प्रगतिनगर-१ नवलपरासी हालको ठेगाना : कावासोती-२, नवलपरासी (व.सु.पू.) ना.प्र.नं. : १९५३४ जारी गर्ने कार्यालय : जि.प्र.का., नवलपरासी जारी मिति : २०५१/१०/१२

ऋणीको विवरण	जमानीकर्ताको विवरण
७) ऋणीको नाम : संगीता परियार बाबुको नाम : अशोक कुमार परियार पतिको नाम : बिकास परियार ससुराको नाम : टिकाराम परियार ठेगाना : पोखरा-०९, कास्की नागरिकता नं.: ४६-०१-६९-०५४४८ जारी गर्ने कार्यालय : जि.प्र.का., कास्की जारी मिति : २०६९/११/१३ **कर्जा शिर्षक : लघुउद्यम व्यावसाय कर्जा (आवधिक)** **कर्जा लिएको शाखा कार्यालय : भद्रकाली, पोखरा** **जमानीकर्ताको विवरण** **क) नाम : बिकास परियार** बाबुको नाम : टिकाराम परियार बाजेको नाम : विर बहादुर परियार ठेगाना : पोखरा-०९, कास्की नागरिकता नं. : १४९९३८ जारी गर्ने कार्यालय : जि.प्र.का., कास्की जारी मिति :२०६१/०५/०८	**ख) नाम : खतिजा इर्फान गुरुङ** बाबुको नाम : महमद उर्फान पतिको नाम : गणेश गुरुङ ससुराको नाम : आइत गुरुङ ठेगाना : पोखरा, लेखनाथ -१५, कास्की नागरिकता नं. : ४६-०१-७४-०२४७७ जारी गर्ने कार्यालय : जि.प्र.का.,कास्की जारी मिति : २०७४/०३/३० **ग) नाम : सन्जना परियार** बाबुको नाम : मानबहादुर दमै पतिको नाम : सगुन परियार ससुराको नाम : गंगे दमै ठेगाना : पोखरा- १५, कास्की नागरिकता नं.: ४६१००१/१११७८ जारी गर्ने कार्यालय : जि.प्र.का., कास्की जारी मिति :.२०६७/०१/१३

ऋणीको विवरण	जमानीकर्ताको विवरण
८) ऋणीको नाम : रिता कुमारी (शर्मा) यादव बाबुको नामः बलराम शर्मा पतिको नामः प्रविन कुमार यादव ससुराको नाम : विन्देश्वर यादव ठेगानाः नर्घा गा.वि.स वडा नं.८, सप्तरी हालको ठेगाना : विराटनगर म.न.पा वडा नं. ६, मोरङ नागरिकतानं. १६१०७४।२४२ जारी गर्ने कार्यालय : जि.प्र.का. सप्तरी जारी मिति : २०६७/०३/३२ **कर्जा शिर्षक : लघुउद्यम व्यावसाय कर्जा (आवधिक)** **कर्जा लिएको शाखा : विराटनगर शाखा, मोरङ** **जमानीकर्ताको विवरण** **क) नाम : प्रविन कुमार यादव** बाबुको नामः विन्देश्वर यादब बाजेको नामः बेचन यादव ठेगानाः नर्घा गा.वि.स वडा नं.८, सप्तरी हालको ठेगाना : विराटनगर म.न.पा वडा नं. ६,मोरङ नागरिकतानं.४८८८ जारी गर्ने कार्यालय : जि.प्र.का., सप्तरी जारी मिति : २०५५/०३/१८	**ख) नामः दपर्णा कुमारी कर्ण** बाबुको नामः भुक्तेश्वेर लाल लाभ पतिको नाम : दिपेन्द्र कुमार कर्ण ससुराको नाम : गंगा नारायनलाल कर्ण ठेगानाः भागवतपुर-०६, सप्तरी हालको ठेगाना : विराटनगर म.न.पा वडा नं. १२, मोरङ नागरिकतानं. ४००६ जारी गर्ने कार्यालय : जि.प्र.का., सप्तरी जारी मिति : २०५८/०४/२३ **ग) नामः गंगा कामती** बुवाको नाम : शिबजी कामेत पतिको नामः विकेश यादव ससुराको नाम : जितेन्द्र यादव ठेगानाः भद्रपुर न.पा वडा नं.७, झापा हालको ठेगाना : विराटनगर म.न.पा वडा नं. १२, मोरङ नागरिकता नं. ०४१०१५।५ जारी गर्ने कार्यालय : जि.प्र.का., झापा जारी मिति : २०६३/१०/०४

ऋणीको विवरण	जमानीकर्ताको विवरण
९) ऋणीको नाम : साफिक अहमद बाबुको नामः शेर महमद बाजेको नामः महमद हसन ठेगानाः विराटनगर-७, मोरङ हालको ठेगाना : विराटनगर-६, मोरङ नागरिकतानं.: ०५३०७२।२७१ जारी गर्ने कार्यालय : जि.प्र.का., मोरङ **कर्जा शिर्षक : लघुउधम व्यवसाय कर्जा (आवधिक)** **कर्जा लिएको शाखा कार्यालय : विराटनगर, मोरङ** **जमानीकर्ताको विवरण** **क) नाम : साहिल आलम** बाबुको नाम : साफिक आलम बाजेको नाम : शेर महमद ठेगानाः विराटनगर-६, मोरङ नागरिकतानं.: ०५-०१-७५-११७६५ जारी गर्ने कार्यालय : जि.प्र.का., मोरङ जारी मिति : २०७५/१२/२४	**ख) नामः असरफ अली** बाबुको नामः मोहमद हनिफ बाजेको नामः महमद सरिक ठेगानाः इटहरी -०४, सुनसरी हालको ठेगाना : विराटनगर -६, मोरङ नागरिकतानं. ०६३००५।२४९ जारी गर्ने कार्यालय : जि.प्र.का., सुनसरी जारी मिति : २०६३/११/२७ **ग) नामः महमद अफरोज आलम** बुवाको नाम : मो. वलिमिया बाजे को नामः महमद छेदि मिया ठेगानाः विराटनगर -७, मोरङ हालको ठेगाना : विराटनगर -६, मोरङ नागरिकता नं.३२७३३ जारी गर्ने कार्यालय : जि.प्र.का., मोरङ जारी मिति : २०५४/०४/१६

खेलाडीलाई वर्षभरि व्यस्त बनाउने क्यानको क्यालेन्डर



खेल तालिका सार्वजनिक गर्दै क्यानका पदाधिकारी । तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

सन् २०२४ मा नेपालले टी-२० विश्वकप र विश्वकप लिग-२ को सिरिज खेल्नेछ । नेपाल, नेदरल्यान्डस् र नामिबिया सम्मिलित सिरिज फेब्रुअरीमा नेपालमै हुनेछ ।

रमेश सुवेदी/नयाँ पत्रिका

नेपाल क्रिकेट संघ (क्यान)ले खेलाडीलाई वर्षभरि नै व्यस्त बनाउने योजनाका साथ वार्षिक क्यालेन्डर सार्वजनिक गरेको छ । कीर्तिपुरस्थित त्रिवि मैदानमा बिहीबार क्यानका सचिव तथा पूर्वकप्तान पारस खड्काले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल तालिका सार्वजनिक गरेका हुन् । वार्षिक क्यालेन्डरअनुसार सिनियर टोलीका पुरुष तथा महिला, पुरुष 'ए' तथा उमेर समूहका खेलाडीले विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्नेछन् । नेपालले विश्वकप क्रिकेट लिगदेखि क्यानडा, ओमान, अमेरिका, आयरल्यान्डसँग खेल्ने तालिका रहेको छ । सिनियर टोलीले एक वर्षभित्र तीनवटा आइसिसी विश्वकप लिग-२ का शृंखला र एसिसी पुरुष प्रिमियर कप खेल्नेछ । उमेर समूहमा यू-१९ टोलीले आइसिसी विश्वकपलगायत प्रतियोगितामा भाग लिनेछ ।

क्यानका सचिव खड्काले नेपालसँग कुनै देश खेल्न इच्छुक रहे क्यालेन्डरमा समावेश गर्न सकिने बताए । 'अहिले क्यालेन्डर सार्वजनिक गरेका छौं, यद्यपि यो अन्तिम भने होइन, कुनै देश शृंखला खेल्न इच्छुक रहे त्यसलाई क्यालेन्डरमा थप गर्नेछौं,' खड्काले भने, 'घरेलु प्रतियोगिता पनि थप हुनेछ ।' बहुचर्चित घरेलु प्रतियोगिता नेपाल टी-२० लिग भने आफैंले आयोजना गर्ने र त्यसको मिति बोर्ड बैठकबाट गर्ने खड्काले बताएका छन् । उनले क्यान आफैं प्रतियोगिता गर्न सक्षम रहेको बताउँदै पहिलो संस्करणको देखिएका विवादको राष्ट्रिय खेलकुद परिषद् (राखेप)सँग मिलेर समाधान गर्ने बताएका छन् । उनले टेस्ट राष्ट्रसँग पनि सल्लाह भइरहेको बताए ।

क्यानडासँग मात्रै सात खेल

क्यालेन्डरअनुसार यस वर्ष नेपालले क्यानडासँग सात अन्तर्राष्ट्रिय खेल खेल्नेछ । नेपालले आइसिसी विश्वकप लिग-२ मा दुई र अन्य शृंखलामा पाँच खेल गरी समग्रमा क्यानडासँग सात एकदिवसीय खेल खेल्न लागेको हो । नेपालले १० देखि १४ फेब्रुअरीसम्म घरेलु मैदानमा क्यानडासँग तीन खेलको एकदिवसीय शृंखला खेल्नेछ । सेप्टेम्बरमा क्यानडामा गएर आइसिसी विश्वकप लिग-२ मा भाग लिनेछ । यस लिगमा नेपाल, क्यानडा र ओमान हुनेछन् । त्यसपछि क्यानडा नै पुगेर दुई एकदिवसीय शृंखला खेल्ने कार्यक्रम रहेको खड्काले बताए । यस अवधिमा नेपालले क्यानडा र ओमानसँग त्रिकोणात्मक अन्तर्राष्ट्रिय टी-२० क्रिकेट खेल्नेछ । यसैबीच, नेपाल र क्यानडाको 'ए' टोलीबीच एकदिवसीय शृंखला हुनेछ ।

क्यान पदाधिकारी र भारतीय विदेशमन्त्रीबीच भेट

क्यानका पदाधिकारीले बिहीबार भारतीय विदेशमन्त्री डा. एस जयशंकर र भारतीय राजदूत नवीन श्रीवास्तवसँग भेट गरेका छन् । द्वारिका होटेलमा साँझ क्यानका चार पदाधिकारी तथा राष्ट्रिय टोलीका सिनियर चार खेलाडीको भारतीय विदेशमन्त्री जयशंकर र राजदूत श्रीवास्तवसँग वार्ता भएको क्यानका अध्यक्ष चतुरबहादुर चन्दले नयाँ पत्रिकालाई बताए । 'भारतीय विदेशमन्त्रीज्यूले हामीसँग छलफल गर्ने मनसाय बनाउनुभएको रहेछ, यसै क्रममा उहाँसँग भेट भएको हो,' चन्दले भने, 'करिब २५ मिनेटको छलफलमा नेपाली क्रिकेटको विकासका लागि भारतले गर्न सक्ने सहयोगबारे मौखिक प्रस्ताव राखेका छौं ।' त्रिवि क्रिकेट मैदानको अपग्रेड गर्नेदेखि भारतमा प्रशिक्षणको व्यवस्थाबारे पनि छलफल भएको उनले बताए । 'भारतको सहयोगमा त्रिवि क्रिकेट मैदानलाई टेस्ट राष्ट्रलाई खेलाउन मिल्ने गरी अपग्रेड गरौं भन्ने प्रस्ताव राखियो,' उनले भने, 'अफगानिस्तान, श्रीलंका र बंगलादेशलाई दिएको जस्तो सुविधा नेपालले पनि पाउनुपर्ने प्रस्ताव राखेका छौं ।' चन्दका अनुसार भारतका विदेशमन्त्री जयशंकरले नेपालले पछिल्लो समय अन्तर्राष्ट्रिय क्रिकेटमा निकालेको नतिजाबाट आफू खुसी भएको बताएका थिए ।

पिएम कप थप परिमार्जन हुने

प्रधानमन्त्री (पिएम) कप राष्ट्रिय क्रिकेट प्रतियोगिता थप परिमार्जन गरी व्यवस्थित बनाउने योजनामा क्यान रहेको छ । अर्कोपटक पिएम कप राउन्ड रोबिन पद्धतिअनुसार हुने खड्काको भनाइ छ । यस फर्म्याटअनुसार शीर्ष चार टोलीले श्री डे एलिट ट्रफी खेल्नेछन् । पुरुष पिएम कप मूलपानी, कीर्तिपुर र भैरहवाको सिद्धार्थ रंगशालामा हुँदै छ । यसमा सात प्रदेश र तीन विभागीय गरी १० टोली सहभागी हुनेछन् । 'अझै धेरै समय प्रतियोगिता गराउने उद्देश्य राखेका थियौं, तर अन्तर्राष्ट्रिय तालिका धेरै भएकाले शीर्ष चार टोलीबीच श्री डे एलिट गराउने योजना बनाएका हौं,' उनले भने, 'यसले गर्दा शीर्ष चार टोलीले थप अवसर पाउनेछन् ।'

मन्त्रीनिवासलाई खेलाडी आवास बनाउन राखेपको प्रस्ताव

नयाँ पत्रिका

राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले पुल्चोकस्थित मन्त्रीनिवासलाई खेलाडी आवासका लागि प्रयोग गर्न दिने गरी प्रस्ताव गर्ने निर्णय गरेको छ । राखेप कार्यकारी समितिका संयोजक तथा सदस्यसचिव टंकलाल घिसिङको अध्यक्षतामा बिहीबार बसेको बैठकले सो निर्णय गरेको हो । 'खेलाडीको प्रशिक्षणलाई अझ प्रभावकारी बनाउने उद्देश्यसहित हाल पुल्चोकको हरिहरभवनस्थित मन्त्रीनिवास ललितपुरको भैंसेपाटीमा निर्मित भवनमा स्थानान्तरणपश्चात् खेलाडी आवासका रूपमा रूपान्तरण गर्ने गरी प्रस्ताव गर्ने निर्णय गरिएको हो,' सदस्यसचिव घिसिङले भने ।

विगतमा नेपालमा भएका अन्तर्राष्ट्रिय तथा नेपालले सहभागिता जनाउने विभिन्न प्रतियोगितामा सहभागी हुने खेलाडीलाई बन्द प्रशिक्षणका दौरान होटेल तथा बसोवास खर्चबापत राज्यले ठूलो धनराशि खर्च गर्नुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य गर्न यो निर्णय गरेको उनले बताए । 'अन्तर्राष्ट्रिय प्रतियोगिताको तयारी प्रशिक्षणका लागि

> पुल्चोकको मन्त्रीनिवासलाई खेलाडी आवासमा विकास गरे बन्द प्रशिक्षणका वेला खेलाडीलाई होटेलमा राख्नुपर्ने अवस्थाको अन्त्य हुनेछ

विगतमा राज्यको ठूलो धनराशि खर्च हुने गरेको थियो, खेलाडीलाई कम खर्चमा गुणस्तरीय प्रशिक्षण सञ्चालन गर्दै राम्रो नतिजा हासिल गर्न पनि सहयोग पुने भएको हुँदा मन्त्रीनिवासलाई खेलाडी आवासमा विकास गर्न प्रस्ताव गरेका हौं,' सदस्यसचिव घिसिङले भने ।

उनले १९औं एसियन खेलकुद प्रतियोगितामा सहभागी हुनुअघि सात महिना खेलाडीलाई प्रशिक्षणका लागि १२ करोड ३८ लाख रुपैयाँ खर्च भएको प्रसंग उठाएका छन् । '१३औं दक्षिण एसियाली खेलकुदको तयारीका लागि सात महिनाकै अवधिमा ४३ करोड खर्च भएको थियो, यो राज्यलाई ठूलै भार हो, हामी यसलाई कम गर्न सक्छौं,' उनले भने, 'त्यसैले हालको मन्त्रीनिवासलाई खेलाडी आवासका रूपमा विकास गरे राज्य, खेलाडी र समग्र खेल क्षेत्रलाई फाइदा हुन्छ ।' विभिन्न खेलका खेलाडीको बन्द प्रशिक्षणका वेला खेलाडीलाई एउटै होटेलमा राख्न नसक्ने अवस्थाको अन्त्य हुने बताउँदै सदस्यसचिव घिसिङले खेलाडी तथा प्रशिक्षकलाई समानस्तरको बसोवास तथा खानपानको व्यवस्थासहित आवासको व्यवस्था गर्न सके नतिजा पनि राम्रो आउने बताए ।

कास्की विजयी

कास्की/ कास्की जिल्लाले गण्डकी प्रदेश पिएम कप पुरुष एकदिवसीय क्रिकेट छनोट प्रतियोगितामा बाग्लुङलाई १५३ रनको फराकिलो अन्तरले हराएको छ । पोखरा रंगशालास्थित क्रिकेट मैदानमा बिहीबार टस जितेर ब्याटिङ गरेको कास्कीले ४६ ओभरमा नौ विकेटको क्षतिमा २६७ रनको विशाल योगफल तयार गरेको थियो । बाग्लुङ २४.१ ओभरमा अलआउट हुँदै ११५ रनमै समेटियो । बाग्लुङका रविन कार्कीले सर्वाधिक १५ रन जोड्न २१ बलमा दुई चौका र एक छक्का प्रहार गरेका थिए ।

यसअघि कास्कीको ब्याटिङमा दुई खेलाडीले अर्धशतकीय इनिङ्स खेलेका थिए । मुस्कान थापाले ८९ बलमा १० चौकाको सहयोगमा सर्वाधिक ७४ रन जोडे । कप्तान विपिन खत्रीले ३६ बलमा सात चौका र दुई छक्कासहित ५० रन बटुले । ओपनर रोहित चन्दले १९ बलमा चार चौका र एक छक्कासहित २९ रन जोडे । आदित्य थापा २१ रनमा अविजित रहे । कास्कीका कृष्ण पौडेलले सात ओभरमा एक मेडनसहित ३३ रन खर्चेर तीन विकेट लिए ।

standard chartered

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडका

ऋणीलाई कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८०/०९/२०, नयाँ पत्रिका)

यस बैंकबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरूले प्राप्त गर्नुभएको व्यक्तिगत कर्जा,क्रेडिट कार्ड कर्जा तथा बैंकिङ सुविधा बापत यस बैंकसँग गर्नु भएको सम्झौताको शर्त बमोजिम समय समयमा यस बैंकलाई किस्ताबन्दी रूपमा तिर्नु बुझाउनु पर्ने कर्जाको साँवा र सोको ब्याज रकम नबुझाउनु भएको तथा सो कर्जाको साँवा तथा ब्याज रकम यस बैंकलाई तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित रूपमा तरताकेता गर्दा समेत बेवास्ता गरि तिर्नु बुझाउनु पर्ने रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले तपाईंहरूले यस बैंकबाट प्राप्त गर्नु भएको सम्पुर्ण कर्जाको साँवा र ब्याज रकम चुक्ता भुक्तान गर्न आउनु भनी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत : यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको बानेश्वर, काठमाण्डौ स्थित मुख्य कार्यालयको ऋण असुली विभागमा सम्पर्क राखी सो ऋणकर्जाको सम्पूर्ण साँवा तथा सोमा बैंकको नियमानुसार लाग्ने ब्याज, जरिवाना, शुल्क आदि समेत चुक्ता फछ्यौंट गर्न गराउन हुन सुचित गरिन्छ । अन्यथा, प्रचलित कानुन बमोजिम तपाँईहरूबाट कर्जा असुलीको लागि आवश्यक कानुनी कारबाही अगाडि बढाउनुका साथै तपाँईहरूको तीन पुस्ते सहितको नाम कर्जा सूचना केन्द्रको कालोसूचीमा राख्न आवश्यक प्रकृया अगाडि बढाईने जानकारी गराउँदछौं ।

तपसिल

सि.नं.	ऋणीको नाम, थर र वतन	कर्जाको प्रकार/ धितोको विवरण
१.	**ऋणी** : श्री जयन्ती प्रसाद मुडभरीको नातीनी, श्री महेश प्रसाद मुडभरीको छोरी, श्री राम कृष्ण सापकोटाको बुहारी, श्री अमित सापकोटाको श्रीमती काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं.३५, नरेफाँट स्थायी ठेगाना भई हाल ऐ.ऐ.बस्ने वर्ष ४० की **श्रीमती ज्योत्सना मुडभरी** (ना.प्र.नं. ५६४, जारी मिति २०५८/०४/१०, जि.प्र.का. काठमाण्डौ)	व्यक्तिगत कर्जा
२.	**ऋणी** : श्री पुन सिंह महर्जनको नातीनी, श्री हरी लाल महर्जनको छोरी काठमाण्डौ जिल्ला, किर्तीपुर न.पा. वडा नं. ६, स्थायी ठेगाना भई हाल ऐ.ऐ.बस्ने वर्ष ४८ की **श्री रितु महर्जन (श्रेष्ठ)** (ना.प्र.नं. ७४९४, जारी मिति २०५६/०९/१९, जि.प्र.का. काठमाण्डौ)	व्यक्तिगत कर्जा
३.	**ऋणी** : श्री बुद्धीमान श्रेष्ठको नातीनी, श्री राम बहादुर श्रेष्ठको छोरी, श्री जुक्त बहादुर श्रेष्ठको बुहारी, श्री शिवलाल श्रेष्ठको श्रीमती तनहुँ जिल्ला, भानुमती वडा नं.७, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २७,सामाखुशी बस्ने वर्ष ४९ की **श्रीमती कमला श्रेष्ठ** (ना.प्र.नं. ४३३०४१/१५६, जारी मिति २०७०/०२/१८,जि.प्र.का.तनहुँ)	व्यक्तिगत कर्जा
४.	**ऋणी** : श्री तुलाराम मुखियाको नातीनी, श्री देव प्रकाश मुखियाको छोरी, श्री छत्र कुमार लिम्बुको बुहारी, श्री सुरज लिम्बुको श्रीमती ललितपुर जिल्ला, ल.म.न.पा.वडा नं.१३, कुसुन्ती स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ४८ की **श्रीमती दिपिका मुखीया लिम्बु** (ना.प्र.नं. २८–०१–०६९–०५६९७, जारी मिति २०६९/१०/१५, जि.प्र.का.ललितपुर)	व्यक्तिगत कर्जा
५.	**ऋणी** : श्री भिमहरी पौडेलको नातीनी, श्री भुपुहरी पौडेलको छोरी, श्री उपेन्द्रहरी अधिकारीको बुहारी, श्री सन्तोष अधिकारीको श्रीमती ओखलढुङ्गा जिल्ला, टारकेराबारी वडा नं.१, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, काँडाघारी वडा नं. ८, बस्ने वर्ष ३२ की **श्रीमती निर्जला पौडेल अधिकारी** (ना.प्र.नं. १३–०१–७१–०३२३०, जारी मिति २०७१/१०/१४, जि.प्र.का. ओखलढुङ्गा)	व्यक्तिगत कर्जा
६.	**ऋणी** : श्री टेक बहादुर थापाको नातीनी, श्री मदन बहादुर दर्लामी थापाको छोरी मोरङ जिल्ला, दर्वेशा वडा नं. १,स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २९,मैतीदेवी बस्ने वर्ष ५४ की **श्री दमन्ती कुमारी थापा** (ना.प्र.नं. ६१९०/२६, जारी मिति २०४६/०२/३१, जि.प्र.का. मोरङ)	व्यक्तिगत कर्जा
७.	**ऋणी** : श्री मोतीलाल श्रेष्ठको नातीनी, श्री हेमलाल श्रेष्ठको छोरी, श्री भिमसेन श्रेष्ठको बुहारी, श्री प्रेम बहादुर श्रेष्ठको श्रीमती, काभ्रेपलाञ्चोक जिल्ला, कानपुर वडा नं. ९, स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, ल.पु.म.न.पा. वडा नं. २०, बस्ने वर्ष ४० की **श्रीमती सन्तोषी श्रेष्ठ** (ना.प्र.नं. ३०३०१०/२५३, जारी मिति २०६३/११/१५, जि.प्र.का. काभ्रेपलाञ्चोक)	व्यक्तिगत कर्जा
८.	**ऋणी** : श्री काजी लाल खड्गीको नातीनी, श्री पुर्ण बहादुर खड्गीको छोरी, श्री राजेश कपालीको श्रीमती, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ३०, स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ५२ की **श्रीमती अनिता खड्गी कपाली** (ना.प्र.नं. २७१०६०/१३०३४६, जारी मिति २०७३/०३/०९, जि.प्र.का. काठमाडौं)	व्यक्तिगत कर्जा
९.	**ऋणी** : श्री मोहम्मद रफिकको नातीनी, श्री अन्वर आलमको छोरी, श्री मोहम्मद बसिमको श्रीमती, नुवाकोट जिल्ला, विदुर न.पा. वडा नं. १०, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २६, गल्कोपाखा बस्ने वर्ष ४१ की **श्री अकिला वानु** (ना.प्र.नं. ९३६१८, जारी मिति २०६१/०२/१५, जि.प्र.का. नुवाकोट)	व्यक्तिगत कर्जा
१०.	**ऋणी** : श्री शेर बहादुर मादेनको नातीनी, श्री बुद्धीराज लिम्बु मादेनको छोरी, श्री संजय कुमार साह हल्वाईको श्रीमती मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ९, मेनरोड स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ३७ की **श्रीमती स्मृती साह हल्वाई** (ना.प्र.नं. ९३६१८, जारी मिति २०६१/०२/१५, जि.प्र.का. नुवाकोट)	व्यक्तिगत कर्जा
११.	**ऋणी** : श्री गुल्टेन दासको नातीनी, श्री बदामी दासको छोरी, श्री अजय कुमार दासको श्रीमती, सर्लाही जिल्ला, बरथहवा वडा नं.८, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १०, बुद्धनगर बस्ने वर्ष ३५ की श्रीमती **सुरेखा कुमारी दास** (ना.प्र.नं. १९३०७९/२१३३, जारी मिति २०६३/१२/१८, जि.प्र.का. सर्लाही)	व्यक्तिगत कर्जा
१२.	**ऋणी** : श्री घसिते हल्वाईको नातीनी, श्री अब्दुल अजिज हल्वाईको छोरी, श्री इम्तियाज अहमद हल्वाईको श्रीमती, बाँके जिल्ला, नेपालगञ्ज वडा नं.२, गणेशपुर स्थायी ठेगाना भई हाल ऐ.ऐ.बस्ने वर्ष २९ की **श्रीमती साकीरा खातुन हल्वाई** (ना.प्र.नं. ६६–०१–७७–०८६३२, जारी मिति २०७७/१२/२६, जि.प्र.का. बाँके)	व्यक्तिगत कर्जा
१३.	**ऋणी** : श्री हनुमान साह कल्वारको नातीनी, श्री श्याम सुन्दर चौधरीको छोरी, श्री नितेश जैश्वालको श्रीमती, रौतहट जिल्ला, गौर न.पा. वडा नं.२ महादेवपट्टी स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, विरगंज म.न.पा.वडा नं.९, घण्टाघर बस्ने वर्ष २३ की **श्रीमती गुडी कुमारी** (ना.प्र.नं. ३२–०१–७५–०२६६५, जारी मिति २०७५/०३/२५, जि.प्र.का. रौतहट)	व्यक्तिगत कर्जा
१४.	**ऋणी** : श्री शोबिअ चौधरीको नातीनी, श्री ठग चौधरीको छोरी, श्री जित नारायण चौधरीको श्रीमती, बारा जिल्ला, कोल्हवी वडा नं.१, स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा.वडा नं.३१, शान्तीनगर बस्ने वर्ष ४० की **श्रीमती कान्ती चौधरी** (ना.प्र.नं. २४७२/१८९२, जारी मिति २०६२/०८/०१, जि.प्र.का. बारा)	व्यक्तिगत कर्जा
१५.	**ऋणी** : श्री नसिंह राणा को छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा.वडा नं. ०२ लाजिम्पाट, स्थायी ठेगाना भई हाल ऐ.ऐ., बस्ने वर्ष ६९ को **श्री पुकार नसिंह राणा** (ना.प्र.नं.४७११, जारी मिति २०३१।११।२५, जि.प्र.का. काठमाण्डौ)	क्रेडिटकार्ड कर्जा
१६.	**ऋणी** : श्री रामेश्वर श्रेष्ठ को छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं १६ चन्द्रागिरी, स्थायी ठेगाना भई हाल ऐ.ऐ., बस्ने वर्ष ३७ को **श्री राजेश्वर श्रेष्ठ** (पासपोर्ट नं.०९४७८५१५, जारी मिति २०७२।०९।२६, जि.प्र.का. काठमाण्डौ)	क्रेडिटकार्ड कर्जा

खेल संक्षेप

भलिबल उपाधि षडानन्दलाई

संखुवासभा/ अन्तरपालिकास्तरीय पुरुष भलिबल प्रतियोगिताको उपाधि षडानन्द नगरपालिका भोजपुरले जितेको छ । बिहीबार भएको फाइनलमा षडानन्द नगरपालिकाले सभापोखरी गाउँपलिकालाई बेस्ट थ्रीका आधारमा पराजित गरेको हो । तेम्रो स्थानका लागि भएको खेलमा आयोजक मकालु गाउँपालिकाले खाँदबारी नगरपालिकालाई सोझो सेटमा हराएको छ । १६ पुसदेखि भएको प्रतियोगिताका विजेताले एक लाख ६० हजार र उपविजेताले ९४ हजार रुपैयाँ पाएका छन् । तेम्रोले ४४ हजार र चौथो भएको टोलीले २२ हजार रुपैयाँ प्राप्त गरे । खेलाडीलाई सांसद दीपक खड्काले पुरस्कृत गरे । कार्यक्रममा मकालु गाउँपालिका क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्नेलाई ७३ संघसंस्था र व्यक्तिलाई सम्मान गरिएको थियो ।

पालिकास्तरीय जुडो शनिबार

काठमाडौं/ महालक्ष्मी नगरपालिका वडा नं. ७ को आयोजनामा पालिकास्तरीय प्रथम वडाध्यक्ष कप उपत्यकाव्यापी जुनियर तथा क्याडेट जुडो प्रतियोगिता शनिबार हुने भएको छ । प्रतियोगितामा उपत्यकाका नौ पालिकाबाट एक सय ३० खेलाडीको सहभागिता रहने आयोजक वडा नं. ७ का अध्यक्ष बाबुराजा महर्जनले जनाएका छन् । ललितपुर र काठमाडौं महानगरपालिका तथा महालक्ष्मी, कीर्तिपुर, नागार्जुन, टोखा, कागेश्वरी मनोहरा, सूर्यविनायक र मध्यपुर थिमि नगरपालिको सहभागिता रहनेछ । पुरुष/महिलामा समान नौ गरी १८ स्पर्धामा प्रतिस्पर्धा हुनेछ । एकदिने प्रतियोगिताका खेल वडा नं. ७ स्थित हाम्रो पाठशालामा खेलाइनेछ ।


नेपाली टोली घोषणा

काठमाडौं/ आइसिसी पुरुष यू-१९ विश्वकप क्रिकेटका लागि नेपाली टोली घोषणा भएको छ । नेपाल क्रिकेट संघ (क्यान)ले बिहीबार दक्षिण अफ्रिकामा हुने यू-१९ विश्वकपका लागि देव खनालको कप्तानीमा १५ सदस्यीय टोली घोषणा गरेको हो । यू-१९ विश्वकप १९ जनावरीदेखि ११ फेब्रुअरीसम्म दक्षिण अफ्रिकामा हुँदै छ । नेपाली टोलीमा अर्जुन कुमाल, आकाश त्रिपाठी, दीपकप्रसाद डुम्रे, दुर्गेश गुप्ता, गुल्सनकुमार झा, दीपेशप्रसाद कँडेल, विशालविक्रम केसी, सुभाष भण्डारी, दीपक बोहरा, दीपक बोहरा, उत्तमरंगु थापा, विपिन रावल, तिलकराज भण्डारी र आकाश चन्द रहेका छन् ।

टेस्ट इतिहासमै छिटो नतिजा

भारत र दक्षिण अफ्रिकाबीचको दोस्रो टेस्टमा ६ सय ४२ बलमा नतिजा

एजेन्सी



भारत र दक्षिण अफ्रिकाबीचको दोस्रो टेस्ट इतिहासमै छिटो सकिएको छ । केपटाउनमा भारतले दोस्रो दिनको दोस्रो सेसनमा दक्षिण अफ्रिकालाई सात विकेटले हराएको छ । जितसँगै भारतले सिरिज १-१ को बराबरी गरेको छ । यो टेस्टको नतिजा समग्रमा ६ सय ४२ बल खेल्दा निस्किएको थियो । यसअघि सन् १९३२ मा मेलबर्न मैदानमा अस्ट्रेलिया र दक्षिण अफ्रिकाबीचको खेल ६ सय ५६ बलमा सकिएको थियो । सन् १९३५ मा इंग्ल्यान्ड र वेस्टइन्डिजबीचको खेलको नतिजा ६ सय ७२ बल खेल्दा आएको थियो ।

सन् १८७७ मा टेस्ट खेल सुरु भएको थियो । अहिलेसम्म दुई हजार पाँच सय २२ टेस्ट भएका छन् । जसमध्ये २५ टेस्ट मात्र दुई दिनमा सकिएका छन् । भारतले चौथो इनिङ्समा जितका लागि ७९ रनको सामान्य लक्ष्य पाएको थियो । भारतले १२ ओभरमा ३ विकेट गुमाउँदै लक्ष्य पूरा गऱ्यो । भारतका लागि यशस्वी जैसवालले २३ बलमा ६ चौकाको सहयोगमा सर्वाधिक २८ रन बनाए । दक्षिण अफ्रिकाका मार्को जान्सन, नान्द्रे बर्गर र कागिसो रबडाले समान एक विकेट लिए ।

यसअघि पहिलो इनिङ्समा दक्षिण अफ्रिका ५५ रनमै अलआउट भएको थियो । भारत पहिलो इनिङ्समा १५३ रनमा समेटिएको थियो । दक्षिण अफ्रिका दोस्रो इनिङमा १७६ रनमा अलआउट भएको थियो । दक्षिण अफ्रिकाले दोस्रो इनिङ्समा ७८ रनको अग्रता लिएको थियो ।

दक्षिण अफ्रिकाका ओपनर एडेन मारक्रमले १०३ बलमा १७ चौका र २ छक्काको सहयोगमा १०६ रनको योगदान दिए । भारतका जसप्रीत बुमराहले ६ विकेट लिए । पहिलो इनिङ्समा भारतका लागि विराट कोहलीले ५९ बलमा ६ चौका र १ छक्काको सहयोगमा सर्वाधिक ४६ रन बनाएका थिए । भारतका मोहम्मद सिराजले ६ विकेट लिए । पहिलो दिनमा समग्रमा २३ विकेट पतन भयो ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com